नेपाल सरकार
राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौं
२०७९

राष्ट्रिय किसान आयोगको छैठौं वार्षिक प्रतिवेदन (आ. व. २०७८/७९)

# राष्ट्रिय किसान आयोग

## छैठौं वार्षिक प्रतिवेदन

## (आ. व. २०७८/७९)



नेपाल सरकार
राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौं
२०७९

# राष्ट्रिय किसान आयोग

## छैठौं वार्षिक प्रतिवेदन

## (आ. व. २०७८/७९)

नेपाल सरकार
राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौं
२०७९

# आयोगका पदाधिकारीहरू

## अध्यक्ष

डा. प्रेम प्रसाद दंगाल

## सदस्यहरू

सूर्य प्रसाद खनाल

मन्जु धिमाल

जीवन्ती पौडेल

टेक बहादुर बोगटी

पुष्पा भुसाल (कृषि विज्ञ)

दुर्गा प्रसाद पण्डित (नि. सदस्य सचिव)

प्रकाशक : राष्ट्रिय किसान आयोग
प्रकाशन मिति : २०७९ भाद्र
प्रकाशन प्रति : ५५० प्रति
मुद्रण : दीप किरण प्रिन्टिङ्ग एण्ड ट्रेडर्स
सर्बाधिकार : राष्ट्रिय किसान आयोग, कीर्तिपुर, काठमाडौं

**सम्पर्क ठेगानाः**

कीर्तिपुर, काठमाडौं
फोन नं.: ०१-५९०६१८२, ५९०६१७६, ५९०६१८०
इमेलः nfcnepal2017@gmail.com
वेवसाइटः www.nfc.gov.np

**संयोजन लेखन**

आयोगको पूर्व-स्वीकृति बिना यस प्रतिवेदनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी संग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# मन्तव्य

कृषि क्षेत्रमा संलग्न ६०.४ प्रतिशत जनसंख्या रहेको हाम्रो देशमा यस क्षेत्रले कुल ग्राहस्थ उत्पादनमा २५.८५ प्रतिशत योगदान गरेको छ। उत्पादनमा विविधिकरण, व्यवसायिकीकरण तथा यान्त्रिकीकरण मार्फत समग्र कृषि क्षेत्रको रुपान्तरण गर्दै कृषि वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषकको चाहना र आवश्यकता अनुसार वातावरणमैत्री कृषि प्रविधि अवलम्बन गरी दीगो कृषि विकासको साथै खाद्य सुरक्षाको प्रत्याभूति हुने कार्यक्रम संचालन गर्न अपरिहार्य छ। नेपालको संविधान २०७२ ले खाद्य सम्वन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरे पश्चात आवधिक योजनाहरु र वार्षिक नीति तथा कार्यक्रमहरुमा खाद्य सुरक्षा सुनिश्चितता, गरिवी न्यूनीकरण जलवायुमैत्री खेती प्रविधि अवलम्वनबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्ने गरी योजना तथा कार्यक्रम तर्जुमा गरेको पाइन्छ।

कृषि विकास रणनीति (सन् २०१५-२०३५) ले परिलक्षित गरे अनुसार उद्देश्य हासिल गर्न, किसानको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्न एवं कृषि सम्वन्धी नीति ऐन, कानुन तथा योजना तर्जुमा गरी कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाउन नेपाल सरकारबाट मिति २०७३/१०/०६ मा जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन भएको हो।

भूमिहीन दलित र भूमिहीन गरिब किसानले जमिन पाउने संवैधानिक हक कार्यान्वयनका लागि भूमिहीन गरिब किसानलाई जमिन प्रदान गर्ने, संघीय, प्रदेश तथा स्थानीय तीनैतहका सरकारहरुले आफ्ना कुल बजेटको निश्चित प्रतिशत कृषि क्षेत्रका लागि विनियोजन गर्ने, किसानको पहिचान, वर्गिकरण र सूचीकरण गरी किसान परिचयपत्र वितरण गर्ने र त्यसका आधारमा सबै तहका सरकारहरुले प्रवाह गर्ने सेवा, सुविधा र छुटहरु किसानले पाउने व्यवस्था गर्ने, देशका अनुसन्धान केन्द्रहरुलाई श्रोत साधन सम्पन्न बनाई अनुसन्धानको दायरा फराकिलो बनाउने, प्रदेशस्तरमा कृषि अध्ययन तथा अनुसन्धान केन्द्रहरुको विकास गर्ने, कृषि विश्वविद्यालय तथा कलेजहरुलाई अनुसन्धानमा केन्द्रित बनाउने, कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई एकिकृत रुपमा संचालन गर्ने, स्थानीय बीउ बिजन तथा नश्लहरुको संरक्षण तथा उन्नत जातका बीउ बिजन तथा नश्लको स्वदेशमा उत्पादन र सहज वितरणको व्यवस्था गर्दै बीउमा भइरहेको परनिर्भरता घटाउदै आत्मनिर्भर बनाउने, कृषि उत्पादनको समर्थन मूल्य निर्धारण गरी किसानलाई उत्पादनको उचित मूल्य दिने, स्थानीय, प्रदेश र संघीय सरकारले आ-आफ्नो तहमा कृषि बजारको व्यवस्थापन गर्ने तथा कृषि उत्पादन संकलन र चिस्यान केन्द्रहरुको स्थापना गर्ने, कृषि सहकारी मार्फत कृषि उत्पादनको सामुहिकीकरण र सहकारीकरण गर्ने, पालिका मार्फत वडा तथा गाँउ तहमा उत्पादनमा संलग्न किसानहरुको उत्पादन बिशेष समूह निर्माण गर्ने, उक्त समुहहरुलाई सहकारीमा आवद्ध गर्ने, सहकारीको मुख्य काम कृषि उत्पादन, बजारीकरण, प्रशोधन र भण्डारणको व्यवस्था मिलाउने, उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्ने, किसानलाई योगदानमा आधारित निवृतिभरणको

व्यवस्था गर्ने, गरिबीको रेखामुनी रहेका साना किसानहरुमा वित्तीय पहुँचको सुनिश्चितता गर्ने, किसानलाई सहुलियतदरको कृषि कर्जा स्थानीयस्तरबाटै सहज र सरल रुपमा किसानले प्राप्त गर्ने व्यवस्था गर्ने, कृषिमा राज्यको लगानी वृद्धि गर्ने, नीजि क्षेत्रलाई कृषिमा लगानी गर्न प्रोत्साहन गर्ने, परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण गर्दै व्यवसायीकरण गर्ने, कृषिलाई व्यवसायीकरण र आधुनिकीकरण गर्नका लागि यस सम्बन्धी आधुनिक ज्ञान, सीप र प्रविधिहरुको बारेमा किसानहरुलाई आवश्यक जानकारी सहज रुपमा प्राप्त गर्ने व्यवस्था गर्ने, कृषि औजार, उपकरण, मेशिन, पम्पिङसेट, ट्र्याक्टर, थ्रेसर लगायतको खरिदमा किसानलाई अनुदानको व्यवस्था गर्ने, किसान मैत्री एकिकृत कृषि कानून निर्माण गर्ने, भूमिको वर्गिकरण गरी कृषियोग्य भूमिको खण्डीकरण रोक्ने, निशुल्क कृषि तथा पशुधन बीमा कार्यक्रम प्रभावकारी रूपमा लागु गर्ने जस्ता विषयहरुलाई सम्बोधन गर्नुपर्ने अवस्था रहेको छ।

राष्ट्रिय किसान आयोगले आफ्ना कार्यक्रमहरुमा किसान हक, हित, संरक्षण एवं प्रवर्द्धनको लागि नीति, ऐन, कानून तथा योजना तर्जुमा गर्न सरोकारवाला निकायहरु, सम्बन्धित क्षेत्रका विज्ञहरु, किसान संघ/संगठन/संजालका प्रतिनिधीहरुको सहभागितामा अन्तरकृया तथा छलफल गराई नीति, ऐन, कानून तथा योजना तर्जुमा गर्ने कार्य गर्दै आएको छ। त्यसै गरी कृषकहरुलाई समय-समयमा आइ परेका समस्याहरु जस्तै बालीमा बाला नलाग्ने, विभिन्न बाली वस्तुको बजारीकरणको अभाव, बालीमा रोग किराको समस्या तथा मौसमी प्रकोप र सरकारद्धारा तोकिएको बालीको न्यूनतम समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन हुन नसक्ने अवस्था आदिमा किसान आयोगको प्रत्यक्ष सहभागितामा समस्या समाधानार्थ अग्रसरता लिइएको छ।

आर्थिक वर्ष २०७८/०७९ मा राष्ट्रिय किसान आयोगबाट सम्पन्न गरिएका कार्यक्रमहरुको प्रगतिका साथै कृषिमा विद्यमान समस्याहरुबारे सरोकारवाला निकाय र विज्ञहरुबाट प्राप्त सुझावहरुलाई समावेश गरेर यो वार्षिक प्रगति प्रतिवेदन सहितको पुस्तिका प्रकाशन गरिएको छ। यस पुस्तिकाले स्थानीय तह, प्रदेश एवं संघीय सरकारका नीति निर्माता, कृषि प्राविधिक, कृषक समूह/सहकारी/संघ/संगठन/संजाल सबैलाई अवश्य नै सहयोग गर्नेछ भन्ने विश्वास लिएको छु। यस पुस्तिकालाई आगामी दिनमा थप उपयोगी बनाउन पाठक वर्गबाट रचनात्मक सुझावको अपेक्षा गर्दछु।

अन्तमा यस प्रतिवेदन तयारीको क्रममा सहयोग गर्नु हुने राष्ट्रिय किसान आयोगका सदस्यहरु, सदस्य सचिव लगायत सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद दिन चाहन्छु।

डा.प्रेम प्रसाद दंगाल
अध्यक्ष
राष्ट्रिय किसान आयोग

# भनाइ

करिब ६०.५ प्रतिशत जनसंख्याको जीविकोपार्जनको मूल आधार रहेको कृषि क्षेत्रमा कुल ग्राहस्थ उत्पादनमा २५.८५ प्रतिशत योगदान रहेको छ। नेपालको विभिन्न नीति आवधिक योजना र वार्षिक कार्यक्रमहरुमा कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिदै आएको भएता पनि अपेक्षाकृत रुपमा विकास हुन सकेको छैन।

कृषि क्षेत्रको विकासबाट किसानहरुको हक अधिकार सुनिश्चिताका लागि राष्ट्रिय किसान आयोगले अभिभावकत्वको भूमिका खेल्दै आएको छ। किसानहरुको हक हितलाई प्रवर्द्धन गर्ने किसान कल्याणकारी योजना तर्जुमा; विद्यमान नीति, ऐन नियममा किसान अधिकारमा रहेको नीतिगत भिन्नता अध्ययन गर्ने; किसान अधिकारको अनुगमन सुपरिवेक्षण; विभिन्न बाली वस्तुहरुको किसानले उचित मुल्य पाउने उपायहरुको पहिचान; किसान संघ/ संगठन एवं संजालको क्षमता अभिबृद्धि; सरकारी तथा गैर सरकारी र निजी क्षेत्रबाट संचालित नीति तथा कार्यक्रम र आयोजनाहरुको अनुगमन निरीक्षण गर्ने जस्ता कार्यहरु राष्ट्रिय किसान आयोगले गर्दै आएको छ।

राष्ट्रिय किसान आयोगबाट आर्थिक वर्ष २०७८/७९ मा किसान हक अधिकारको संरक्षण गर्न संचालित विभिन्न कार्यक्रमहरुमा विनियोजित बजेट र खर्चको स्थिति; मुख्य-मुख्य कार्यक्रमको उपलब्धीहरु; विभिन्न नगदे बाली उत्पादन गर्ने कृषक र उद्यमीहरुका समस्या; विभिन्न विषयमा गरिएको अध्ययन प्रतिवेदन; नीतिगत विषयमा विषय विज्ञ र सरोकारवाला निकायबाट प्राप्त सुझावहरु; अनुगमन एवं अवलोकन भ्रमणबाट प्राप्त सुझावहरु आदिलाई समावेश गरेर यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको हो। यो पुस्तिका कृषि क्षेत्रमा संलग्न नीति निर्माता, कृषि प्राविधिक, स्थानीय तह, प्रदेश एवं संघीय सरकार सबैलाई उपयोगी हुनेछ।

वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिनु हुने राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यू, कृषि विज्ञ सदस्य श्री पुष्पा भुसालज्यू र सम्पूर्ण आयोगका सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद दिन्छु। त्यसै गरी यस पुस्तिकालाई तयार गर्ने क्रममा सहयोग गर्नु हुने कृषि प्रसार अधिकृत शोभा ढकाल लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन्छु। विषय वस्तु समावेश गर्ने क्रममा केही त्रुटी एवं कमजोरी भएमा अमूल्य सुझाव र सल्लाहको अपेक्षा राख्दै आगामी दिनमा यस पुस्तिकालाई थप परिष्कृत गर्दै लगिने प्रतिवद्धता गर्दछु।

दुर्गा प्रसाद पण्डित
नि. सदस्य सचिव
राष्ट्रिय किसान आयोग

# विषय–सूची


| विषय | पेज नं. |
|---|---|
| खण्ड क | |
| १. राष्ट्रिय किसान आयोगको संक्षिप्त परिचय | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ आयोगको दूरदृष्टि, लक्ष्य र ध्येय | १ |
| १.३ आयोगको मूल्य मान्यताहरू | २ |
| १.४ आयोगको गठन र कार्यक्षेत्र | २ |
| १.५ आयोगको काम, कर्तव्य र अधिकार | २ |
| १.६ आयोगको सचिवालय र जिम्मेवारी | ४ |
| १.७ आयोगका पदाधिकारी तथा कर्मचारी दरबन्दी विवरण | ४ |
| १.८ आयोगका समस्या तथा चुनौतीहरू | ६ |
| खण्ड ख | |
| २. नेपालमा किसान अधिकार सम्बन्धी व्यवस्थाहरू | ७ |
| २.१ नेपालको संविधान, २०७२ मा कृषि र किसान सम्बन्धी अधिकारहरू | ७ |
| २.२ पेशागत रूपमा किसानका विशेष अधिकारहरू | ८ |
| खण्ड ग | |
| ३. आ.व २०७८/७९मा संचालित कार्यक्रमको प्रगति विवरण | १३ |
| ३.१ आ.व. २०७८/७९ को भारित र वित्तीय प्रगतिको अवस्था | १३ |
| ३.२ आ.व २०७८/७९ मा सम्पन्न भएका मुख्य मुख्य कार्यहरू | १४ |
| खण्ड घ | |
| ४. आ.व २०७८/७९ मा सम्पन्न भएका कार्यक्रम र तिनका उपलब्धीहरू | १७ |
| ४.१ सरोकारवाला निकायहरू (किसान संघ/ संगठन, पेशागत संगठन) सँग अन्तरक्रिया कार्यक्रम | १७ |
| ४.२ रोष्टरमा सूचिकृत विज्ञहरूसँग छलफलका प्रतिवेदनहरू | २९ |
| ४.३ राष्ट्रिय किसान आयोगबाट गरिएका अध्ययनहरूको सारांश | ३६ |

| | |
|---|---|
| ४.४ उत्पादक कृषक तथा कृषि उद्यमीहरूका समस्या पहिचान | ५१ |
| ४.५ प्रदेशस्तर किसान संघ/संगठन तथा संस्थाहरूको क्षमता अभिवृद्धि  कार्यक्रम | ७० |
| ४.६ किसान संघ/ संगठन/ संस्थाहरूको प्रतिनिधिहरूको अन्तरप्रदेश भ्रमण | ७३ |
| ४.७ किसान संघ/ संगठन तथा संजालको समन्वयमा मनाएका दिवसहरू | ७३ |
| ४.८ अवलोकन तथा अनुगमन | ७५ |
| खण्ड  ङ | |
| ५. आ.व २०७८/७९ मा लक्ष्य बाहेकका कार्यक्रमहरू | ७६ |
| अनुसूचीहरू | |
| १. आ.व २०७८/७९ को वार्षिक प्रगति प्रतिवेदन | ७९ |
| २. आयोगमा सूचिकृत भएका संघ/संस्था/संगठन/संजालका विवरणहरू | ८५ |
| ३. किसान संघ संगठन संस्थाहरुका प्रतिनिधिहरुको अन्तर प्रदेश भ्रमण प्रतिवेदन | ८८ |
| ४. कृषि क्षेत्रमा संचालित आयोजना/ परियोजना/ कार्यक्रमहरुको अवलोकन तथा अनुगमन प्रतिवेदनहरू | ९२ |
| ५. वर्षा, बाढी र डुबान पीडित किसानलाई प्रदान गरिने राहत प्याकेज सम्बन्धमा | १२९ |
| ६. आयोगबाट जारी गरिएका प्रेस विज्ञप्तीहरू | १३३ |
| तस्बिरहरू | |
| पत्रपत्रिकामा राष्ट्रिय किसान आयोग | १४१ |
| कार्यक्रमका मुख्य मुख्य झलकहरू | १४५ |

# खण्ड क

## १. राष्ट्रिय किसान आयोगको संक्षिप्त परिचय

### १.१ पृष्ठभूमि

नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्ने कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादनमा २५.८ प्रतिशत योगदान र ६०.४ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहनु परेको छ ।नेपालमा योजनावद्ध विकास सुरू भएदेखि नै कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखिदै आएको भएतापनि अपेक्षाकृत रूपमा कृषि क्षेत्रले गति लिन नसकेको देखिन्छ।आर्थिक रूपले सकृय जनशक्ति विदेशिने क्रम बढदै जाँदा कृषि क्षेत्रमा बढदै गई रहेको श्रम शक्तिको अभाव, बढ्दो जग्गाको खण्डिकरण, उर्वर कृषि भूमिको गैर कृषि क्षेत्रमा प्रयोग, कृषि तथा पशुजन्य उत्पादनमा बढ्दो उत्पादन लागत, उत्पादन सामाग्रीहरूको अपर्याप्तता, प्राविधिक सेवामा पहुँचको अभाव, जलवायु परिवर्तनको नकारात्मक प्रभाव र कृषि शिक्षा, अनुसन्धान र प्रसार बीच समन्वयको अभाव जस्ता समस्या तथा चुनौतीहरुले गर्दा आशातित उपलव्धी हासिल हुन सकेको देखिंदैन ।संविधानमा उल्लेखित भएका किसानका हक हित र अधिकार संरक्षण र प्रवर्द्धनका लागि निर्माण हुने कानुनहरूको अभाव साथै भएका ऐन कानुनहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु किसान र कृषि संरक्षण साथै कृषि विकासका लागि बाधक देखिएका छन्। अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण र विविधीकरण गरी किसानको हक हितको संरक्षण एवम् प्रवर्द्धनका लागि कृषि सम्बन्धी नीति, ऐन, कानुन तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसान मैत्री बनाई किसानहरूको हक हित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन वाञ्छनीय भएको तथ्यलाई आत्मसात् गर्दै कृषि विकास रणनीति (सन् २०१५-३५) ले परिलक्षित गरे बमोजिमका उद्धेश्य हासिल गर्न नेपाल सरकारबाट मिति २०७३।१०।६ मा जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन भएको हो ।

### १.२ आयोगको दूरदृष्टि, लक्ष्य र ध्येय

**आयोगको दूरदृष्टि :**

आम किसानको हक हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने मूल मर्मलाई आत्मसात गर्दै कृषि नै विकास र समृद्धिको आधार हो भन्ने मान्यताका साथ किसान अधिकार संस्कृतिको विकास गर्ने ।

**आयोगको लक्ष्य:**

किसान अधिकार मैत्री वातावरण निर्माण मार्फत सबै किसानले आफूलाई प्राप्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने ।

**आयोगको ध्येय :**

विश्वव्यापी रूपमा आत्मसात् गरिएका किसान अधिकारका सिद्धान्त, मूल्य मान्यतालाई अवलम्बन गर्दै स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा नेतृत्वदायी राष्ट्रिय किसान अधिकार सम्बर्द्धन र प्रवर्द्धन गर्ने संस्थाको रूपमा आयोग रहनेछ ।

## १.३ आयोगको मूल्य मान्यताहरू

खाद्य सम्प्रभुता सहितको किसानमुखि र आत्मनिर्भर कृषि, समानता र न्याय, निश्पक्षता, खाद्य तथा कृषि उत्पादनका साधनस्रोतमा सबै किसानको पहुँच र लाभांशको समन्यायिक बाँडफाँड, जवाफदेहिता, पारदर्शिता, स्वतन्त्रता र स्वायत्तता, सहभागिता र समावेशीकरणको सम्मान आयोगका मूलभूत मान्यताहरू हुन् ।

## १.४ आयोगको गठन र कार्यक्षेत्र

राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ मा भएका व्यवस्था अनुसार आयोगमा अध्यक्ष, पाँच सदस्यहरू र सदस्य सचिव सहित सात जना पदाधिकारीहरूको ब्यवस्था गरिएको छ। ५ जना सदस्यहरूमा किसान प्रतिनिधिहरूमध्ये एकजना महिला सहित ३ जना सदस्य, कृषि सहकारीमा आवद्ध किसान प्रतिनिधि १ जना र १ जना कृषि विज्ञ सदस्य रहने व्यवस्था छ। आयोगको अध्यक्ष र सदस्यको पदमा नियुक्तीको लागि नेपाल सरकार, मन्त्रीपरिषद् समक्ष कृषि तथा पशुपन्छी विकास मन्त्री अध्यक्ष रहेको सिफारिस समितिले गर्ने छ। अध्यक्ष र सदस्यहरूको पदावधि ४ वर्षको रहेको छ। आयोगमा सदस्य सचिवको हकमा नेपाल सरकारबाट नियुक्त प्रथम श्रेणीको अधिकृत रहने व्यवस्था रहेको छ। आयोगको कार्यक्षेत्र नेपालभर रहने छ।

## १.५ आयोगको काम, कर्तव्य र अधिकार

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७३/१०/६ गतेको निर्णय बमोजिम राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि गरी किसानको हक, हित र अधिकारको संरक्षण एवम प्रवर्द्धन गर्ने कार्यसंग सम्बन्धित विषयमा नेपाल सरकारलाई सहयोग पुर्‍याउन राष्ट्रिय किसान आयोग गठन भएको हो। कार्यकारी आदेश अनुसार यस आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छ ।

१) कृषि विकास नीति रणनीतिको सफल कार्यान्वयन गर्नको लागि कृषि विकास मन्त्रालय लगायत कृषि क्षेत्रसँग सम्बन्धित निकायहरू समक्ष समय सापेक्ष सुधारका सम्बन्धमा नेपाल सरकारलाई राय सुझाव दिने ।

२) किसानहरूको हक हितलाई प्रवर्द्धन गर्न किसान कल्याणकारी योजना **(Farmer Welfare Scheme)** तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।

३) नेपाल सरकारले जारी गरेका विद्यमान नीति, ऐन, नियममा किसान अधिकारमा रहेको नीतिगत भिन्नता **(Policy Gap)** को सम्बन्धमा अध्ययन तथा विश्लेषण गरी सुधारको लागि नेपाल सरकारलाई सुझाव दिने ।

४) किसान हक हित अधिकार एवम् किसानहरूको राज्य प्रतिको कर्तब्य र दायित्वका लागि नयाँ नीति, ऐन वा नियमावली बनाउन नेपाल सरकारलाई सहयोग गर्ने ।

५) किसान अधिकारको अनुगमन, सुपरिवेक्षण गर्ने र सुधारको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

६) कृषि कार्यमा प्रयोग हुने प्राकृतिक स्रोत साधनमा किसानहरूको पँहुच बढाउने र अधिकार स्थापना गर्ने ठोस कार्य योजना नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

७) विभिन्न बाली वस्तुहरूको बजार सरलीकरण गुणस्तर तथा लागत प्रतिस्पर्धात्मकता अभिबृद्धि र मूल्य अभिबृद्धिको आधारमा किसानले उचित मूल्य पाउने उपायको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।

८) वस्तुगत संघ, उत्पादक सहकारी संघ तथा किसान संजाल एवम् संगठनहरूको क्षमता अभिबृद्धि गरी किसानहरूको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने उपायहरू सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

९) किसानहरूको परम्परागत ज्ञान, सिप, प्रविधि, रैथाने जात, बीउ, नश्ल तथा किसानहरूले विकास गरेका बाली र पशु नश्लमा उनीहरूको पँहुच र प्रयोग बढाउन तथा त्यसमा किसानहरूको अधिकार स्थापना गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने ।

१०) कृषि पेशा लाई आकर्षित बनाउन अवलम्बन गर्नु पर्ने किसान अधिकार सम्बन्धी नीति तथा कार्यक्रमका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने गराउने ।

११) संविधानले व्यवस्था गरेका किसानहरूका हक हित र अधिकारहरू कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने .

१२) किसान संघ संगठनहरू (समुह, सहकारी, गै.स.स. बाहेक) लाई दर्ता गरी नियमन गर्ने ।

१३) सरकारी तथा गैर सरकारी एवम् निजी क्षेत्रबाट संचालित नीति तथा कार्यक्रम र आयोजनाहरूबाट किसानहरूको अधिकार हनन् भएमा सम्बन्धित निकाय र नेपाल सरकारलाई जानकारी गराई आवश्यक सिफारिस गर्ने ।

१४) नेपाल सरकारले समय समयमा तोकेका अन्य काम गर्ने ।

## १.६ आयोगको सचिवालय र जिम्मेवारी

आयोगको दैनिक काम कारबाही संचालनमा आयोगलाई सहयोग पुऱ्याउने, आयोगका निर्णयहरूलाई कार्यान्वयन गर्ने साथै नेपाल सरकारबाट तोकिए बमोजिमका अन्य काम गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट आयोगमा स्वीकृत दरबन्दी बमोजिम काजमा खटाइ काम लगाउने व्यवस्था गरिएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले स्वीकृत गरेको दरबन्दी अनुसार आयोगमा सदस्य सचिव सहित ३० जना कर्मचारीको व्यवस्था गरिएको छ। आयोगको केन्द्रीय सचिवालय काठमाडौंमा रहने र आवश्यकता अनुसार नेपालका विभिन्न स्थानहरूमा कार्यालय खोल्न सक्ने प्रावधान राखिएको छ।

## १.७ आयोगको पदाधिकारी तथा कर्मचारी दरवन्दी विवरण

आयोगका पदाधिकारीहरू

| क्र.सं. | पद | दरवन्दी | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|
| १. | अध्यक्ष | १ | १ | |
| २. | सदस्य | ५ | ५ | |

# कर्मचारी दरवन्दी

| क्र. सं. | पद | श्रेणी | सेवा | समूह | दरवन्दी | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सदस्य सचिव | रा.प.प्रथम | नेपाल कृषि | समूहिकृत नहुने | १ | ० | |
| २. | वरिष्ठ कृषि विज्ञ | रा.प.द्धितीय | नेपाल कृषि | समूहिकृत नहुने | १ | १ | |
| ३. | वरिष्ठ पशु विकास अधिकृत | रा.प.द्धितीय | नेपाल कृषि | ला.पो.डे.डे. | १ | ० | |
| ४. | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | प्रशासन | १ | १ | |
| ५. | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | १ | १ | |
| ६. | कृषि अर्थ विज्ञ | रा.प.तृतीय | नेपाल कृषि | एगृ.इको.एण्ड मार्केटिङ्ग | १ | ० | |
| ७. | कृषि प्रसार अधिकृत | रा.प.तृतीय | नेपाल कृषि | कृषि प्रसार | १ | १ | |
| ८. | पशु विकास अधिकृत | रा.प.तृतीय | नेपाल कृषि | ला.पो.डे.डे. | १ | ० | |
| ९. | प्राविधिक सहायक | रा.प.अनं. प्रथम | नेपाल कृषि | बागवानी | १ | ० | |
| १०. | पशु स्वास्थ्य प्राविधिक | रा.प.अनं. प्रथम | नेपाल कृषि | ला.पो.डे.डे./ भेट | १ | ० | |
| ११. | प्राविधिक सहायक | रा.प.अनं. प्रथम | नेपाल कृषि | एगृ.इको.एण्ड मार्केटिङ्ग | १ | ० | |
| १२. | कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | नेपाल विविध | ............... | ५ | ५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३. | नायब सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | |
| | | | | जम्मा | १७ | १० | |
| करार सेवाका लनि पदहरूको ववरिण | | | | | | | |
| १. | सवारी चालक | विहीन | इन्जिनियरिङ्ग | मेकानिकल्स | ८ | ७ | |
| २. | कार्यालय सहयोगी | विहीन | नेपाल प्रशासन | सामान्य प्रशासन | ५ | ५ | |
| | | | | जम्मा | १३ | १२ | |
| | | | | कुल जम्मा | ३० | २२ | |

## १.८ आयोगको समस्या तथा चुनौतीहरू

- राष्ट्रिय किसान आयोग हाल सम्म गठन आदेशबाट संचालन भई रहेको अवस्थामा ऐनद्धारा आयोगको जिम्मेवारी, कार्यक्षेत्र, पदाधिकारी एंव सचिवालय प्रभावकारी ब्यवस्था मिलाउन ऐनको आवश्यकता रहनु,
- आयोगद्धारा तयार गरिएको प्रस्तावित निर्देशिका, कार्यविधिहरू समयमै स्वीकृत नहुनु,
- अस्थायी स्वीकृत दरबन्दी अनुरूपका कर्मचारीहरू समयमा पदपूर्ति नहुनु,
- किसान हकहित र अधिकार स्थापनाका लागि नीतिगत तथा कानुनी व्यवस्था गर्न कृषि, सिंचाई, प्राकृतिक श्रोत, भूमि लगायतका निकायहरू बीच आवश्यक समन्वयमा कठिनाई हुनु,
- आयोगको कार्यालय केन्द्रमा मात्र भएकोले किसानका स्थानीय समस्या समाधानमा पर्याप्त ध्यान दिन नसक्नु,
- आम किसानको हितमा र कृषि क्षेत्रका समस्या समाधानार्थ  नेपाल सरकारबाट बिनियोजन गरेको बजेट पर्याप्त नहुनु

# खण्ड ख

## २. नेपालमा किसान अधिकार सम्बन्धी व्यवस्थाहरू

## २.१ नेपालको संविधान, २०७२ मा कृषि र किसान सम्बन्धी अधिकारहरू

**भाग-३**

**मौलिक हक र कर्तब्य**

नेपालको संविधान, २०७२ मा कृषि र किसान सम्बन्धी निम्न बमोजिमका मौलिक हकहरूको ब्यवस्था गरिएको छ ।

**धारा-३६ खाद्य सम्बन्धी हक :** १) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ । (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ । (३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

**धारा-४० दलितको हक :** (५) राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ ।

**धारा-४२ सामाजिक न्यायको हक :**

(१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सिमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास ,रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ । (४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।

**धारा-५१ राज्यका नीतिहरू :**

नेपालको संविधान २०७२ मा कृषि र भूमि सुधार सम्बन्धी निम्न बमोजिमका नीतिहरूको व्यवस्था गरिएको छ ।

**ङ) कृषि र भूमिसुधार सम्बन्धी नीति :**

१. भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,

२. अनुपस्थित भूस्वामित्वलाई निरूत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

३. किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायिकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

४. भूमिको उत्पादनशिलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

५. कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने।

**ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति :** (१२) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने ।

**ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति** (६) मुक्त कमैया, कम्हलरी, हरूवा, चरूवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।

## २.२ पेशागत रूपमा किसानका विशेष अधिकारहरू

सदियौं देखि कृषिलाई आफ्नो मुख्य पेशा र माटोलाई जीविकोपार्जन र आय आर्जनको मुख्य साधन मान्दै आएका नेपाली किसानहरू आफ्ना पेशागत विशेषाधिकारबाट प्राय बञ्चित

छन्। जीवनभर माटोमा पसिना सिँचेर पनि भरपेट खान र बालबच्चाको लालनपालन गर्न नसकी कष्टकर जीवन बिताउन वाध्य छन्। किसानका निम्न अधिकारहरू निर्वाध रूपले प्राप्त भएमा कृषि व्यवसाय फस्टाउनका साथै किसानको जीवनस्तर माथि उठ्न सहज हुने छ।

### १. भूमि र प्राकृतिक श्रोतहरू माथि किसानको अग्राधिकार

भूमि उत्पादनको प्रमुख साधन हो । भूमि, वन र कृषि बिना किसानको परिकल्पना गर्न सकिदैन। तर हाम्रो विद्यमान भूमि प्रशासन र भूमिमा पहुँचका हिसाबले विश्लेषण गर्दा वास्तविक श्रमजीवी किसानको पहुँचमा भूमि छैन। यसले राष्ट्रिय उत्पादकत्वमा नै प्रतिकूल असर पारेको छ । उत्पादकत्व वृद्धि गर्न भूमि र श्रमको उचित संयोजन आवश्यक छ। नेपालको संविधान, २०७२ मा वैज्ञानिक भूमि सुधार मार्फत किसानको पहुँचमा भूमिको सम्बन्ध विस्तार गर्ने कुरा उल्लेख भए पनि यो हाल सम्म व्यवहारमा आउन सकेको छैन। यसलाई यथासक्य चाँडो कार्यान्वयन गरी भूमिमा श्रमजीबी किसानको अधिकार स्थापित गर्न वाञ्छनीय छ । त्यस्तै उत्पादकत्व वृद्धिमा जमिन, जल-जंगल, जैविक विविधता र चरी चरनको बीचमा अन्योन्याश्रित सम्बन्ध रहन्छ। तसर्थ तिनको प्रयोगमा किसानको अग्राधिकार स्थापित हुनु पर्दछ।

### २. कृषिका पूर्वाधारहरू माथि किसानको अधिकार

कुनै पनि उद्योग व्यवसाय फस्टाउन र सफल हुनका लागि त्यसको निश्चित पूर्वाधार पहिलो शर्त हुन्छ। किसान वास्तवमा कृषि व्यवसायी हुन्। यो व्यावसाय सफल हुनका लागि पनि पूर्वाधारको ठूलो महत्व रहन्छ। सिंचाई, , गुणस्तरीय नश्ल, मल, वीउ कृषि सडक, वजारको उचित व्यवस्थापन र भण्डारण, कृषि यन्त्र, सुलभ कृषि ऋण, कृषि प्रविधि, सूचना र संचार आदि कृषि विकासका प्रमुख पूर्वाधारहरू हुन्। यस्ता पूर्वाधारहरूको उचित व्यवस्थापन नभई कृषि व्यवसाय र किसानको उन्नती हुदैन। किसानहरूलाई राज्यले यी पूर्वाधारहरूको ब्यवस्था गरिदिनु पर्दछ।

### ३. बीउ बिजन, नश्ल र अनुवंशिक स्रोतहरू माथिको अधिकार

शताब्दीयौं देखि किसानहरूको एकल र सामूहिक प्रयासबाट विकास गरिएका बाली तथा पशुपन्छीका जाति, प्रजाति तथा नश्लहरूको आफ्नै महत्व तथा विशेषता छ। आज विभिन्न् वर्णशंकर पद्धतीबाट भित्रिएका बीउ बिजन र नश्ल आदिले अनुवंशीय श्रोत र मौलिक

खेतीपातीको परम्परामा ठूलो चुनौती देखिएको छ।यो अनुवंशीय स्रोत र कृषि पद्धतिलाई निरन्तरता दिदै यसलाई किसानको मौलिक वौद्धिक सम्पतिका रूपमा सुरक्षित राखीनु पर्दछ ।

## ४. कृषि उपजको मूल्य निर्धारण गर्न पाउने अधिकार

कुनै पनि उद्योग व्यवसायीले आफ्नो उत्पादित बस्तुको मूल्य निर्धारण लागत लाभको आधारमा आफूले गर्ने गर्दछ तर किसानले आफ्नो उपजको मूल्य निर्धारण आफै गर्न पाउदैन। उक्त परिस्थिति अन्त्य गर्दै अन्य उद्योगीहरूले सरह किसानले पनि आफ्नो कृषि उपजको मूल्य निर्धारण लागत लाभको आधारमा गर्न पाउने व्यवस्थाका लागि सरकारले कृषि वस्तुको न्यूनतम समर्थन मूल्य तोक्दा उत्पादक किसानको सहभागितामा गराउनुपर्दछ ।

## ५. शिक्षा र रोजगारको अधिकार

कृषि उत्पादनमा संलग्न किसान र नव युवाहरूलाई कृषि सम्बन्धी व्यवसायिक तालिम र प्रशिक्षणको उचित व्यवस्था गरी व्यवहारिक र सैद्धान्तिक शिक्षाको ब्यवस्था गरिनु पर्दछ। किसानका छोरा छोरीलाई रोजगारीको सुनिश्चितता हुनु पर्दछ । कृषि उत्पादनमा महत्वपूर्ण योगदान गरेका किसानलाई रोजगारीको व्यवस्था राज्यले मिलाउनु पर्दछ ।

## ६. सूचना, नयाँ प्रविधि र प्रसारको हक

कृषि संग सम्बन्धित नयाँ प्रविधि, बजार विस्तार र बजार मूल्य लगायतका विभिन्न सूचना र जानकारी पाउनु हरेक किसानको अधिकार हो। विभिन्न पत्र पत्रिका, रेडियो टेलिभिजन, अनलाईन,तालिम, प्रशिक्षण, गोष्ठि, भ्रमणका माध्यमबाट किसानहरूका बीचमा सूचना र प्रविधिहरूको प्रचार प्रसार गरिनु पर्दछ।

## ७. संरक्षणको अधिकार

२३ अप्रिल,२००४ मा नेपाल विश्व व्यापार संगठनको सदस्य वने पश्चात नेपाली किसानहरूले अविकसित देशहरूसँग खुल्ला प्रतिस्पर्धा गर्नुपर्ने अवस्था आएको छ। विकसित देशहरूमा उन्नत प्रविधि, यान्त्रिकरण र राज्यवाट पूर्ण संरक्षित किसानहरूद्धारा उत्पादित कृषि वस्तुको लागत मूल्य न्यून छ। त्यसको तुलनामा हाम्रा किसानहरूको उत्पादनको लागत मूल्य बढी छ।त्यसैले किसानको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्न राज्यले उनीहरूलाई संरक्षण गर्नु पर्दछ।देशको ६०.४ प्रतिशत जनसंख्या ओगटने किसानलाई संरक्षणका लागि कृषि उत्पादन,

उत्पादनका साधन र कृषि सामाग्रीमा अनुदान साथै अन्य सेवा सुबिधा विस्तार गर्नु पर्दछ। यसरी संरक्षित हुन पाउनु किसानको अधिकार हो ।

## ८. राहत, क्षतिपूर्ति, बीमा र वित्तीय अधिकार

कृषि विशुद्ध रूपमा प्रकृतिसंग जोडिएको पेशा भएकोले वातावरणीय प्रभाव र प्राकृतिक हिसावले कृषि अत्यन्त जोखिमयुक्त पेशा हो। वातावरणीय र प्राकृतिक प्रकोपका कारणले कृषि बाली वस्तुमा क्षति पुगेमा नोक्सानी हेरी राहत र क्षतिपूर्ति पाउनु किसानको अधिकार हो। राज्यले राहत र क्षतिपूर्तिका लागि बिपद् व्यवस्थापन कोषका स्थापना गरी तत्काल क्षतिपूर्ति दिने कार्यलाई अगाडि बढाउनुपर्ने साथै बाली तथा पशुपन्छी बीमालाई प्रभावकारी बनाउनु पर्छ।

## ९. जलवायु र वातावरणीय प्रभावमा न्यायिक अधिकार

जलवायु परिर्वतनका कारणले अतिवृष्टि, अनावृष्टि, बाढी पहिरो आदिको प्रकोपबाट किसानहरू बढी प्रभावित हुने गरेका छन। त्यस्ता किसानलाइ राज्यले उचित क्षतिपूर्ति उपलब्ध गराउनु पर्दछ ।किसानकै कृषि कर्मले वातावरणीय सन्तुलनमा योगदान पनि पुगी राखेको हुन्छ। यसरी वातावरणीय सन्तुलनमा योगदान पुऱ्याउने किसानलाई न्यायसंगत थप सेवा सुविधा र अनुदानको व्यवस्था राज्यले मिलाउनु पर्दछ। कृषिलाई वातावरणीय अनुकूलनका आधारमा थप कार्यक्रमहरू संचालनमा ल्याउनु पर्दछ ।

## १०. स्वास्थ्य सेवाको अधिकार

स्वास्थ्य जीवन बाँच्न पाउने किसानको अधिकार हो। किसान स्वस्थ नभएमा उसको योगदान गर्ने क्षमतामा कमी आई कृषि बस्तु उत्पादन कम हुदै जान्छ।। तसर्थ किसानलाई निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था राज्यले मिलाउनु पर्दछ।

## ११. खाद्य सम्प्रभुताको अधिकार

पोषणयुक्त,सांस्कृतिक परम्परा र वैयक्तिक रुचि अनुसारको भरपेट खान पाउने खाद्य अधिकार सवै नागरिकको नैसर्गिक अधिकार हो। राज्यले नागरिकको खाद्यान्नको प्रत्याभूति गर्नु पर्दछ। नेपालको संविधान,२०७२ यसलाई प्रत्याभूत गरेको छ। संविधानमा खाद्य सम्प्रभुता सुनिश्चित गर्न नेपालका विभिन्न राजनीतिक पार्टीसंग सम्बद्ध किसान संघ/संगठन सन्जालहरूको अहम भूमिका रहन्छ ।

## १२. सम्मान र परिचयको अधिकार

समग्र नागरिकको खाद्य तथा पोषणको जिम्मेवारी बोकेको किसान वर्ग आफैंमा मर्यादित वर्ग हो । तर हाम्रो विद्यमान परम्पराले किसानलाई अपहेलित गरेको छ । सरकारी कार्यालय लगायत अन्य विभिन्न कार्यालय तथा संस्थाहरूमा किसानको उचित मर्यादा हुने अवस्था नभएकाले उनीहरू पनि स्वाभिमानका साथ अन्य वर्गका मानिसहरू जस्तै मर्यादित हुन पाउने अधिकारको व्यवस्था गरिनुपर्दछ।

## १३. सहभागिताको अधिकार

कृषि विकास रणनीति (सन् २०१५-२०३५)ले कृषिको हरेक नीति निर्माण तहमा किसानको सहभागितालाई अनिवार्य गरेको छ। अहिले देश संघीय,प्रदेश र स्थानीय तह गरी तीन तहमा व्यवस्थित छ । यी तीनै तहबाट गरिने कृषि विकास र खाद्य पोषण सम्बन्धी नीति निर्माण, कार्यान्वयन र अनुगमन तहमा किसान प्रतिनिधिको सहभागिता अनिवार्य हुनु पर्दछ ।यसरी आफ्ना लागि तयार तथा तर्जुमा हुने नीति तथा कार्यक्रमहरूमा किसानको सहभागी हुन पाउने अधिकार किसान अधिकारको महत्वपूर्ण पाटो हो ।

## १४. सामाजिक सुरक्षा र निवृत्तिभरणको अधिकार

किसानहरूलाई राज्यका सरकारी सेवा लगायत अन्य सेवामा भएका व्यवस्था बमोजिम सामाजिक सुरक्षा र निवृतिभरणका अधिकारका लागि लामो अवधिसम्म कृषि पेशामा लागेका श्रम गर्न नसक्ने, आयस्रोतको कुनै विकल्प नभएका किसानहरूलाई राज्यले तिनीहरूलाई सामाजिक सुरक्षा र निवृतिभरणको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ।


# खण्ड ग

## ३. आ.व २०७८/७९ मा संचालित कार्यक्रमको प्रगति विवरण

## ३.१ आ.व. २०७८/७९ को भारित र वित्तीय प्रगतिको अवस्था

आ.व. २०७८/७९ मा राष्ट्रिय किसान आयोगको बजेट उपशिर्षक ३१२२१०११ मा चालू तर्फ रू ४,३१,००,००० (चार करोड एकतीस लाख) र पूजीगत तर्फ रू ३३,००,००० (तेत्तीस लाख मात्र) बजेट बिनियोजन भएको थियो। सो मध्ये चालू तर्फ रू २,९९,५७,१३६.८१ (दुई करोड उनान्सय लाख सन्ताउन्न हजार एक सय छत्तीस रूपैंया एकासी पैसा मात्र) र पूँजीगत तर्फ रू ३२,२९,१०८ (अक्षरूपी बत्तीस लाख उनन्तीस हजार एक सय आठ रूपैंया मात्र) खर्च भएको थियो । समग्रमा कूल विनियोजन भएको कूल बजेट रू ४,६४,००,००० (अक्षरूपी चार करोड चौंसाठी लाख रूपैंया मात्र) मध्येमा ३,३१,८६,२४४.८( अक्षरूपी तीन करोड एकतीस लाख छयासी हजार दुई सय चौवालिस रूपैंया, असी पैसा मात्र) खर्च भई कूल भारित प्रगति ९२.२३ प्रतिशत र वित्तीय प्रगति ७१.५२ प्रतिशत प्रगति हासिल भएको छ। आयोगले यस आ.व.मा चालू तर्फ ६९.५ प्रतिशत र पूँजीगत तर्फ ९७.८५ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।यस आयोगको आ.व २०७८/७९ को वार्षिक प्रगति अनुसूचि १ मा समावेश गरिएको छ ।

| क्रस | विवरण | वार्षिक स्वीकृत वजेट रू लाखमा | वार्षिक खर्च वजेट रू लाखमा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | पूँजीगत | ३३ | ३२.२९ | ९७.८५ |
| २ | चालु | ४३१ | २९९.५७ | ६९.५ |
| | जम्मा | ४६४ | ३३१.८६ | ७१.५२ |




| | चालु | पूँजिगत बजेट | जम्मा |
|---|---|---|---|
| बार्षिक स्वीकृत बजेट(लाखमा) | ४३१.० | ३३ | ४६४.०० |
| बार्षिक खर्च(लाखमा) | २९९.५७ | ३२.२९ | ३३१.८६ |

एकमुष्ठ भारित प्रगति प्रतिशत =९२.२३ एकमुष्ठ वित्तीय प्रगति प्रतिशत = ७१.५२

## ३.२ आ.व. २०७८/०७९ मा सम्पन्न भएका मुख्य मुख्य कार्यहरू

- सरोकारवाला निकायहरू किसान संघ/संगठन/संस्था तथा संजालहरूसँग कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरूसँग छलफल तथा अन्तरक्रियाबाट प्राप्त सुझावहरू समेत संलग्न गरी सम्बन्धित सरकारी निकाय/ कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइयो। छलफल तथा अन्तरक्रिया कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट आ.व. २०७८/७९ मा संचालन हुने कार्यक्रम संचालन प्रक्रिया तथा नीतिगत ब्यवस्था; प्रस्तावित कृषि नीति मस्यौदामा सहकारीको भूमिका; कृषि क्षेत्रमा किसानका समस्या र राष्ट्रिय किसान आयोगको भूमिका; राष्ट्रिय किसान आयोग ऐनको मस्यौदा; कृषि तथा पशु बीमाको वर्तमान अवस्था, समस्या तथा चुनौती; कृषि क्षेत्रमा कर्जा प्रवाहको वर्तमान अवस्था, समस्या तथा चुनौती; रासायनिक मलको अभाव; च्याउ उत्पादन तथा बजारीकरण समस्या र डि-वाइ २८ धानको क्षतिपूर्ति जस्ता विषयहरु समावेश भएका थिए।

- प्रस्तावित राष्ट्रिय कृषि नीति २०७७ को मस्यौदा; राष्ट्रिय किसान आयोग ऐन मस्यौदा; प्रस्तावित खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली २०७७; कृषि ब्यवसायको प्रवर्द्धन तथा ब्यवसायीकरण सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक; नेपालमा कृषि बजारको वर्तमान अवस्था,समस्या,चुनौती एंव समाधान; नेपालमा कृषि अनुसन्धान र प्रविधि विस्तारको वर्तमान अवस्था सम्बन्धी विषयहरूमा रोष्टरमा सूचीकृत कृषि/पशु सेवाका विज्ञहरूसँग छलफल तथा अन्तरक्रिया गरी प्राप्त सुझावहरू सरोकारवाला निकायमा पठाइयो।
- सरोकारवाला निकायहरू (किसान संघ/संगठन/संस्था, संजाल तथा पेशागत संघ संगठन) हरूको क्षमता विकासका लागि सातवटै प्रदेशमा प्रदेशस्तरीय क्षमता अभिबृद्धि कार्यक्रमहरू संचालन गरियो। उक्त कार्यक्रममा सरकारी निकायबाट प्रदान हुने विभिन्न कृषि विकास कार्यक्रम संचालन विधि र प्रक्रिया; किसान अधिकारमा राष्ट्रिय किसान आयोगको भूमिका, किसान हक अधिकार सम्बन्धमा भएका व्यवस्था लगायत कृषिका नविनतम प्रविधिहरूका बारेमा प्रशिक्षण दिइएको थियो। जसमा किसान संघ संगठनका ४२७ जना कृषक प्रतिनिधिहरू सहभागी भएका थिए।
- विभिन्न औद्योगिक तथा नगदे कृषि बालीहरू अदुवा, सुपारी, स्याउ, रेशम, कपास र जुट उत्पादन गर्ने कृषक तथा कृषि उद्यमीहरूले उत्पादन र बजारीकरणमा भोग्नु परेको समस्याहरूको पहिचान र समाधानका उपायाहरूबारे छलफल, फिल्ड अवलोकन तथा अनुगमन गरी उक्त क्षेत्रमा देखिएका समस्याहरू र समाधानका उपायहरू बारे प्रतिवेदन तयार गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा कार्यान्वयनको लागि पेश गरियो।
- किसान संघ/संगठनहरूका १५ जना प्रतिनिधिहरूलाई चितवन, तनहुँ र कास्की जिल्लाहरूमा कृषि क्षेत्रमा प्रयोग भएको नयाँ प्रविधि बारे स्थलगत भ्रमण गराईयो। उक्त अवसरमा किसानहरुले कृषिको व्यवसायीकरण अवस्था र नयाँ प्रविधिको ज्ञान प्राप्त गर्नुका साथै सफल कृषि उद्यमी ब्यवसायीसँग अनुभव आदान प्रदान भएको थियो।
- सरोकारवाला किसान संघ/संगठन/ संस्था तथा संजालहरूसँगको सहकार्यमा ४१ औं खाद्य दिवस; विश्व माटो दिवस; पाँचौ राष्ट्रिय किसान आयोग स्थापना दिवस र अन्तराष्ट्रिय किसान संघर्ष दिवस २०७९ मनाइयो।

- कार्तिकको पहिलो साता आएको बेमौसमी अविरल वर्षाका कारण धानबालीमा भएको क्षति र किसानलाई राहत दिने सम्बन्धमा किसान संघ, संगठन, संस्था तथा संजालहरूसँग व्यापक छलफल गरी प्राप्त सुझावलाई कार्यान्वयन तथा नीतिगत व्यवस्थाका लागि सम्बन्धित सरोकारवाला निकायहरूलाई अनुरोध गरिएको साथै यस आयोगबाट किसानलाई राहत र क्षतिपूर्ति प्रदान गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा प्रस्ताव पनि प्रस्तुत गरिएको।

- यस आयोगले विभिन्न किसान संघ/संगठनलाई दर्ता गरी नियमन गर्ने उद्देश्य अनुरुप यस आ.व.मा उखु किसान संर्घष समितिलाई दर्ता गरिएको। हालसम्म यस आयोगमा दर्ता भएका किसान संघ/संगठनको विवरण अनुसूची-२ मा संलग्न रहेको छ।

- कृषि विकासको लागि राज्यले अँगिकार गरेका नीतिहरूको केन्द्र, प्रदेश र स्थानीय तहमा कार्यान्वयनमा भएको अध्ययन समिक्षा, कृषि अनुदानमा भएको नीतिगत व्यवस्थामा सुधार गर्न अध्ययन र रासायनिक मलको वितरण प्रणालीमा सुधार गरी प्रभावकारी बनाउनको लागि गरिएको अध्ययनबाट प्राप्त सुझावहरूलाई कार्यान्वयन एवं नीतिगत ब्यवस्थाका लागि नेपाल सरकारलाई सुझाव पेश गरिएको।

- नेपाल सरकारले संचालन गरेका विभिन्न आयोजना/परियोजनाहरुको अनुगमन गरी आवश्यक सुधारका लागि सुझावहरु नेपाल सरकार समक्ष पठाईएको।

# खण्ड घ

## ४.आ.व २०७८/७९ मा सम्पन्न भएका कार्यक्रम र तिनका उपलब्धीहरू

### ४.१ सरोकारवाला निकायहरू (किसान संघ/संगठन, पेशागत संगठन) सँग अन्तरक्रिया कार्यक्रम

किसानको हक हित र अधिकारको संरक्षण गर्ने सन्दर्भमा विभिन्न राजनैतिक दलसँग आवद्ध किसान संघ/संगठनका ४२५ जना प्रतिनिधिहरू बीच ९ वटा समसामयिक कृषि सम्बन्धी बिषयहरूमा छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गरियो। छलफलबाट प्राप्त राय सुझावहरूलाई कार्यान्वयनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइयो। छलफल तथा अन्तरक्रियाका विषयबस्तुहरू यस प्रकार रहेका थिए :

### १. प्रस्तावित मस्यौदा कृषि नीतिमा सहकारीको भूमिका

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार गरेको राष्ट्रिय कृषि नीति २०७७ मस्यौदामा राष्ट्रिय किसान आयोगले विभिन्न क्षेत्रबाट सुझाव संकलन गरी मन्त्रालयमा पेश गर्ने लक्ष्य अनुरूप विभिन्न विषयगत कृषि सहकारी संघहरू बाट उक्त मस्यौदामा आवश्यक सल्लाह सुझावहरू लिने ध्येयका साथ अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो ।उक्त छलफलको क्रममा तपशिल बमोजिमका सुझावहरू प्राप्त भयो।

- ❖ नीति जारी भएपछि कार्यान्वयनको सुनिश्चतताका लागि तय गरिने कार्यविधिहरू सरल र समयमा नै तयार गरिसक्नु पर्ने,
- ❖ राष्ट्रिय कृषि नीति मस्यौदा तयार गर्दा राष्ट्रिय मेरूदण्डका रूपमा रहेका सहकारी क्षेत्रलाई प्राथमिकतामा राखी छलफल वा नीति निर्माण प्रकृयामा सहभागी हुने व्यबस्थाका लागि अनुरोध भएको,
- ❖ साना किसानलाई समूह, संगठन र सहकारीमा अनिवार्य संगठित गरी सशक्तिकरणको वृहत प्रक्रियमा सहभागी गराउनका लागि नीतिमा नै उल्लेख गरिनुपर्ने,
- ❖ किसानलाई वर्गीकरण गरी सोही अनुसारको सेवा, सुविधा र सामाजिक सुरक्षा उपलव्ध गराउने कुरा उल्लेख हुनुपर्ने,

- एक स्थानीय तहमा कम्तिमा एक कृषि सहकारी र उक्त सहकारीमा एक कृषि तथा पशु प्राविधिकको अवधारणालाई नीतिमा समावेश गरिनुपर्ने,
- कृषि सहकारीहरूलाई उन्नत बीउ बिजन र गुणस्तरीय मल बिक्री वितरण गर्नका लागि आवश्यक नीतिगत व्यवस्था गरिनुपर्ने,
- विशिष्टिकृत सहकारीहरूमा भएका विषयहरूको प्रवर्द्धनका लागि आवश्यक कर छुटको व्यवस्था गरिनुपर्ने,
- कृषि सहकारी मार्फत चक्लाबन्दी खेतीको प्रवर्द्धनबाट उत्पादन बृद्धि गरी  बजारीकरण गर्ने कार्यलाई जोड दिने,
- कृषकहरूलाई प्रदान गरिने सहुलियतपूर्ण कर्जा साथै कृषि उत्पादनका लागि गरिने विभिन्न क्रियाकलापहरूमा सहकारीको भूमिकालाई प्राथमिकतामा राख्नु पर्ने,
- संघ,प्रदेश तथा स्थानीय तहमा भएको कृषि संरचनागत प्रणालीमा सुधार गरी कार्यक्रममा दोहोरोपन आउने अवस्थालाई सुधार गरी तीन तहको सरकार बीचको समन्वय, सहकार्य र सहअस्तित्वका भूमिको अझै प्रष्टाउनु पर्ने,
- नीतिमा प्रस्ताव गरिएको नीति कार्यान्वयन र समन्वयका लागि गठित राष्ट्रिय कृषि विकास समितिमा राष्ट्रिय किसान आयोगको प्रतिनिधित्व हुने व्यवस्था हुनु पर्ने,
- प्रदेशस्तरमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मन्त्रीज्यूको अध्यक्षतामा प्रदेश कृषि विकास समिति रहनेछ र उक्त समितिमा प्रदेश स्तरका सरोकारवालाहरूको सहभागिता रहने छ भन्ने उल्लेख भएता पनि  “सरोकारवालाहरूको" स्पष्ट परिभाषा नभएकोले उक्त विषय स्पष्ट हुनुपर्ने,
- संघ, प्रदेश तथा स्थानीय तहमा संचालन हुने कृषि विकास सम्बन्धी विभिन्न कार्यक्रमहरूमा सहकारीको सहभागितालाई सुनिश्चतता गरिनुपर्ने,
- उत्पादनको आधारमा दिइने अनुदानलाई व्यवस्थित गर्न सहकारीमा संलग्न भएका साना किसानहरूले उत्पादन गरेका कृषिजन्य बस्तुहरूलाई सहकारी मार्फत नै उत्पादित बस्तुको छुट्टै पहिचान (Branding) हुने व्यवस्था मिलाउनु पर्ने,

- ❖ मुख्य मुख्य कृषि तथा पशुपन्छीजन्य बस्तुहरूको तोकिएको न्यूनतम समर्थन मूल्यका आधारमा सहकारीलाई खाद्य संकलन, प्रशोधन उद्योग संचालन, गोदाम घर निर्माण तथा बिक्री वितरणमा प्राथमिकता दिनुपर्ने ।

## २. कृषि क्षेत्रमा किसानका समस्या तथा राष्ट्रिय किसान आयोगको भूमिका

कृषि क्षेत्रमा किसानका समस्या तथा राष्ट्रिय किसान आयोगको भूमिका सम्बन्धमा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरियो। उक्त कार्यक्रममा सरोकारवाला निकायहरूबाट तपसिल बमोजिमका समस्या तथा सुझावहरू प्राप्त भएका छन्।

### कृषि क्षेत्रमा किसानका मुख्य मुख्य समस्याहरू

- ❖ भूमिहीन गरिब तथा सिमान्तकृत किसानसँग जग्गा नहुनु,
- ❖ कृषि उत्पादनका लागि प्रयोग हुने उत्पादन सामाग्रीहरू मल, बीउ, प्रविधि समयमा प्राप्त गर्न नसक्नु,
- ❖ हालसम्म सबै कृषि योग्य जमिनमा सिंचाइको व्यवस्था हुन नसक्नु,
- ❖ कृषि उत्पादनका लागि कृषि श्रमिकहरूको अभाव हुनु,
- ❖ नयाँ प्रविधि र प्रसार सेवा किसानका पहुँचमा नहुनु,
- ❖ आधुनिक कृषि विकासका लागि चाहिने उचित कृषि औजार/उपकरणहरूको पर्याप्तता नहुनु,
- ❖ किसानले कृषि उपजको उचित मूल्य प्राप्त गर्न नसक्नु,
- ❖ उत्पादित कृषि तथा पशुजन्य बस्तुको बजार तथा भण्डारको पर्याप्त सुविधा नहुनु ।

### सुझावहरू

- ❖ भूमिहीन दलित र भूमिहीन गरिब किसानले जमिन पाउने संवैधानिक हक कार्यान्वयनका लागि भूमिहीन गरिब किसानलाई जमिन प्रदान गर्ने,
- ❖ संघीय, प्रदेश तथा स्थानीय तीनै तहका सरकारहरुले आफ्ना कुल बजेटको निश्चित प्रतिशत कृषि क्षेत्रका लागि विनियोजन गर्ने,
- ❖ किसानको पहिचान, वर्गीकरण र सूचीकरण गरी किसान परिचयपत्र वितरण गर्ने र त्यसका

आधारमा सबै तहका सरकारहरुले प्रवाह गर्ने सेवा, सुविधा र छुटहरु किसानले पाउने व्यवस्था गर्ने,

- ❖ स्थानीय बीउ बिजन तथा नश्लहरुको संरक्षण तथा उन्नत जातका बीउ बिजन तथा नश्लको स्वदेशमा उत्पादन र सहज वितरणको व्यवस्था गर्दै बीउमा भइरहेको परनिर्भरता घटाउदै आत्मनिर्भर बनाउने,
- ❖ कृषि उत्पादनको समर्थन मूल्य निर्धारण गरी किसानलाई उत्पादनको उचित मूल्य दिने व्यवस्था मिलाउने,
- ❖ स्थानीय, प्रदेश र संघीय सरकारले आ-आफ्नो तहमा कृषि बजारको व्यवस्थापनका लागि कृषि उत्पादन संकलन केन्द्र, चिस्यान केन्द्रहरुको स्थापना गर्ने,
- ❖ कृषि सहकारी मार्फत कृषि उत्पादनको सामुहिकीकरण र सहकारीकरण गर्ने,
- ❖ उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्ने,
- ❖ किसानलाई योगदानमा आधारित निवृतिभरणको व्यवस्था गर्ने,
- ❖ किसानलाई सहुलियतदरको कृषि कर्जा स्थानीयस्तरबाटै सहज र सरल रुपमा किसानले प्राप्त गर्ने व्यवस्था गर्ने,
- ❖ तीनै तहका सरकारबाट नीजि क्षेत्रलाई कृषिमा लगानी गर्न प्रोत्साहन गर्ने,
- ❖ आधुनिक ज्ञान, सीप र प्रविधिहरुमा किसानको पहुँच र प्रयोग बढाउँदै कृषिको आधुनिकीकरण र व्यवसायीकरणमा जोड दिने,
- ❖ भूमिको वर्गीकरण गरी कृषियोग्य भूमिको खण्डीकरण रोक्ने,
- ❖ निशुल्क कृषि तथा पशुधन बीमा कार्यक्रम प्रभावकारी रूपमा लागु गर्ने ।

## राष्ट्रिय किसान आयोगको भूमिका

राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ मा किसान आयोगको काम कर्तव्य र भूमिका उल्लेख भएता पनि छलफलका क्रममा किसान आयोगले किसान हक हित संरक्षण गर्दै कृषि क्षेत्र विकासमा देहाय बमोजिमका कार्यहरू गर्नुपर्ने कुराको लागि सरोकारवाला निकायले किसान आयोगलाई दिएका सुझावहरूः-

- किसान पहिचान तथा वर्गीकरण कार्यलाई यथाशक्य सम्पन्न गरी सो को आधारमा किसानलाई दिने सेवा सुविधाहरू प्रदान गर्नुपर्ने,
- किसानहरूले उत्पादन गरेका मूख्य मूख्य बाली तथा बस्तुहरूको समर्थन मूल्य तोकी तोकिएका उत्पादित बाली तथा बस्तुहरूको बिक्री वितरणको व्यवस्था सुनिश्चित हुनुपर्ने,
- सरकारले समय समयमा जारी गरेका ऐन/नीति/नियममा भएका नीतिगत भिन्नताको सम्बन्धमा अध्ययन गरी सुधारका लागि पहल गर्नुपर्ने,
- सरकारले योजना/आयोजना/कार्यक्रमहरू तर्जुमा गर्दा भौगोलिक परिस्थिति अनुसार किसान मैत्री हुनुपर्ने र तर्जुमा भएका कार्यक्रमहरू अनिवार्य कार्यान्वयन हुनका लागि सरल र सहज कार्यविधि र प्रक्रिया तयार हुनुपर्ने,
- कृषि कार्यमा प्रयोग हुने प्राकृतिक श्रोत साधनमा किसानहरूको पहुँच बढाउँने र अधिकार स्थापना गर्ने ठोस कार्ययोजना तयार हुनुपर्ने,
- संविधानले व्यवस्था गरेका किसानहरूका हक हित र अधिकारहरू कार्यान्वयन सम्बन्धमा अध्ययन विश्लेषण गर्ने।

## ३. राष्ट्रिय किसान आयोग ऐनको मस्यौदा

राष्ट्रिय किसान आयोगले तयार गरेको राष्ट्रिय किसान आयोग ऐनको मस्यौदामा सरोकारवाला निकायका प्रतिनिधिहरूले सल्लाह सुझावहरू राख्नु भएको थियो। छलफलको क्रममा सहभागिहरूबाट व्यक्त भएका महत्वपूर्ण सुझावहरू देहाय बमोजिम रहेका छन्ः-

- प्रदेशमा राष्ट्रिय किसान आयोगको कार्यालय खोल्न सकिने व्यवस्था राख्ने,
- आयोगलाई संवैधानिक आयोग बनाउन पहल गर्नुपर्ने,
- अनुसूचि १ मा स्वास्थ सम्बन्धी अधिकार थप गर्नुपर्ने,
- आयोगको सदस्य संख्या भौगोलिक तथा प्रादेशिक हिसाबले प्रतिनिधित्व हुने गरी राख्नु उपयुक्त हुने,
- परिभाषामा "किसान संस्था" शब्दलाई परिभाषित गर्नुपर्ने जसमा कृषि व्यवसायी, कृषि फर्म, कृषि सहकारी र किसान समूह हुनुपर्ने,

- परिभाषामा "सदस्य " भन्नाले अध्यक्ष भन्ने शब्द हटाउने,
- आयोगको सदस्य संख्या ७ जना राख्ने,
- परिच्छेदको दफा ५ मा सम्पर्क कार्यालय बनाउँदा विभिन्न किसान संघ संगठन र विज्ञ समेतको प्रतिनिधित्व गराउनु पर्ने,
- मुद्धा हेर्ने अधिकार भित्र उजुरी सुनुवाई गर्नका लागि आयोगका अध्यक्षको अध्यक्षतामा अन्य दुई सदस्य सहितको तीन सदस्यीय इजलासको गठन गरिने छ भन्ने थप गर्ने,
- किसान आयोगको काम कर्तव्य अधिकारको अनुगमनकारी भूमिकामा कृषकले उत्पादन गरेको बस्तुको मूल्य निर्धारण भै कार्यान्वयन समेत समयमै भएको नभएको अनुगमन गर्नुपर्ने,
- आयोगको पदाधिकारीहरूको अवधि ४ वर्षको हुनुपर्ने,
- अध्यक्ष तथा सदस्यको योग्यतामा अध्यक्ष तथा सदस्यहरूले किसान संघ/संगठनमा कम्तीमा १० वर्ष काम गरेको हुनु पर्ने थप गर्नुपर्ने,
- अध्यक्ष तथा सदस्यको योग्यतामा २५ वर्ष उमेर पुरा भएको नभई ३५ वर्ष नाघेको हुनुपर्ने र स्वच्छ छवि भएको थप गर्नुपर्ने,
- कर्मचारी व्यवस्थापनमा आयोगले आवश्यक दरबन्दी कायम गरी आयोग स्वयंबाट कर्मचारी नियुक्ती गरिने थप गर्नुपर्ने,
- परिभाषामा आयोग भन्नाले कृषि विकास रणनीति बमोजिम गठित भन्ने थप गर्नुपर्ने,
- परिभाषामा "विज्ञ सदस्य" भन्नाले स्नातकोत्तर उपाधि हासिल गरेको कृषि तथा पशुपन्छी विकासको  क्षेत्रमा १० वर्ष सरकारी एवं गैह्र सरकारी क्षेत्रमा कार्यानुभव भएको भन्ने थप गर्ने,
- परिभाषामा "पदाधिकारी" भन्नाले आयोगका अध्यक्ष, विज्ञ सदस्य, सदस्य र सदस्य सचिवलाई सम्झनु पर्दछ भन्ने थप गर्ने,
- आयोगको सदस्य मध्ये २ जना महिला अनिवार्य गर्ने, सहकारी क्षेत्रको सदस्यको हकमा सहकारी क्षेत्रको मात्र नभई कृषि उत्पादन क्षेत्रमा क्रियाशिल भई कम्तीमा एक कार्यकाल

नेतृत्व गरेको हुनुपर्ने,

- ❖ आयोगको बैठक महिनामा कम्तीमा एक पटक बस्ने भनी उल्लेख गर्नुपर्ने।

## ४. च्याउ उत्पादन तथा बजारीकरण समस्या

च्याउ उत्पादक किसानका उत्पादनमा र बजारीकरणमा देखिएका समस्याहरूको सम्बन्धमा सरोकारवाला निकायहरू बीच अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरियो। उक्त कार्यक्रममा प्राप्त सुझावहरू निम्न बमोजिम रहेका थिए:-

- ❖ बीमा कम्पनीहरूले बैंकबाट ऋण लिएका च्याउ उत्पादक किसानको मात्र बीमा गरेको पाईएकोले सबै च्याउ उत्पादन किसानहरूलाई बीमा प्रकृयामा समावेश हुने व्यवस्था मिलाउनु पर्ने,
- ❖ बीमा समितिले बीमा दावी भुक्तानी प्रकृयालाई सरलीकृत गरी किसानलाई समयमै भुक्तानी वापतको बीमा रकम प्राप्त हुने व्यवस्था मिलाउने,
- ❖ च्याउ उत्पादन नीति निर्माण गरी कृषकहरूलाई आवश्यक सहयोग हुने व्यवस्था मिलाउनुपर्ने,
- ❖ च्याउ उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ ढुवानीमा सहजीकरण गर्नुपर्ने,
- ❖ आधुनिक प्रविधिबाट च्याउ उत्पादन गर्न आवश्यक पर्ने निर्माण सामाग्रीमा कर छुटको व्यवस्थाको लागि आर्थिक विधेयकमा उल्लेख गराउनु पर्ने,
- ❖ विद्यमान बीउ विजन ऐन २०४५ लाई समयानुकुल आवश्यक परिमार्जन गरी च्याउको बीउको गुणस्तर कायम गर्नुका साथै सूचीकरण गर्ने, प्रमाणीकरण गर्ने र प्रयोगशाला स्थापना देखि संचालन सम्मको व्यवस्थालाई उक्त संसोधित ऐनमा नसमेटिएको हुनाले यथासक्य उक्त ऐन संसोधन हुने व्यवस्था मिलाउनु पर्ने,
- ❖ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा राष्ट्रिय प्राथमिकता प्राप्त १५ वटा कृषि बाली बस्तु तोकेकोमा च्याउलाई पनि प्राथमिकता प्राप्त बस्तुमा थप गर्नुपर्ने,
- ❖ राष्ट्रिय च्याउ विकास केन्द्र स्थापना गर्नुपर्ने,
- ❖ कृषक तथा बीउ व्यवसायीलाई सीप परीक्षणको लागि आवश्यक ब्यवस्था मिलाउनु पर्ने,
- ❖ उत्पादनमा आधारित तथा पूजीँगत अनुदानको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्ने,

- नेपालमा उत्पादित च्याउको पौष्टिकता परीक्षण गरी उपयुक्त प्रचार प्रसार गर्नुपर्ने,
- च्याउ विकास बोर्ड गठन हुनुपर्ने,
- आधुनिक प्रविधियुक्त च्याउका फार्महरूका लागि विद्युत महसुलमा छुटको व्यवस्था मिलाउनु पर्ने,
- किसान परिचय पत्र वितरणको कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने तथा किसानको यथोचित वर्गीकरण गर्नुपर्ने,
- बीउको गुणस्तर कायम गर्नका लागि आवश्यक मापदण्डको निर्माण गरी अनुगमन गर्नुपर्ने,
- च्याउ विशेष उद्योग ग्राम स्थापना गर्नुपर्ने,
- च्याउको बजार विस्तारको लागि देशका प्रमुख शहरहरूमा हरेक वर्ष च्याउ महोत्सवको आयोजना हुने व्यवस्था मिलाउनु पर्ने,
- च्याउ व्यवसायसँग सम्बन्धी कृषिकर्मीलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउनु पर्ने,
- च्याउ बीउ वैंक स्थापना गर्नुपर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिममा किसानलाई सहभागी गराउने व्यवस्था मिलाउनु पर्ने।

## ५. कृषि क्षेत्रमा कर्जा प्रवाहको बर्तमान अवस्था समस्या तथा चुनौतीहरू

बैंक तथा वित्तीय संस्थाहरू बाट प्रवाह हुने कर्जाको कार्यान्वयनका अवस्थाका बारेमा संक्षिप्त जानकारी लिनुका साथै किसान संघ/संगठनहरूलाई कृषि कर्जा सम्बन्धमा सरोकारवाला निकायहरूसँग छलफल गरी जानकारी दिलाउँने उद्देश्यका साथ यो कार्यक्रम आयोजना गरिएको थियो। यसका अतिरिक्त उक्त कार्यक्रममा सहुलियतपूर्ण कृषि कर्जाको हालको अवस्था, कानुनी तथा संस्थागत संरचनाहरू तथा भावी कार्यदिशा र कृषि क्षेत्रमा प्रवाह भएको कर्जालाइ अझ प्रभावकारी बनाउन किसान आयोग लगायत अन्य निकायहरूको भूमिका के हुन सक्छ भन्ने जस्ता विषयमा सरोकारवाला निकायका प्रतिनिधिहरूले सल्लाह सुझावहरू राख्नु भएको थियो । सुझावहरू यस प्रकार रहेका थिएः-

- उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासका लागि नेपाल सरकारले ल्याएको सहुलियतपूर्ण कर्जा कार्यक्रम मार्फत प्रवाह भएको कृषि ऋण अनुत्पादक क्षेत्रमा

प्रयोग हुनबाट रोक्न अनुगमनलाई मजबुत बनाउँदै लगिनु पर्ने,

- रू. १० लाख भन्दा माथिको कर्जाको लागि ब्यावसायिक योजना, आय विवरण पेश गर्नु पर्ने व्यवस्थाले गर्दा कृषकहरूलाई कागजी प्रकृया पूरा गर्न गाह्रो पर्ने हुनाले कागजी प्रक्रिया सरलीकृत गर्ने र यसका लागि वडा तहमै किसान सहजीकरणका लागि सरोकारवाला निकायमा सम्पर्क गर्ने व्यवस्थाका लागि उचित निकाय तोक्ने,
- साना तथा मझौला कृषकहरूलाई साना कर्जा आबश्यक पर्ने भएकोले बैंकहरूले साना कर्जा प्रवाहमा प्राथमिकता दिई प्रत्येक बैंकबाट निश्चित बजेट लगानीका लागि अनिवार्य गर्नुपर्ने,
- सहुलियतपूर्ण कर्जाका लागि प्रयोग हुने फारम र आबश्यक कागजातहरू झन्झटिलो हुनुका साथै कर्जा स्वीकृत प्रकृया लामो भएकोले कागजातहरूमा सरलीकरण हुनुका साथै छिटो छरितो हुनुपर्ने,
- बैदेशिक रोजगारबाट फर्केका युवालाई सहुलियतपूर्ण कृषि कर्जा प्रवाह गर्दा उक्त ब्यक्ति पुनः विदेश फर्केमा कर्जा जोखिममा पर्ने डरले उक्त बर्गलाई कर्जा प्रवाह गर्न बैकहरू इच्छुक नदेखिएकोले, कर्जाको सुरक्षण गरी बैदेशिक रोजगारबाट फर्केका युवालाई प्राथमिकतामा राखी कर्जा प्रवाह गर्नुपर्ने,
- बैदेशिक रोजगारबाट फर्किएका युवालाई रू १० लाख र महिलाका लागि रू १५ लाख सम्म बिना धितो सहुलियतपूर्ण कर्जा प्रबाह गर्नु पर्छ भन्ने कार्यबिधिमा उल्लेख भएता पनि बिना धितो कर्जा प्रबाह गर्न बैंकहरू तयार नभएका भन्ने किसानबाट पटक पटक गुनासो आएकाले कार्यविधि अनुसार कर्जा लगानी गर्नका लागि नेपाल राष्ट्र बैकले प्रभावकारी अनुगमन गरी कार्यान्वयन नगर्ने बैकहरूलाइ कारवाहीको दायरामा ल्याउनुपर्ने,
- धितोको रूपमा जग्गा राख्ने व्यवस्था भएता पनि ऐलानी जग्गामा बसोबास गर्ने किसानहरू तथा वरिपरि बाटो नभएका जग्गाबाला किसानहरू यो सेवाबाट बन्चित हुन परेकाले उक्त व्यबस्थाको कार्यान्वयनका लागि नेपाल राष्ट्र बैक मार्फत प्रभावकारी कदम चाल्नु पर्ने,
- कृषिका धेरैजसो कार्यमा महिला संलग्न हुने र कृषि कर्जाका लागि ऋण लिनुपर्दा धितो राख्ने व्यवस्था भएअनुसार महिलाका हकमा कमै मात्र महिलाका जग्गा आफ्ना नाममा भएका कारण महिला किसानलाई कृषि कर्जामा पहुँच पुऱ्याउनका लागि बिना धितो कृषि कर्जा

उपलव्ध गराउँनका लागि आवश्यक व्यवस्था मिलाउने,

- ❖ सहुलियतपूर्ण कर्जामा सेवा शुल्क लिन नपाउने हुनाले बैकहरूले कर्जा प्रबाह गर्न लाग्ने प्रशासनिक खर्चको व्यवस्था गरी कर्जा प्रवाहलाई वृद्धि गर्ने खालका नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने,
- ❖ सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ तेस्रो संशोधनमा उल्लेख भएअनुसार कृषि तथा पशुपन्छी कर्जाका लागि योग्य कृषि उद्यम तथा व्यवसाय अन्तर्गत रहेका जडीबुटी उत्पादन हुने समय अन्य कृषि बालीको भन्दा बढी समय लाग्ने भएकाले कर्जाको भुक्तानीको समय सिमा थप गर्नु पर्ने,
- ❖ अपेक्षित रूपमा लक्षित समूहमा सहुलियतपूर्ण कर्जा कार्यक्रम नपुगेको हुनाले बैंक तथा वित्तीय संस्थालाई अझै जवाफदेही बनाइ सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि २०७५ पूर्ण रूपमा कार्यान्वयनमा ल्याउनु पर्ने,
- ❖ उत्पादनका क्षेत्रमा भन्दा व्यापार क्षेत्रमा सहुलियतपूर्ण कर्जाको लगानी प्रवाह बढी भएकाले कर्जा लगानी कार्यविधिमा भएका व्यवस्थाको पूर्ण पालना गरी कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धनका लागि कर्जाको प्रवाह बढाएर कृषिमा उत्पादन एवं रोजगारी अभिवृद्धि गर्नु पर्ने,
- ❖ लक्षितवर्गका किसानहरू कर्जा प्रवाहमा नपरेका र पुराना ऋणीहरू दोहोरी रहेको देखिएकाले कार्यविधिमा व्यवस्था भएको केन्द्रीय समन्वय तथा अनुगमन समितिबाट प्रभावकारी अनुगमन गरी लक्षित वर्गले कर्जा पाउने कुरालाई सुनिश्चितता दिनुपर्ने व्यवस्था मिलाउनु पर्ने,
- ❖ पहुँचका आधारमा सीमित समूहले सस्तो ब्याजदर सम्बन्धी सुविधा दोहोरो रूपमा उपयोग गरिरहेका भन्ने गुनासो आइरहेकाले यसको सत्य तथ्य पत्ता लगाई लक्षित वर्गलाई सहज हुने तरीकाले नीतिगत व्यवस्था तय गरी सोही अनुसार कार्यविधि बनाइ कार्यान्वयनका व्यवस्था मिलाउने,
- ❖ किसान वर्गीकरण अनुसार ऋण वा कर्जाका व्याज अनुदानमा अनुपात मिलाई साना किसानलाई व्याज अनुदान बढी दिने व्यवस्था गर्ने,

- १ करोड रूपैयाँ भन्दा बढी कर्जा सीमामा ब्याज अनुदान सुविधा दिंदा ठूला तथा सीमित व्यक्ति वा संस्थाले मात्र सहुलियत पाएको देखिएकाले १ करोडभन्दा बढी कर्जा सीमामा ब्याज अनुदान सुविधाका व्यवस्थालाई पुनरावलोकन गर्नुपर्ने,
- कृषि कर्जाको लागि परियोजना धितो राखेर कर्जा उपलब्ध हुने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनु पर्ने,
- वित्तीय साक्षरता कार्यक्रममा कृषि उत्पादनमा संलग्न भएका समूह, सहकारी र कृषकहरूलाई लक्षित गरी संचालन गर्नुपर्ने,
- सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि २०७५ मा भएका व्यवस्थाअनुसार गुनासो सुन्ने निकाय वडासम्म हुने कुराको व्यवस्था गरिनुपर्ने,
- सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि २०७५ मा व्यवस्था भएको केन्द्रीय समन्वय तथा अनुगमन समितिमा राष्ट्रिय किसान आयोगको प्रतिनिधित्व हुने व्यवस्था हुनुपर्ने।

## ६. रासायनिक मलको अभाव

नेपाली किसानहरूले खेती गर्दा विशेष गरी धान रोप्ने समयमा रासायनिक मल उपलब्ध नभएको भन्ने गुनासो राष्ट्रिय किसान आयोगमा पटक पटक आइरहेको सन्दर्भमा किसान आयोग र सरोकारवाला निकायहरू बीच अन्तरक्रिया तथा छलफल कार्यक्रमको आयोजना गरियो। उक्त कार्यक्रममा तपसिल बमोजिम जानकारी तथा सुझावहरू प्राप्त भएका थिएः-

- साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडबाट श्री संकेत भण्डारीले आषाढ महिनामा ४२००० मे.ट. (डि.ए.पी.-२०,००० र युरीया २२,०००) नेपालमा आउने जानकारी गराउनु भयो ।
- कृषि सामाग्री कं. लि.का श्री राजेन्द्र ब. कार्की ले नेपालमा हाल युरिया २२६ मे.ट. डि.ए.पी. ६,००० मे.ट., पोटास ६,८०० मे.ट. र कृषि चुन १०० मे.ट. गरी जम्मा १३,००० मे.ट. मौज्दात रहेको जानकारी गराउनु भयो। यही आषाढ महिना भित्रमा डि.ए.पी. ६०,००० मे.ट. र युरिया ५०,००० मे.ट. आउने क्रममा रहेको जानकारी प्राप्त भयो ।

- नेपालमा बालीको लागि आवश्यक पर्ने समयमा रासायनिक मल उपलब्ध नहुनुमा रासायनिक मल खरिदमा लामो टेण्डर प्रक्रिया पनि एक प्रमुख कारण रहेको जसमा सूचना प्रकाशन देखि खरिद गर्ने सम्झौता सम्म पुग्न करिब १५२ दिन लाग्ने हुँदा र मल ल्याउन पनि अन्तर्राष्ट्रिय कारण र ठेकेदारको कारणले ढिलाइ हुने नै प्रमुख कारण रहेको पाइयो। त्यसै गरी अन्तर्राष्ट्रिय बजारमा यस वर्ष मात्र ३००% सम्मले मूल्य बृद्धि पनि रासायनिक मलको अभावको कारक हुन जान्छ।
- बजेटको सीमाले गर्दा पनि आवश्यक परिमाणमा मल उपलब्ध हुन नसकेको।
- स्वास्थ्य सामाग्रीहरू अत्यावश्यक सेवामा भए जस्तै रासायनिक मललाई पनि अत्यावश्यक सेवामा राख्नु पर्छ।
- मलको अनुदान मे.ट.मा तोकिनु पर्दछ ।
- रासायनिक मलको ब्यवस्थापनको लागि सरकारबाट कार्यतालिका बनाई कार्य गरिनु पर्छ।
- बाहिर ल्याएको मल संचित गरी भण्डारण गरी अभाव भएको समयमा वितरण गर्ने आवश्यक ब्यवस्था मिलाउनु पर्दछ ।
- प्रत्येक प्रदेशमा २५००० मे.ट. रासायनिक मल Buffer stock को रूपमा भण्डारण गरिनु पर्दछ।
- रासायनिक मलको अभाव हुन नदिन दिगो समाधानको लागि पशुपालन गर्ने कार्यलाई बढावा दिई Organic waste लाई Composting गर्ने ब्यवस्था गरिनु पर्ने।
- रासायनिक मल विक्रि वितरणमा कालो बजारी भएको भन्ने गुनासो आएमा त्यस सम्बन्धी सूचना कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा वा सम्बन्धित निकायमा जानकारी गराउनु पर्दछ ।
- रासायनिक मलको समस्याको दिगो समाधानका लागि स्वदेशमै रासायनिक मलको कारखाना स्थापना गर्नु हो भन्ने विषयमा सबैको धारणा एउटै पाइयो।

## ४.२ रोष्टरमा सूचीकृत विज्ञहरूसँग छलफलका प्रतिवेदनहरू

राष्ट्रिय किसान आयोगमा आयोगको कार्यदिश अनुसार कृषि क्षेत्रलाई व्यवस्थित बनाई विकास गर्नका लागि तयार भएका नीतिहरूमा रहेको नीतिगत भिन्नता Policy Gap साथै किसान मैत्री नीति बनाउने उद्धेश्यका साथ रोष्टरमा सूचिकृत भएका कृषि तथा पशु सेवाका विशेषज्ञहरूसँग छलफल अन्तरक्रिया गरियो। उक्त छलफल कार्यक्रममा विभिन्न विषयका (बाली, वागवानी, बाली संरक्षण, माछा, कृषिअर्थ, कृषि नीति, माटो, पशु स्वास्थ्य/पशु, कृषि प्रसार, बजार विकास तथा भ्यालुचेन, कृषि वन र ICT, जलवायु परिवर्तन र कृषि अनुसन्धान) विषय विज्ञहरूसँग देहाय बमोजिमका विषयहरूमा छलफल गरियो।

### १. राष्ट्रिय कृषि नीति, २०७७ को प्रारम्भिक मस्यौदामा राय/सुझावहरू

कृषि विकासको जगलाई बलियो बनाई कृषि विकासलाई व्यवस्थित बनाउँदै लैजानका लागि राष्ट्रिय नीतिको आवश्यकतालाई सरकारले महत्वपूर्ण ठानी राष्ट्रिय कृषि नीति तयारीको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट राष्ट्रिय कृषि नीति, २०७७ को प्रारम्भिक मस्यौदामा सुझाव माग भएबमोजिम रोष्टरमा सूचीकृत विज्ञहरूसँग छलफल गरी तपसिल अनुसारका मुख्य मुख्य सुझावहरू प्राप्त गरियोः-

- रणनीतिमा प्रत्येक वडामा सामुदायिक कृषि तथा पशु सेवा प्रसारको लागि संघ, प्रदेश वा स्थानीय तह मध्ये कसले गर्ने भन्नेमा किटान हुनुपर्ने,
- रणनीतिमा भूमिको उपलब्धताको सुनिश्चितता गरी तीनै तहमा एकीकृत भूमि ब्यवस्थापन प्रणालीलाई प्रोत्साहन गर्ने भनिएको छ, तर तीनतह बीच समन्वय कसरी गर्ने र कुन कुन तहको जिम्मेवारी के हुने भन्नेमा स्पष्टता हुनुपर्ने,
- रणनीतिमा थप बुँदा कृषि मेसिनरीको गुणस्तर परीक्षण तथा प्रमाणिकरण पश्चात मात्र बजारमा ल्याउन पाउने ब्यवस्था स्पष्ट उल्लेख हुनुपर्ने,
- रणनीतिमा आयात निर्यात निरीक्षण तथा प्रमाणिकरण पद्धतिको बिकास अन्तगर्त यो ब्यवस्था कायमै छ तर धेरै निकायको संलग्नता हुने भएकोले पद्धतिको बिकास भन्नु भन्दा स्पष्ट मापदण्ड र प्रकृयाको सरलीकरण भन्दा अझ स्पष्ट हुने,

- रणनीतिमा खाद्य सम्प्रभुता ऐनमा धेरै कुराहरू उल्लेख भएका छन् । तसर्थ खाद्य सम्प्रभुता ऐनमा भएको ब्यवस्था अनुसार भनी उल्लेख गर्दा राम्रो हुने,
- कृषक पहिचान र वर्गीकरणका आधारमा कृषि अनुदानलाई वर्गीकरण गरिनु पर्ने,
- भूमिहीन, गरिब र विपन्न वर्गका किसानहरूलाई रोजगारीका अवसरहरू सिर्जना गर्नका लागि कृषि उत्पादनमा आधारित उद्योगहरू स्थापना गर्ने,
- फलफूल तथा तरकारी बालीहरूको यातायात व्यवस्थापनमा भएको क्षति न्यूनिकरण र व्यवस्थापनका लागि Cold Chain Movement Vehicle को प्रयोगलाई व्यवस्थापन गर्ने,
- व्यवसायिक कृषि फार्महरूलाई अनिवार्य दर्ता गरी उक्त फार्महरूमा प्राविधिक सहयोगको सुनिश्चितताका साथ उत्पादनमा किसानहरूलाई सहयोग गर्नुपर्ने,
- कृषि उपजका केही महत्वपूर्ण बाली तथा वस्तुहरूको बजार व्यवस्थापनालाई सहज बनाउन उत्पादनपूर्व उत्पादक र व्यापारी/व्यवसायीहरूसँग Payback Guarantee गर्ने व्यवस्थाका लागि निर्देशिका मापदण्ड वा कार्यविधि तय गरी सो अनुसार सहजीकरण गर्ने,
- कृषक हकहित र अधिकारको सम्वर्धन र प्रवर्द्धन साथै कृषकको तर्फबाट गर्नुपर्ने कर्तव्य सहित सम्पूर्ण कृषि क्षेत्रको विकास र विस्तारका लागि कृषि ऐन तर्जुमा गर्ने,
- देशभित्रै रोजगार सिर्जना र दिगो व्यवस्थापनका लागि कृषि उपजमा प्रयोग हुने मेशिनरी तथा सामाग्री उत्पादनका लागि कृषि कारखानाहरू स्थापना र संचालन गरी भौगोलिक विशेषता अनुसारका सामाग्रीहरूको उत्पादनमा जोड दिने,
- कृषि तथ्याङ्कलाई चुस्त/दुरूस्त राखी सोही अनुसार योजना निर्माण गर्न तिनै तहका सरकार बीचको समन्वय र सहकार्यलाई मजबुत बनाउँनका लागि डिजिटल प्रणालीको विकास गरी संचालन गर्ने,
- बसाई सराई भई खाली भएका पहाडका व्यक्तिगत जग्गाहरूलाई सरकारले किनेर सोही जग्गाहरूमा सम्भावनाका आधारमा कृषिका श्रोतकेन्द्रहरूको विकासका लागि निजी क्षेत्रहरूलाई उत्प्रेरित गर्दै नियमन समेत गर्ने,
- कृषि उत्पादनका लागि कुनै व्यक्ति वा फर्मले व्यवसायिक प्रस्ताव सहितको योजना पेश गरेमा उसलाई निश्चित अवधिका लागि सहज रूपमा भूमि उपलब्ध गराइ सरकारी निकायबाट सहजीकरण गर्ने,

- भू-उपयोग ऐन र भू-उपयोग नीतिको कार्यान्वयनका लागि संरचनागत वा संस्थागत समन्वय/सहकार्यको व्यवस्था गर्ने,
- बढी उत्पादन दिने जातहरूको मात्र अनुसन्धान र प्रविधि विकासमा बढी ध्यान नदिई रैथाने बालीहरूको गुण र उपयोगिताका आधारमा नेपालको परिस्थिति अनुकूलको प्रांगारिक खेतीको उपयोगिता सम्बन्धी अध्ययन गरी प्राङ्गारिक खेती विस्तार गर्दै जाने,
- गैर सरकारी संस्थाहरूले कृषि विकास सम्बन्धी योजना निर्माण गर्दा अनिवार्य रूपमा पालिका, प्रदेश र संघीय सरकारका कृषि क्षेत्र हेर्ने निकायसँगको परामर्श र छलफलमा योजना तय गर्नुपर्ने,
- कृषि बाली तथा वस्तुहरूको समर्थन मूल्य तोकी तोकिएका बाली तथा बस्तुहरूको सम्पूर्ण उत्पादित परिमाण खरिद गर्ने व्यवस्था गर्नुपर्ने,
- कृषि क्षेत्रसँग सम्बन्धित जल र जमिनको संरक्षण र प्रयोगलाई सँगसँगै लैजादा कृषि क्षेत्रको विकासमा सहज हुने भएको कारण जल तथा भूसंरक्षण र भू व्यवस्थापनका विषयहरूलाई कृषि मन्त्रालयका महाशाखामा राख्दा व्यवस्थित तवरले कृषि विकास गर्न सहज हुने,
- किसानहरूले आफ्नो जीविकोपार्जनका लागि आफ्नो जमिनमा उत्पादन गरेका वन तथा वनकाष्ठ पैदावारहरूलाई व्यक्तिगत तवरबाट सहजै बिक्री वितरण गरी आम्दानी गर्ने व्यवस्थाका लागि सम्बन्धित मन्त्रालयसँगको सहकार्यमा आवश्यक व्यवस्था हुनुपर्ने,
- जग्गा लिजमा लिई खेती गरिरहेका भूमिहीन किसानहरूलाई बिना धितो सरकारी सेवा सुविधा प्रदान गर्ने व्यवस्था गर्ने,
- रणनीतिमा राष्ट्रिय अनुसन्धान प्रतिष्ठान नयाँ खोल्नु भन्दा नार्कलाई नै कृषि नीतिको अनुसन्धान र अध्ययन गर्न प्रतिष्ठानको रूपमा विकास गर्दै लैजानु नै उचित हुन्छ,
- कृषि सुशासनको मापदण्डको बारेमा रणनीति वा कार्यनीतिमा उल्लेख हुनुपर्ने,
- नीतिको पुनरावलोकन १० वर्ष धेरै लामो अवधि भएकोले प्रत्येक ५/५ वर्षमा एक पटक पुनरावलोकन हुने व्यबस्था गर्न उचित हुने ।

## २. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०७७ मस्यौदा

कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०७७ को राष्ट्रिय किसान आयोगबाट सुझाव माग भए अनुसार विभिन्न क्षेत्रका विज्ञहरूसँगको छलफल साथै किसान आयोगको अध्ययनबाट प्राप्त महत्वपूर्ण सुझावहरू तपसिल बमोजिम रहेका छन्ः-

- ❖ नियम २ को उपनियम ८ मा पोषणको परिभाषा पहिलो लाईनमा स्वास्थ्यको सट्टा स्वस्थ हुनुपर्ने साथै उपनियम ९ को पहिलो लाईनमा पनि स्वास्थ्यको सट्टा स्वस्थ हुनुपर्ने,
- ❖ नियम ३ मा भोकमरीका सूचकहरू तय गरी उल्लेख गर्नुपर्ने,
- ❖ खाद्य सुरक्षाका लागि भोकमरी भएको अवस्थालाई सम्वोधन गर्ने विषयलाई प्राथमिकतामा राख्दा राख्दै खाद्य पोषणका सम्बन्धमा स्थानीय तहलाई नै पोषण सम्बन्धी कार्यमा कम प्राथमिकता रहेको देखिएकोले स्थानीय तहलाई बलियो बनाउदै संघ र प्रदेशबाट आर्थिक साथै प्राविधिक सहयोग गर्ने विषयलाई स्पष्ट गर्ने,
- ❖ नियम ८ उपनियम १ मा सम्बन्धित निकायको सट्टा सम्बन्धित स्थानीय तह हुनुपर्ने,
- ❖ नियम ८ उपनियम ३ पछि एउटा उपनियम थपः ४ यसरी भोकमरीको सूचना पाएपछि जोखिममा रहेको व्यक्ति वा समुदायलाई तत्काल राहत पुराउनु सम्बन्धित स्थानीय तहको दायित्व हुने,
- ❖ नियम ९ मा थप गर्नुपर्ने उपनियम ५ को आधारमा स्थानीय तहले खाद्य जोखिममा रहेका घरधुरी लाई तपिसलको आधारमा बर्गिकरण गर्नेछः

  क. तत्काल निःशुल्क खाद्य सामाग्री उपलब्ध गराउनु पर्ने घरपरिवार,

  ख. सहुलियत मूल्यमा खाद्य सहायता उपलब्ध गराउनुपर्ने घरपरिवार,

  ग. पूर्ण रूपले खाद्य सुरक्षित घरपरिवार,
- ❖ उपनियम ६ थप गर्ने उपनियम ५ क र ख को अवस्थामा सम्बन्धित स्थानीय तहले प्रदेश र संघको सहयोग र समन्वयमा खाद्य र पोषण सुरक्षाको लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालीन कार्यक्रमहरू संचालन गर्ने,
- ❖ नियम १९ मा क्षतिपूर्ति तथा राहत सम्बन्धी सम्वोधन गर्नुपर्ने कार्यका लागि क्षतिपूर्ति तथा राहत समितिबाट सिफारिस भएर आएपछि गर्ने जसका लागि तहगत सरकारमा समिति रहने

व्यवस्था गर्ने र समितिको काम कर्तव्य र अधिकारलाई पुनर्लेखन गर्ने,

- नियम २० मा रहेका ५ बटा उपनियम बाहेक थप उपनियम

  ६. तिनै तहका सरकारले कृषि राहत वा बीमा कोषको स्थापना गर्नुपर्ने,

  ७. बीमालाई प्रोत्साहन गर्ने र कृषि बीमा भएको अवस्थामा बीमा मार्फत क्षतिपूर्ति वा राहत उपलब्ध गराउने,

  ८. क्षतिपूर्ति वा राहत उपलब्ध गराउँने कार्यका लागि स्थानीय तहको सल्लाह र समन्वयमा कृषि वा पशु सेवा प्राविधिकको सिफारिसमा गर्नुपर्ने ब्यवस्था गर्ने,

- नियम २२मा राष्ट्रिय खाद्य योजनामा समावेश हुनुपर्ने विषयहरू भनेर एकै ठाउँमा राख्नुको सट्टा यसलाई वर्गीकृत गरी विभिन्न तहका निकायहरूको भूमिका स्पष्ट गर्ने,
  - खाद्य आपूर्ति
  - खाद्यमा पहुँच
  - खाद्यको उपयोग
  - दिगोपना वा स्थायित्व
- नियम २५ मा अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकासका लागि संघले आधारभूत वा सघन अनुसन्धान गर्ने, प्रदेशले कार्यमुलक अनुसन्धान र स्थानीय तहले खाद्य तथा पोषण सुरक्षा सम्बन्धी सन्देशमूलक कार्यक्रम संचालन गर्ने गरी तोक्ने,
- नियमावलीको नियम २७ अनुसार खाद्यको ढुवानी तथा वितरणको प्रवन्ध मिलाउने सम्बन्धमा प्रदेश सरकारलाई ढुवानी तथा सहायता वितरण प्रक्रियामा लाग्ने खर्च व्यवस्थापनमा नेपाल सरकारले दिने भन्नेमा प्रत्येक पालिकामा व्यवस्था गरी यसको कार्यान्वयनका लागि सरकारहरूले समन्वय गर्दा प्रभावकारी हुनसक्ने,
- नियम २८ मा आधारभूत खाद्यको मूल्य स्थिरताका लागि नेपाल सरकारले समर्थन मूल्य तोकेका बालीहरूको खरिदका लागि तोकिएको पक्षबाट खरिद नगरिएकोमा बाध्यकारी नपारिएकोले समर्थन मूल्य तोकिएका बालीहरूले मूल्य नपाई किसान मारमा परेको अवस्था छ जसका लागि समर्थन मूल्य तोकिएका बाली तथा बस्तुहरूको कार्यान्वयनका लागि तीनै तहका सरकारका स्पष्ट कार्यादिश तोकि सो को कार्यान्वयनका लागि संयन्त्र निर्माणबाट

प्रभावकारी कार्यान्वयन गर्ने,

- अनुसूचि ४ मा धुलो दुध प्रदान गर्ने कुरामा ३ वर्ष लेखिएकोमा २ वर्ष गर्नुपर्ने ।

## ३. नेपालमा कृषि बजार विस्तारका समस्या, चुनौती एवम् समाधानका उपायहरू

नेपालमा कृषि बजार विस्तारका समस्या, चुनौती एवम् समाधान सम्बन्धी विभिन्न क्षेत्रका विज्ञहरूसँग छलफल तथा अन्तरक्रिया गरी प्राप्त सुझावहरू यस प्रकार रहेका छन्ः-

### समस्या तथा चुनौतीहरू

- बजार गुरू योजनाको अभाव हुनु,
- बजार विकास पूर्वाधार निर्माणमा सरकारी लगानी खोज्ने प्रवृत्ति रहनु,
- कृषि बजारलाई उत्पादनसंग जोड्न नसक्नु,
- उत्पादनमा साना कृषकहरूको बाहुल्यता रहनु,
- बजार पूर्वाधार प्रयाप्त हुन नसक्नु साथै कमजोर बजार सूचना प्रणाली हुनु,
- बजार नियमन र संचालनमा कानुनी अड्चन रहनु,
- बजार स्थापनाका लागि जग्गा प्राप्ति प्रकृया झन्झटिलो रहनु,
- कृषि प्रसार कार्यकर्ताहरूमा बजार सम्बन्धी ज्ञानको कमी हुनु,
- कृषि बजारमा फोहरमैलाको उचित व्यवस्थापन व्यवस्थापन हुन नसक्नु,
- कृषि बजारको स्पष्ट मापदण्ड सहित वर्गीकरण नहुनु ।

### सुझावहरूः

- निर्वाहमुखी खेतीबाट ब्यवसायिक खेतीमा विकास हुनुपर्ने,
- बजार प्रवर्द्धनको लागि कृषि बजारमा हुने कारोबारको आधारमा हाल भै रहेको बजार वर्गीकरणको ब्यवस्थालाई परिमार्जन गर्नुपर्ने,
- कृषि बजार प्रवर्द्धनको लागि पूर्वाधार निर्माण देखि अन्य नियमन गर्ने कार्यलाई प्रभावकारी बनाउनुपर्ने,
- उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गर्दै विषादी परिक्षण कार्य उत्पादित बाली तथा बस्तुहरूको संकलन गर्ने स्थानमा नै परीक्षण गर्ने व्यवस्था मिलाउने,

- पशुपन्छी तथा माछा बजारलाई अन्य कृषिजन्य बजारहरू भन्दा फरक स्थानमा व्यवस्थित गर्नुपर्ने,
- बजारको पूर्वाधार निर्माण गर्दा संकलन गरिने कृषि उपजको प्रकृति अनुसार भण्डारण एवं बिक्री वितरणका लागि उचित व्यवस्था गर्नुपर्ने,
- कृषि बजारलाई व्यवस्थित बनाइ प्रभावकारी संचालन गर्न कृषि सूचना प्रणालीलाई डिजिटल बनाउनुपर्ने,
- स्थानीय स्तरका बजार संचालनमा स्थानीय तहलाई नै जिम्मेवार बनाउने गरी नीति नियम निर्माण गर्ने,
- बाली तथा वस्तुहरूको मूल्य श्रृंखलामा आधारित भएर मूख्य मूख्य वालीहरूको न्यूनतम समर्थन मूल्य तोकी सोही मूल्यमा सरकारद्धारा खरिद गर्ने ब्यवस्था गर्नुपर्ने,
- समयमै कृषि बजार ऐन र निर्देशिकाहरू तयार गरी कार्यान्वयन तहमा ल्याउनु ।

## ४. नेपालमा कृषि अनुसन्धान र प्रविधि विस्तारको वर्तमान अवस्था

नेपालमा कृषि अनुसन्धान र प्रविधि विस्तारको वर्तमान अवस्था सम्बन्धमा नेपाल कृषि अनुसन्धान परिषद् बाट कार्यपत्र प्रस्तुत भई सोही विषयमा विभिन्न क्षेत्रका विज्ञहरूबाट आ आफ्नो धारणा राखि कार्यपत्रमाथि छलफल तथा अन्तरक्रिया भएको थियो। उक्त छलफलबाट प्राप्त सुझावहरू निम्न अनुसार रहेका छन्ः-

### सुझावहरू

- कृषिको अनुसन्धान र प्रविधि विस्तारको अवस्था कमजोर रहेको हुँदा यसलाई प्रभावकारी बनाउन सरकारका तीनै तहबाट कार्य विभाजनमा तोकिए अनुसार कार्य गर्ने,
- बाँझो जमिन उपयोग सम्बन्धी थप अध्ययन अनुसन्धान हुनु पर्ने,
- नेपाल कृषि अनुसन्धान परिषद्का फार्महरूबाट उत्पादित विभिन्न बालीका मूल तथा उन्नत बीउहरूमा कृषकको पहुँच बढाउन योजनाबद्ध तरिकाले बीउ उत्पादन कार्य गर्ने,
- अनुसन्धानबाट निस्केका जात एवं प्रविधिहरू कृषि प्रसारको माध्यमबाट कृषक समक्ष पुऱ्याउने मिनिकिट वितरण कार्य प्रभावकारी रहेकोमा सो कार्यलाई निरन्तरता दिने,

- ❖ मध्य पहाडी भू-भागमा खेती हुने घैया धान हाल लोप हुँदै गएको हुँदा संरक्षण र प्रवर्द्धनका कार्यक्रमहरू गर्ने,
- ❖ कृषि अनुसन्धानबाट प्राप्त प्रविधिहरू मध्ये किसानले उपयुक्त ठानेका प्रविधिहरूलाई निरन्तरता दिने,
- ❖ अनुसन्धान र कृषि प्रसार बीचको दुरी कम गरी किसानको प्राविधिक क्षमता वृद्धि गर्ने
- ❖ आवश्यकता विषयहरू पहिचान गरी सो क्षेत्रहरूमा अध्ययन अनुसन्धान एवं प्रविधि विस्तार गर्नुपर्ने,
- ❖ प्रविधिको अध्ययन, अनुसन्धान र परीक्षण गर्दा किसानको सहभागितालाई प्राथमिकता दिने,
- ❖ अध्ययन, अनुसन्धान एवं प्रविधि विस्तारलाई प्रभावकारी संचालन गर्न नेपाल कृषि अनुसन्धान एवं कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका निकायमा रहेको रिक्त दरबन्दी पूर्ति गर्ने ।

## ४.३ राष्ट्रिय किसान आयोगबाट गरिएका अध्ययनहरूको सारांश

राष्ट्रिय किसान आयोगबाट किसानको हक हितको संरक्षण र सम्वर्द्धनका लागि कृषि क्षेत्रका विभिन्न विषयहरूमा अध्ययन गर्ने लक्ष्य रहेकोमा यस आयोगबाट आ.व. २०७८/०७९ मा तपसिल बमोजिमका विषयहरूमा अध्ययन गरियो। साराशंमा उक्त अध्ययनहरूको प्रतिवेदन निम्न बमोजिम रहेको छः-

### १. रासायनिक मलको बितरण प्रणालीमा सुधार गरी प्रभावकारी बनाउने

कृषि उत्पादनमा प्रत्यक्ष सरोकारवाला किसानलाई उत्पादनका श्रोत, साधन तथा प्रविधिबाट सुसम्पन्न बनाउन नेपाल सरकारबाट बिभिन्न कार्यालयको स्थापना गरी कार्यक्रम संचालन भइरहेका छन्।किसानका समस्याहरू समाधानका लागि सरोकारवाला निकायहरूसँग समेत छलफल गरी नेपाल सरकारलाई सहयोग गर्न राष्ट्रिय किसान आयोगको स्थापना भएको छ।कृषि उत्पादनका लागि अति आवश्यक श्रोत साधन मध्येको रासायनिक मलखादको वितरण प्रणालीमा किसानले भोग्नु परेका समस्याको समाधानको लागि नेपाल सरकारलाई सल्लाह सुझाव दिने उद्देश्यका साथ वार्षिक कार्यक्रममा समावेश भए बमोजिम यस अध्ययन कार्य सम्पन्न भयो।

प्रतिवेदन तयारीका लागि रासायनिक मलसँग सम्बन्धित ऐन, नियम नियमावली, कार्यविधि, लेख आदि अध्ययन गरिएको छ। यस अध्ययनसँग सम्बन्धित संघीय तथा प्रादेशिक स्तरका कृषिसँग सम्बन्धित मन्त्रालय र मल आयात तथा बितरण गर्ने कार्यालयका प्रमुख वा सम्बन्धित विषयमा काम गर्ने वा कार्यको अनुभव भएका निवृत्त वा कार्यरत विज्ञहरू समेतको राय सुझाव लिइएको छ। यसका साथै स्थानीय स्तरमा कार्य गर्ने र किसानसँग सिधा सम्पर्कमा काम गर्ने कृषि सहकारी, एग्रोभेट तथा स्थानीय तहका अध्यक्ष/मेयर, उपाध्यक्ष/उपमेयरसँग छलफल र यस अन्तर्गतका कृषि विकास शाखाका प्रमुखसँग आवश्यक आँकडा र जानकारी समेत लिइएको छ। स्थानीय तहका कृषि विकास शाखाका प्रमुखको सहयोगमा कृषि सहकारीमा आवद्ध र अन्य किसान समूह मध्येबाट स्थानीय तहमा ५ देखि १५ जना सम्म किसानसँग सम्पर्क राखि उनीहरूसँग अन्तरक्रिया र पूर्वतयारी फाराम भरियो। यसका साथै विभिन्न ६ वटा जिल्लाका ७० जना किसानको समेत अध्ययनका लागि विवरण प्राप्त गरियो।

किसानहरूसँग प्रतिक्रिया संकलन गरेको आँकडालाई विभिन्न शिर्षकमा विभाजित गरी अध्ययन गरिएको थियो। अध्ययनका लागि आवश्यक विभिन्न विषयहरूमा जानकारी लिनका लागि किसान परिवारको बनौट, किसान परिवार सदस्यहरूको कृषि उत्पादनमा संलग्नता, किसान परिवारको खेती गरिने जग्गाको प्रकार तथा क्षेत्रफल, खेती बालीको प्रकार र किसानको सहभागिता, खेती बालीको प्रकार अनुसार उत्पादनमा योगदान, खेतीबालीको उत्पादन गुणस्तर, किसानले बालीमा प्रयोग गरेको रासायनिक मलको मात्रा, किसानको रासायनिक मल वितरणप्रति विश्वसनियता, किसानलाई वितरकले रासायनिक मल उपलब्ध गराउने अवस्था, विरूवाको खाद्यतत्वको आधारमा मलको प्रयोगको अवस्था, रासायनिक मलको प्रयोगमा मुख्य समस्या, रासायनिक मलको प्रयोगले उत्पादन तथा माटोमा पारेको प्रभाव, कम्पोष्ट मलको प्रयोग र कम्पोष्ट मलको प्रयोगले उत्पादन तथा माटोमा पारेको प्रभाव जस्ता विभिन्न उपशीर्षकहरू छनौट गरिएका थिए।

अध्ययनबाट राष्ट्रिय मल नीति, २०५८ को न्यून कार्यान्वयन भएता पनि त्यसको प्रभावकारिता नभएको देखियो। सरकारले जारी गरेको अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ ले संघीय, प्रादेशिक तथा स्थानीय तह सम्म विभिन्न समिति गठन गरी उनीहरूको काम,

कर्तव्य र अधिकारको व्यवस्था गरेको तर यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा स्थानीय तहहरूमा समस्या देखिएका छन। किसानहरूले आफूले चाहेको मलको मात्रा, प्रकार र समयमा प्राप्त गर्न नसकेको भएता पनि तराइमा अनाधिकृत श्रोतबाट भित्रिएको रासायनिक मल प्रयोग भएको छ भने मध्य तथा उच्च पहाडमा त्यसरी प्रयोग भएको पाइएन।

खेतीयोग्य जमिन र सिफारिस खाद्यतत्वको मात्रा अनुसार नाइट्रोजन, फोस्फोरस तथा पोटासको श्रोतको रूपमा रहेको युरिया डिएपी तथा पोटासको मात्रा वार्षिक रूपमा मुख्य बाली धान गहुँ र मकैलाई आवश्यक मलको आंकलन परिमाण ११,८०,८४४ मे.टन हुन आउँछ। हाल नेपालमा किसानले प्रयोग गरिरहेको मलको मात्राको आधारमा ६,७४,२८९.६ मे.टन प्रयोग भएको देखिन्छ।

शहरीकरणले घरमा पाल्ने पशुपंक्षीको संख्या घट्दो भई गोठेमलको उत्पादनमा कमी भएकोले रासायनिक मल प्रयोगमा निर्भरता बढ्दो अवस्थामा छ। कृषि पेशामा संलग्न हुने परिवारको सदस्य संख्या घट्दो र व्यवसायिक खेती वढदो अवस्था छ। नेपालमा धेरै जसो किसान परिवारले कुनै न कुनै रूपमा पशुपन्छी पालीरहने र त्यसबाट प्राप्त हुने गोठेमल आफ्नो खेतीमा प्रयोग गरेका छन तराईका किसानहरूले खेतीबालीमा रासायनिक मलको प्रयोगमा कमी गरेका छैनन भने मध्य पहाड र उच्च पहाडमा यसको प्रयोग धेरै कम छ। किसानले पोटासयुक्त मलको प्रयोग कम मात्रामा गर्ने भएकाले यसको उपलब्धतामा खासै कमी देखिँदैन।

रासायनिक मलको आयातमा स्वदेशमा भएका निजी संस्थालाई आवश्यक मात्रामा मल ल्याउनलाई प्रेरित गर्नुपर्ने देखिन्छ। रासायनिक मलमा दिइने अनुदानको रकम सोझै किसानले प्राप्त गर्ने व्यवस्थाका साथै ढुवानी समेत अनुदान दिनुपर्ने देखिन्छ। रासायनिक मलको मूल्य सुगम तथा दुर्गममा समान हुने व्यवस्था गर्नुपर्छ। यसैगरी रासायनिक मल देश भित्र उत्पादन गरी आत्मनिर्भर हुन कारखानाको स्थापना गर्ने प्रक्रिया अगाडि बढाउनुको साथै रासायनिक मल वितरणमा संलग्न कम्पनीहरूले स्थानीय तह भित्रका किसानले आवश्यक परेको समयमा मल प्राप्त गर्न तोकिएको स्थानीय तह अन्तर्गत वितरण गर्ने वितरकलाई समेत छिटोछरितो मल उपलब्ध गराउन आफ्ना बिक्री केन्द्र वा डिपोको विस्तार गर्नु पर्छ ।

## निष्कर्ष तथा सिफारिस

### (क) निष्कर्षः

नेपालमा रासायनिक मल आपूर्ति तथा वितरण प्रणालीमा सरोकार राख्ने र कृषि उत्पादनसँग प्रत्यक्ष जोडिएका रासायनिक मलको प्रयोग गर्ने किसानले भोग्नु परेको समस्याले नेपालको कृषि उत्पादन तथा देशकै आर्थिक अवस्थामा प्रभाव पारेको छ । देशमा आधिकारिक रूपमा आयात भएको अनुदानित मल किसानहरूले बालीलाई आवश्यक पर्ने मात्रा तथा उपयुक्त समयमा प्रयोग गर्न पाएका छैनन। बाली लगाउने समय निश्चित हुन्छ र बालीलाई प्रयोग गर्नुपर्ने रासायनिक मलको मात्रा प्रकार पनि बालीको बृद्धि हुने विभिन्न उमेर अवस्थामा दिनुपर्ने हुँदा त्यो पनि निश्चित नै हुन्छ। अन्यथा, प्रयोग भएको मलखादको प्रभावकारिता हुँदैन र उत्पादनमा योगदान पुग्दैन वा कम हुन्छ। मलखाद आयात तथा वितरण सम्बन्धी ऐन, नीति, निर्देशिका तथा आदेशमा कुनै कमी देखिदैन बरू यसको पूर्ण कार्यान्वयन नभएको देखिन्छ। नेपालमा रासायनिक मल उत्पादनको कारखाना नभएकोले आयातको विकल्प छैन। कृषि बाली लगाउने किसानलाई आवश्यक मात्रा उचित समयमा मलखाद पुऱ्याउन कमसेकम एक बाली लगाउन पुग्ने गरी मौज्दात राख्न जरूरी छ। आयात देखि वितरण सम्म नीजि कम्पनीहरूलाई समेत सहभागिता हुनेगरी प्रोत्साहन गरेमा यो प्रणाली बढी प्रतिस्पर्धी हुन जाने हुँदा किसानलाई सहज उपलब्ध हुन सक्ने देखिन्छ ।

विरुवालाई आवश्यक पर्ने नाइट्रोजन, फोस्फोरस र पोटासका सबै प्रकारका श्रोतहरूमा अनुदान हुनुपर्दछ। यस प्रकारको अनुदान किसानले परल मूल्य अनुसार किन्ने र अनुदानित रकम सिधै किसानलाई उपलब्ध गराउन उपयुक्त देखिन्छ। यसो गर्दा मल आयातमा नीजि कम्पनीहरू पनि सहभागी हुने र किसानले सुरूवातमा परलमूल्य लगानी गर्नुपर्ने भएकोले मल प्रयोगमा मितव्ययिता समेत हुने देखिन्छ भने अर्कोतर्फ राज्यले दिइरहेको अनुदान रकमको किसानले प्रत्यक्ष अनुभूति गर्न पाउँछन्।

रासायनिक मल वितरण प्रणालीमा कृषकको पहुँच बढाउनका लागि कम्पनी र कम्पनीका बिक्री केन्द्र, वितरण प्रणालीमा संलग्न विभिन्न स्तरका समितिहरूलाई व्यवस्थित गर्न आवश्यक देखिन्छ। साथसाथै निर्धारित क्षेत्रमा किसानको लागि वितरण गर्ने विक्रेतामा कृषि सहकारीलाई नै प्राथमिकता भए अनुसार यस्ता वितरकलाई प्रोत्साहित हुने व्यवस्था मिलाउनु

पर्ने देखिन्छ। भारतको सिमावर्ती क्षेत्रबाट अनाधिकृत रूपमा नेपाल भित्रिने गुणस्तर प्रमाणित नभएका र गुणस्तरहीन मलखादलाई नियन्त्रण गर्न प्रभावकारी अनुगमन प्रणालीको व्यवस्था गर्नुपर्छ। वर्तमान खेती प्रणालीमा किसानको रासायनिक मलमा निर्भरता बढेको, किसानहरू व्यवसायिक कृषि उत्पादन तर्फ उन्मुख भएकोमा रासायनिक मलको प्रयोग र मागमा दिनानुदिन थपिँदै जाने भएकोले मलखादको उचित व्यवस्थापनमा राज्यको ध्यान जानु जरूरी देखिन्छ।

## (ख) सिफारिस

रासायनिक मल आयात तथा वितरण प्रणालीमा देखिएका कमी कमजोरीलाई सुधार गरी प्रभावकारी बनाउन निम्न अनुसार सिफारीस गरिएको छः-

### क) आयात तर्फ

- आगामी वर्षको लागि आवश्यक पर्ने रासायनिक मलको प्रकार र परिमाण मौज्दात गरी अघिल्लो वर्ष नै कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सुनिश्चितता गरी आयातको व्यवस्था गर्ने,
- ५ वर्षमा आयातलाई प्रतिस्थापन गर्ने गरी रासायनिक मल उत्पादन गर्ने कारखाना स्थापना र सन्चालनका लागि आवश्यक विधि, प्रक्रिया पूरा गरी देशलाई रासायनिक मलमा आत्मनिर्भर गराउने र विदेशमा स्थापना हुने खासगरी सरकारी स्वामित्वका कारखानाहरूमा शेयर लगानी गरी मल आयातलाई सहज बनाउने,
- अनुदानित रासायनिक मल आयातका लागि सरकारी स्वामित्वका कम्पनीहरूमा मात्र सीमित नभई निजी कम्पनीहरूलाई समेत आयातमा प्रोत्साहन गर्ने,
- रासायनिक मल अत्यवश्यक पदार्थमा समावेश गराई खरिद प्रणालीलाई चुस्त र छरितो बनाउन अलग्गै सार्वजनिक खरिद नियमावली बनाई तत्काल लागु गर्ने ।

### ख) वितरण तर्फ

- तोकिएको क्षेत्रमा रासायनिक मल मौज्दात राख्नको लागि सो क्षेत्रमा बिक्री गर्ने कम्पनीहरूले एक वर्षको लागि आवश्यक पर्ने मात्रा अनुसार गोदामको व्यवस्था गर्ने,
- वितरकको लागि कृषि सहकारीलाई प्राथमिकता दिएकोले कृषि सहकारी भएको क्षेत्रमा कृषि सहकारीलाई प्राथमिकतामा राखी वितरक बन्न प्रेरित गर्ने,

- ❖ सबै जिल्लामा बिक्री डिपो नहुँदा एउटै डिपोले धेरै जिल्लाहरूमा मल वितरण गर्नुपर्ने अवस्था भएकोले ढुवानीको कारण दुर्गमका किसानलाई मलको मूल्यमा अतिरिक्त भार परिरहेकोले सबै जिल्लामा बिक्री डिपोहरू स्थापना गर्ने,
- ❖ मल प्रयोगको अवस्थालाई दुरूस्त राख्न सबै स्थानीय तहका मल प्रयोगकर्ता किसानहरूलाई केन्द्रीय अनलाईन प्रणालीमा जोड्ने,
- ❖ अनुदानको मल व्यवस्थापन निर्देशिका, २०७७ मा भएको व्यवस्थालाई परमार्जन गरी स्थानीय समितिमा मल वितरक सहकारी र कृषकको प्रतिनिधित्व हुने व्यवस्था गर्ने,
- ❖ नेपाल सरकारले शुरू गरेको किसान पहिचान र वर्गीकरण कार्यक्रमलाई प्रभावकारी बनाई किसान वर्गीकरणका आधारमा किसानलाई अनुदान दिने व्यवस्था मिलाउने ।

## ग) अनुदान तर्फ

- ❖ रासायनिक मलको अनुदान रकम सोझै किसानले पाउने गरी भुक्तानी दिन किसानको सूचीकरण र वर्गीकरणको आधारमा दिइने किसान परिचय पत्र सबै किसानहरूलाई वितरण गरी सोही परिचय पत्रको आधारमा अनुदानको रकम भौचर प्रणालीबाट भुक्तानी दिने व्यवस्था गर्ने  तर यस्तो अनुदान दिने व्यवस्था पूर्ण रूपमा लागु नभएसम्म प्रयोगको आधारमा अनुदान दिने व्यवस्था कायम राख्ने,
- ❖ मलमा दिइने अनुदानलाई दुई प्रकारले व्यवस्थित गर्न सकिन्छ, पहिलो रासायनिक मलको मूल्यमा किसानले खरिद गरेको बिल अनुसार किसानलाई सोझै अनुदान उपलब्ध गराउने र दोश्रो रासायनिक मलको ढुवानीमा, ढुवानीका कारण देशभरि फरक फरक मूल्य पर्न गईरहेकोले ढुवानीमा समेत अनुदान दिने व्यवस्था गरी देशभरि एउटै मूल्य कायम गर्ने । स्थानीय तहको जवाफदेहिताका लागि ढुवानीमा स्थानीय तह मार्फत अनुदान उपलब्ध गराउने,
- ❖ प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गर्ने र यसको लागि बायोफर्टिलाइजर (एजोटोब्याक्टर ट्राइकोडर्मा फस्फोरस सोलुबलाइजिङ्ग ब्याक्टेरिया आदि) को प्रयोगमा समेत सहयोग गर्ने ।

## २. कृषि अनुदानमा भएको नीतिगत ब्यवस्था सुधार

### सारांश

कृषि क्षेत्र श्रममा बढी निर्भर रहनुपर्ने, कृषि पेशा कम प्रतिस्पर्धी हुने, कृषि उत्पादनलाई मौसम, रोग, कीराले असर गर्ने, कृषि बाली तथा पशुजन्य उत्पादन अत्यन्तै संबेदनशील क्षेत्र भएकोले यसमा संग्लन कृषकहरूलाई कृषि क्षेत्रमा टिकाई राखु महत्पपूर्ण हुन्छ। कृषिको उत्पादन एवम् उत्पादकत्व बढाउने उद्देश्यले नयाँ कृषि प्रविधिहरूको विकास र तिनीहरूको उपयोगमा बाट खाद्य सुरक्षा तथा गरिबी निवारण गर्नुपर्ने हुन्छ। कृषि क्षेत्रको विकासबाट देशको आर्थिक वृद्धिका लागि कृषिमा निर्भर किसानलाई अनुदान दिई कृषिलाई व्यावसायिकरण तर्फ लैजानु आजको आवश्यकता हो। जसबाट विभिन्न पूर्वाधारहरूको विकास भई कृषि विकासको आधार तय हुन्छ। जसमा सरकारी स्तरबाट आवश्यक लगानी गरी नीजि उद्यमी, कृषि व्यवसायी, कृषक समूह, कृषि सहकारीलाई समेत कृषि पुर्वाधार विकासतर्फ आकर्षित गर्नको लागि विभिन्न अनुदानका कार्यक्रमहरू राज्यले संचालन गर्नुपर्ने हुन्छ।

नेपाल विश्व व्यापार संगठनको सदस्य राष्ट्र भईसकेपछि अन्तराष्ट्रिय बजारमा कृषि उद्यमीहरूको पहुँच सुदृढीकरण गर्दै कृषि उत्पादनहरूको निर्यात वृद्धि गर्न एवं आन्तरिक कृषि उद्योग व्यवसायको संरक्षण गर्न समेत अनुदानको आवश्यक पर्दछ। जनताको खाद्य सुरक्षाको हकलाई सुरक्षित गर्न तथा उत्पादनमुलक क्षेत्रहरूमा प्रतिस्पर्धात्मक क्षमता वृद्धिमा पनि अनुदानको आवश्यकता पर्दछ। त्यसैगरी जोखिममा परेका वर्गहरू जस्तैः भूमिहीन, सिमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक समुदायको खाद्य तथा पोषण सुरक्षा र कृषि औद्योगिकिकरण माध्यमबाट आर्थिक रूपान्तरण गरी स्वदेशि पूंजी निर्माण गर्न समेत अहिलेको अवस्थामा कृषि क्षेत्रमा अनुदानको आवश्यकता देखिन्छ।

कृषि कर्मलाई सहजीकरण र उत्पादन लागत घटाउनका लागि बाली लगाउनेदेखि बजारीकरणका विविध कार्य सञ्चालनको लागि आवश्यक ठूला तथा साना कृषि मेसिनरी तथा उपकरणहरू कम्वाइण्ड हार्भेष्टर, थ्रेसर, पावर टिलर, मिनी टिलर, रोटाभेटर, लेजरल्यान्ड लेभलर, रिपर, आलु रोप्ने, मकै गोड्ने मेशिन, विद्युतीय स्प्रेयर, फलफूल प्रशोधनमा प्रयोग गरिने उपकरण/मेसिन, जुस एक्सट्र्याक्टर, फल टिप्ने भरयाङ्ग, सिकेचर, मोहनी पासो आदिमा ५० प्रतिशत

अनुदान उपलब्ध गराइएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ अन्तर्गत सुपरजोन,जोनहरूका कार्यक्रमहरूमा व्यावसायिकरणका लागि आवश्यक पूर्वाधारहरू पोष्ट हार्भेष्ट सेन्टर, प्राथमिक प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिङ, प्रिकुलिङ, प्याकेजिङ, लेवलिङ, ढुवानी, प्रदर्शन तथा बिक्री कक्ष लगायतका उत्पादनोपरान्त उपज व्यवस्थापन, ह्याण्डलिङ तथा बजार व्यवस्थापन रहेका छन्। अन्य पूर्वधारहरूमा प्रशोधन उद्योग, चिप्स उद्योग, सोलार ड्रायर, आधुनिक अलैंची भट्टी, कृषिमार्ट स्थापना सहयोग, प्राङ्गारिक मल कारखाना स्थापना सहयोग र साना ढुवानी साधनको लागि (ट्र्याक्टर, सिङ्गल क्याविन जीप, पिकअप आदि) बढीमा ८५ प्रतिशत अनुदानको व्यवस्था गरिएको छ। साना सिँचाइ कुलो मर्मत, पानी सङ्कलनका लागि सिमेन्टेड तथा प्लाष्टिक पोखरी निर्माण, पक्की पोखरी निर्माण, थोपा सिँचाइ प्रणाली स्थापना, कुलो मर्मत, स्यालो ट्यूववेल, बाँध, पानी तान्ने मोटर र पम्प, पाइप, लिफ्ट सिँचाइ लगायतका साना सिँचाइ सम्बन्धी पूर्वाधार तथा मेसिनरीहरू र सौर्य उर्जामा आधारित सिँचाइ प्रणाली जडान अनुदान सहयोग बढीमा ८५ प्रतिशत अनुदान सहयोगमा उपलब्ध गराइएको छ। परियोजना कार्यान्वयन एकाइ अन्तर्गत तरकारी तथा फलफूल बालीका सुपरजोन र जोनहरूमा स्वस्थ र गुणस्तरीय बिरूवा उत्पादनका लागि सरकारी/निजी/सहकारी-समूहको साझेदारीमा जोन, सुपरजोन क्षेत्रमा उच्च प्रविधियुक्त नर्सरी स्थापना गर्ने कार्यक्रम परियोजनाको ५० प्रतिशत अनुदानमा पूर्वाधार निर्माण गर्ने व्यवस्था रहेको छ। कृषि अनुसन्धान-शिक्षा-प्रसारको समन्वय गर्ने व्यवस्था बमोजिम परियोजनाका जोनहरूमा कृषि प्राविधिक शिक्षालय स्थापना तथा सञ्चालनका लागि चालु अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ।

हाल भइरहेको अनुदान कार्यक्रमको मुख्य उद्देश्य कृषिको व्यवसायीकरण गर्नु हो। संचालित अनुदान कार्यक्रमहरूबाट प्राप्त परिणामहरूको लेखाजोखा हुन सकेको छैन। अनुदानको मूल समस्या अनुदान कार्यक्रम संचालन गर्दा प्रभावकारी कार्यान्वयनको कमी हुनु देखिन्छ। तसर्थ कुनै पनि अनुदान कार्यक्रम तर्जुमा गर्दा कार्यान्वयन कार्ययोजना बनाउनु जरूरी हुन्छ। यसो हुनसकेमा कुनकुन कार्यक्रममा कसरी, के कति मात्रामा अनुदान उपलब्ध गराउने हो सो को निर्क्योल गर्न सकिन्छ।

## निष्कर्ष र सुझावहरू

### निष्कर्ष

नेपाल सरकारबाट कृषिलाई आकर्षित पेशाको रूपमा विकास गरी कृषिको आधुनिकीकरण र व्यवसायीकरणलाई प्राथमिकता दिनको लागि प्रत्येक वर्ष कृषि व्यवसाय सुरूवात तथा विस्तारका लागि अनुदान दिदै आइरहेको छ तर पनि कृषि व्यापार घाटा दिनानुदिन बढ्न गई अरबौ रूपैया बाहिरिएको छ। कृषिको व्यवसायीकरणमा सिंचाई, मलखाद, उन्नत बीउ,नश्ल, शुलभ कृषि कर्जा, कृषि सडक, यान्त्रिकरण, शितभण्डार र बजार जस्ता आधारभूत पूर्वाधारहरूको विकास र विस्तार गर्नु अति आवश्यक छ। नीतिगत रूपमा उत्पादन सामग्रीमा अनुदान, सस्तो र सुलभ कृषि ऋण, किसानलाई प्राविधिक सेवा,बाली बस्तुको बीमा, न्युनतम बचतको ग्यारेन्टी आदि विषयहरू किसानको पक्षमा भएता पनि यी विषयहरूको प्रभावकारी कार्यान्वयन नभएका कारण किसानको जीविकोपार्जनमा  सुधार हुन नसकेको गुनासो व्यापक रूपमा आएको पाईएको छ।

अध्ययनबाट किसानको हक हित र अधिकारको संरक्षण गर्दै कृषिको उत्पादन र उत्पादकत्व वृद्धिका लागि देहाय बमोजिमको निष्कर्ष रहेका छन्ः-

- राष्ट्रिय खाद्य सुरक्षा, उत्पादन लागत न्यूनीकरण र अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न कृषि क्षेत्रमा अनुदानको जरूरत रहेको,
- किसानलाई कुनै पनि कार्यक्रममा अनुदान रकम उपलब्ध गराउदा सोझै किसानले पाउने गरी भुक्तानी दिन किसानको सूचीकरण र वर्गीकरणको आधारमा दिइने किसान परिचय पत्र सबै किसानहरूलाई वितरण गरी सोही परिचय पत्रको आधारमा कार्यक्रम अनुसारको अनुदान रकम भौचर प्रणालीबाट भुक्तानी दिने,
- देशमा कृषि क्षेत्रको संरक्षण गर्न कृषि अनुदानमा राज्य बढी संबेदनशील हुन आवश्यक छ। कृषि अनुदानले कृषकहरूको उत्पादन लागत कम गर्दै समग्र कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना मार्फत गरीबी न्यूनीकरण, खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउछ। त्यसकारण अनुदान कार्यक्रमको प्रभावकारी योजना तर्जुमा, कार्यान्वयन

र अनुगमन तथा मूल्याङ्कन हुनु आवश्यक छ। तसर्थ कृषि अनुदान वितरणमूखी नभएर प्रतिफलमा आधारित हुनु पर्ने,

- कृषि क्षेत्रमा संग्लन किसानहरूको संरक्षण तथा खाद्य सुरक्षामा लगानी अनिवार्य हुन्छ त्यसकारण जीविकोपार्जनमा सुधार, गरिबी न्यूनीकरण र पोषण सुधार गर्न विशेष कार्यक्रमहरू संचालन गर्ने ।

## सुझावहरू

- सीमान्तकृत किसानलाई दिइने अनुदान बिना प्रतिस्पर्धा सहज रूपमा उत्पादन सामाग्रीमा(मल, बीउ, सिंचाई र कृषि औजार आदि) प्राप्त हुने गरी उपलब्ध गराउने व्यवस्था भएमा मात्रै अनुदानको यतार्थता प्रष्ट हुने अन्यथा स्रोतमा सहज पहुँच भएका किसानसँग सीमान्तकृत किसानहरूले प्रतिस्पर्धा गर्न नसक्ने र सीमान्तकृत किसानहरू कृषि अनुदानका कार्यक्रमबाट बञ्चित हुने अवस्था आउन सक्ने भएकोले अनुदानलाई कृषक पहिचान र वर्गीकरणका आधारमा अनुदानलाई व्यवस्थित गर्ने,
- पुरक अनुदानका लागि ठुला तथा मझौला किसानहरूलाई सहुलियतपूर्ण ऋणको व्यवस्था मिलाउन नेपाल राष्ट्र बैंक र मातहतका वित्तीय संस्थाहरूसँग समन्वय गरी उपलब्ध गराउने
- स्थानीय तहमा रहेका कृषि प्राविधिकहरूले आफ्नो क्षेत्रभित्रका कृषकहरूलाई मौसम अनुसारको बाली योजना सहित व्यवसाय दर्ता गर्न प्राविधिक सहयोग प्रदान गर्दा प्रमुख उत्पादन सामग्रीहरू (मल, बीउ, बिषादीहरू, साना औजार आदि)खरिदका लागि भौचर मार्फत अनुदान रकम उपलब्ध गराउँदा वास्तविक किसानको अनुदानमा पहुँच हुने,
- न्युनतम समर्थन मूल्य तोकिएका बालीहरूको समर्थन मूल्य भन्दा विक्रि मूल्य कम भएमा जति रकम कम हुन्छ सो रकम  किसानको बैंक खातामा अनुदानको रूपमा सरकारले उपलब्ध गराउने,
- कृषक सूचना प्रणालीको व्यवस्थित विकास गरी कृषि अनुदान वा अन्य कुनै सुवीधामा हुनसक्ने दोहोरोपना हटाउने,
- एकीकृत कृषि अनुदान ऐन ल्याई अनुदान प्रक्रियालाई व्यवस्थित गर्ने ।

## ३. कृषि विकासको लागि राज्यले अंगीकार गरेका नीतिहरूमा केन्द्र, प्रदेश र स्थानीय तहमा कार्यान्वयनमा भएको अध्ययन


### सारांश

नेपालमा कृषि विकासको लागि तीनै तहका सरकारले तयार पारेका ऐन, नीति, कार्यविधि, निर्देशिका एवं कार्यक्रमहरूको कार्यान्वयनको अवस्था बारे जानकारी लिनु यस अध्ययनको उद्देश्य रहेको छ। नेपालको संविधान २०७२ मा सम्पत्तिको हक, खाद्यसम्बन्धी हक, सामाजिक न्यायको हक भूमि सम्बन्धी हक जस्ता विषयहरूको स्पष्ट व्यवस्था भएको छ । जसको कार्यान्वयनका लागि तीनै तहका सरकारका निकायहरूले विभिन्न नीति, ऐन, कार्यविधि र निर्देशिकाहरू तयार पारेको देखिन्छ। कृषि विकासमा महत्वपूर्ण रहेको राष्ट्रिय कृषि नीति, २०६१ हाल सम्म पनि नेपालको कृषि विकासको लागि मूल नीतिको रूपमा रहेको र कृषि क्षेत्रका अन्य क्षेत्रगत नीतिहरू तर्जुमा हुने नीतिहरू यसै नीतिबाट निर्देशित भएको देखिन्छ ।

राष्ट्रिय कृषि नीति,२०६१ निर्माण पश्चात नेपालमा २० भन्दा बढि नीतिहरू, सोही संख्यामा ऐनहरू र ८० भन्दा वढी निर्देशिका, कार्यविधि र मार्गदर्शनहरू लागु भएका देखिन्छन् । यस्ता नीतिहरू कार्यान्वयनमा आए संगै खाद्यान्न, नगदेबाली, दुध, मासु आदिको उत्पादनमा केही सुधारहरू देखिएता पनि खेतीयोग्य जमिनको खण्डीकरण र गैह्र कृषि प्रयोगमा हुने रूपान्तरण भने रोकिएको छैन। भूमिहीन किसानहरूको समस्या र दोहोरो स्वामित्वको समस्या उस्तै छ। उत्पादन बृद्धिदर न्युनतम ०.०१ देखि अधिकतम ५.१४ प्रतिशत सम्म हाँसिल भएको देखिन्छ। कृषि नीतिमा पशुपन्छी क्षेत्र कम प्राथमिकतामा परेको देखिन्छ । तीनै तहका सरकारले निर्माण गर्ने नीतिहरूमा शीतघर निर्माणमा सहुलियत दिने ब्यवस्था भएका कारण शीतघरका संख्यामा बृद्धि भएता पनि अधिकांश शीतघरहरू ज्यादै न्युन क्षमतामा संचालन भएका छन् । राज्यको ठूलो धनराशी रासायनिक मलको अनुदानमा खर्च भएता पनि मलको आपुर्ति सहज हुन सकेको छैन। अनुदानको लागि पहाडमा ०.७५ हे. र तराईमा ४ हे. को सिमा वैज्ञानिक छैन । कृषि तथा पशुधन बीमामा किसानहरूको सहभागिता उत्साहजनक छैन । कृषि ऋणमा किसानको पहुँच निकै कमजोर छ। धितोको समस्या, प्रक्रियागत झंझट तथा जानकारीको अभावका कारण ऋणमा नीतिगत ब्यवस्था प्रभावकारी हुन सकेको छैन ।

विगतका १० वर्षमा कृषि क्षेत्रमा छुट्ट्याइएको बजेट औसतमा कुल बजेटको करीब ३ प्रतिशत मात्र छ।देश संघीयतामा गए पश्चात कृषि प्रसार तथा प्राविधिक सेवा प्रवाहमा अलमल र द्विविधा देखिएको छ। पालिकाहरूमा रहेका कृषि र पशु सेवा विज्ञहरूको संख्या र क्षमता अपुग छ ।अधिकाँश नीतिहरूमा किसानहरूको अधिकारका पक्ष कम उल्लेख भएको छ। नीतिहरूमा बाह्य बजारको प्रभाव नियन्त्रण गर्ने व्यवस्था गर्न कानुनी रूपमा कठिनाई हुने र व्यवहारिकरूपमा रणनीतिहरू तयार गरी लागु गर्न नसकिएका कारण स्थानीय उत्पादनले बजार र उचित मूल्य नपाउने समस्या रहेको छ। समग्रतामा भन्नु पर्दा समग्र कृषि क्षेत्रको विकासका लागि नेपालमा धेरै नीतिहरू बनेता पनि नीति अनुरूपको कार्यक्रम नबन्ने, संरचना तयार नहुने, पर्याप्त बजेट र मानव संसाधनको ब्यवस्था नहुने जस्ता कारणहरूले गर्दा नीतिहरूको कार्यन्वयन पक्ष निकै कमजोर रहेको छ।

कृषिको उत्पादन बृद्धि, आयात प्रतिस्थापन र आत्मनिर्भरताको लागि यस क्षेत्रमा सरकारी लगानी (बजेट) बृद्धि गर्नु अपरिहार्य छ। खाद्यान्न बालीको क्षेत्रफल क्रमिक रूपमा घटाउदै जाने बाली र बस्तुको उत्पादन, फलफूल तथा तरकारीको उत्पादन र उपभोगमा बृद्धि, टिपाई उपरान्त हुने क्षति न्यूनीकरण गरी खाद्यान्न आयात घटाउने कार्यक्रम ल्याउनु आवश्यक छ । कृषि सम्बन्धी सेवा, सामाग्री र सूचना प्रदान गर्नेगरी सहकारीहरूको अगुवाईमा प्रदेश सरकार वा स्थानीय तहले एकीकृत कृषि सेवा/श्रोतकेन्द्र विकास गर्नु उचित देखिन्छ । स्थानीय श्रोत साधन प्रयोग गर्ने उद्योगलाई प्रोत्साहन गर्ने, कृषि उद्योगको बीमा गर्ने र व्यवसाय धितोमा राखी कर्जा प्रदान गर्ने जस्ता नीति लिनु उपयुक्त हुनेछ । कृषि ऋणलाई सहज र प्रभावकारी बनाउन कागजी प्रकृयामा सरलता र सरलीकरण गर्न जरूरी देखिन्छ।स्थानीय तहको अगुवाईमा सहकारी वा समुहलाई परिचालन गरी चक्लाबन्दी एवम् करार वा सामूहिक खेतीलाई बढावा दिनु उचित हुन्छ। भूमि बैंकको स्थापना गरी जग्गा करारमा लिने ब्यक्ति वा संस्थालाई आकर्षित गर्ने कार्यक्रम कार्यान्वयनमा ल्याउनु पर्छ। न्यूनतम समर्थन मूल्य समयमा निर्धारण गर्ने र यसलाई क्षेत्र अनुसारले अन्य प्रमुख वाली र बस्तुहरूमा पनि विस्तार गर्ने नीति लिनु आबस्यक छ।कृषिजन्य उत्पादनहरूको विद्युतीय व्यापार सम्बन्धी कानून निर्माण गर्ने र यस्तो ब्यापारको नियमन गर्ने ब्यवस्था गर्नु अपरिहार्य छ। सरकारी सहुलियतमा निर्माण वा खरिद हुने संरचना, यन्त्र वा साधनहरूको तोकिए भन्दा फरक काममा हुने प्रयोग लाई नियन्त्रण गर्न नीतिगत व्यवस्था हुनु जरूरी छ।

यस अध्ययन कार्यका लागि बाग्मती, गण्डकी र कर्णाली  प्रदेशका क्रमशः सिन्धुपाल्चोक, कास्की र सुर्खेत जिल्लाहरूलाई प्राथमिक तथ्याङ्क संकलनको लागि मुख्य अध्ययन क्षेत्र मानिएको थियो। यस अध्ययनमा बाँकेको कोहलपुर क्षेत्रका किसानहरूसंग पनि केही जानकारी संकलन गरिएको थियो भने विभिन्न श्रोतहरूबाट Secondary datas संकलन गरिएको थियो । सन्दर्भ सामाग्रीहरूको अध्ययन, प्रश्नावली सर्वेक्षण, लक्षित समुह छलफल, परामर्श बैठक तथा मूख्य जानकार ब्यक्ति अन्तर्वार्ता जस्ता विधिहरूबाट आवश्यक गुणात्मक एवम् परिमाणात्मक दुबै खालका जानकारीहरू संकलन गरी विश्लेषण गरिएको थियो। अध्ययनको निष्कर्ष एवम् सुझावहरू तपसिल बमोजिम रहेका छन्ः-

## निष्कर्ष र सुझावहरू

### निष्कर्ष

राष्ट्रिय कृषि नीति, २०६१ र कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ कार्यान्वयनमा ल्याउन विभिन्न नीति, ऐन, कार्यविधि, निर्देशिका आदि तयार भई संचालनमा आएका छन् । राष्ट्रिय कृषि नीति, २०६१, विभिन्न योजना तथा रणनीतिहरूमा बीउ, नश्ल, रासायनिक मल, कीटनाशक विषादी, पशु औषधी आहार, औजारहरूको आपूर्ति तथा उत्पादनको बजार सुनिश्चित गर्ने उद्देश्य अनुरूप प्रतिफल हासिल हुन सकेको अवस्था छैन । बजारको माग र उत्पादनको तालमेल देखिदैन । जसको कारण एकातिर स्वदेशमा उत्पादित बस्तुले बजार नपाउने र अर्कोतर्फ देशमा कृषि बस्तुको आयात बढ्दै गएको छ । ग्रामीण क्षेत्रका युवाहरूको बसाईसराई र उनीहरूको विदेश पलायनका कारण कृषिमा श्रमिकको अभाव रहेको छ। समग्रमा कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ को कार्यान्वयनको स्थिति सन्तोषजनक छ । यो नीति ६५ प्रतिशत कार्यान्वयनमा आएको देखिन्छ भने २० प्रतिशत नीति आंशिकरूपमा कार्यान्वयनमा र १५ प्रतिशत कार्यान्वयनमा नआएको देखिन्छ (रा.यो.आ., २०७७)। कृषि व्यवसाय प्रवर्द्धन नीति कार्यान्वयनको पक्ष सवल रहेको भएता पनि राष्ट्रिय कृषि नीतिका धेरै प्रावधानहरू कार्यान्वयनमा आउन सकेनन्। राष्ट्रिय कृषि नीति, २०६१ र कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ मा धेरै दोहोरोपना समेत देखिएका छन्।

कृषि विकास रणनीतिको कार्यन्वयनको लागि कोष नै बनेन। रणनीतिमा पशुपन्छी क्षेत्र कम समेटिएको छ। कृषि विकासको लागि धेरै नीतिहरू बने पनि नीति अनुसारको संरचना, बजेट,

निर्देशिका, कार्यविधि र कार्यक्रम बनेका छैनन्। बीमा कार्यक्रमको अध्ययन गर्दा प्रिमियम शुल्कमा ८० प्रतिशतसम्म अनुदान हुँदा पनि कृषि बाली तथा बस्तुको बीमा कार्यक्रममा किसानहरूको सहभागिता ज्यादै न्युन भएको पाइयो। किसानले बाली बस्तुको बीमा गर्दा र क्षति भईसकेपछि बीमा रकम दाबी गर्दा प्रक्रियागत झंझट भएको पाइयो। जंगली जनावरबाट हुने कृषि बाली तथा बस्तुको नोक्सानीमा बीमा कार्यक्रमले नसमेटेको पाइयो। राष्ट्रिय कृषि नीति,२०६१ र कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ ले किसानको अधिकार कम समेटिएको पाईयो। कुनै पनि नीतिमा बाह्य बजारको प्रभाब नियन्त्रण गर्ने ठोस र प्रभाबकारी व्यवस्था देखिएन। आगामी दिनमा बन्ने कृषि सम्बन्धी नीतिमा सुधारका लागि देहाय बमोजिमका सुझावहरू आवश्यक हुन्छन्ः-

## सुझावहरू

- दिगो विकास लक्ष्यमा समावेश गरिएका साना खाद्यान्न उत्पादकहरूको कृषि उत्पादकत्व तथा आम्दानीहरू दोब्बर पार्ने, वर्षैभरि सिंचाई हुने सुविधा क्रमशः वृद्धि गर्दै लैजाने, नेपाल सरकारको कृषि क्षेत्रमा विनियोजन गर्ने बजेट वृद्धि गर्नुपर्ने,
- कृषिमा नीजि क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न संरचनागत सुधार, कार्यक्रमबाट नीजि क्षेत्रलाई सहयोग तथा सहजीकरण गर्ने,
- खाद्य तथा पोषण सुरक्षाका लागि स्थानीयस्तरमै जगेडा भण्डार(Buffer Stock) को व्यवस्था गर्ने,
- उत्पादन सामग्री, प्राविधिक सेवा, कृषि सडक, कृषि ऋण, बीमा,बजार सूचना लगायतका सेवा सुविधा उपलब्ध गराउन कृषि सहकारीहरूको अगुवाईमा एकीकृत सेवा/श्रोत केन्द्र विकास गर्ने,
- परम्परागत स्थानीय कृषि वस्तुहरूको पञ्जीकरण र प्रवर्द्धन कार्यलाई अझ प्रभावकारी बनाउन सहकारी, कृषक समुह/समुदायलाई लाई सहयोग प्रदान गर्ने,
- स्थानीय कच्चा पदार्थको प्रयोग गर्ने उद्योगहरूलाई प्रोत्साहन गर्ने,
- बृहत् कृषि उत्पादन क्षेत्र सम्बन्धी कार्यक्रमहरूलाई अझ बढी प्रभावकारी बनाउन थप बस्तु र क्षेत्र पहिचान गरी कार्यक्रम संचालन गर्ने,

- फलफूल र तरकारी बालीमा प्राङ्गारिक उत्पादन कार्यक्रमलाई प्रोत्साहन गर्न प्रिमियम मूल्यको ब्यवस्था र बजार सुनिश्चित गर्ने,
- प्राङ्गारिक उत्पादन गर्दा पर्याप्त उत्पादन हुन नसक्ने भएकोले असल कृषि अभ्यासलाई प्राथमिकतामा राख्ने,
- कृषि क्षेत्रका उद्योगहरूलाई दिईने सेवामा सहुलियत (ऋण, बिद्युत महशुल, भन्सार) प्रदान गर्ने,
- परियोजना/व्यवसाय धितोमा राखी कर्जा प्रवाह गर्ने सुविधामा कृषकहरूको पहुँच वृद्धि गर्ने
- कृषकले लिने सहुलियतपूर्ण ऋण प्रक्रियालाई सरल बनाउने,
- करार र सामूहिक खेतीलाई स्थानीय तहको अगुवाईमा बढावा दिने,
- कृषि उद्योगहरूको बीमा गर्न नीतिगत व्यवस्था गर्ने,
- भू—उपयोग नीति,२०७२ को प्रभावकारी कार्यान्वयका लागि जग्गाहरूको विस्तृत लगत तयार, जग्गा अधिग्रहण, चक्लाबन्दी र पूर्वाधार विकास कार्यलाई तिब्रता दिने,
- भूमि बैंकको स्थापना गरी भूमि बैंक मार्फत जग्गा करार वा भाडामा लिने संस्था वा व्यक्तिहरूका लागि विभिन्न आकर्षक कार्यक्रमहरू (सहुलियत ऋण, व्याज अनुदान, भूमिबाट प्राप्त हुने आम्दानीमा आयकर छुट, मेशिनरी औजारहरूमा अनुदान र भन्सार छुट प्रदान गर्ने आदि) संचालन गर्ने,
- न्युनतम समर्थन मूल्य निर्धारण र कार्यान्वयन गर्ने कार्यलाई अझ व्यवहारिक र वैज्ञानिक बनाउदै यसलाई थप बाली र बस्तुमा विस्तार गर्ने,
- स्थानीय तहलाई कृषि बजार पूर्वाधारको स्थापना तथा कृषि बाली तथा पशुजन्य बस्तुको बजारीकरणका लागि जिम्मेवार बनाउन नीतिगत व्यवस्था गर्ने,
- प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्राङ्गारिक कृषि वस्तुको गुणस्तर प्रमाणिकरण गर्नका लागि प्रयोगशाला स्थापना गर्ने,
- संघ प्रदेश र स्थानीय तहका कृषि तथा पशु सम्बन्धी कार्य गर्ने निकायहरूको कार्यक्रममा हुने दोहोरोपना हटाउन ती निकायहरूको स्पष्ट कार्यविभाजन तोकिनुपर्ने,
- कृषि विश्वविद्यालय,अध्ययन संस्थान र क्याम्पसहरूमा स्नातकोत्तर तहमा कृषि व्यवसाय तथा उद्यमशिलता विषय पाठ्यक्रममा समावेश गर्ने,

❖ प्रदेश र स्थानीयतहको कृषि विकास रणनीति एवम् आवधिक योजनाहरू निर्माण गरी कार्यान्वयन गर्न प्रोत्साहन गर्ने ।

## ४.४ उत्पादक कृषक तथा कृषि उद्यमीहरूका समस्या पहिचान

औद्योगिक तथा नगदे बालीहरूको उत्पादन र बजारीकरणमा उत्पादक कृषक तथा कृषि उद्यमीहरूले भोग्नु परेका समस्याहरूको पहिचान गरी समाधानका लागि आवश्यक सुझाव सहितको प्रतिवेदन तयार गर्ने उद्धेश्यका साथ कार्यक्रम संचालन गरिएको थियो। यस कार्यक्रममा स्याङजा, गुल्मी र पाल्पाका अदुवा उत्पादक, झापाका सुपारी उत्पादक, सुनसरीका जुट उत्पादक, जुम्लाका स्याउ उत्पादक, धादिङ्ग र काभ्रेका रेशम उत्पादक र दाङ्गका कपास उत्पादक कृषक तथा कृषि उद्यमीहरूको समस्याको पहिचान गरिनुका साथै समस्या समाधानको विषयमा कृषि प्राविधिकहरू, सरोकारबाला निकाय र कृषकहरूसँग भएको अन्तरक्रिया छलफलबाट देखिएका समस्याहरू र समस्या समाधानका उपायहरू निम्न अनुसार रहेका छन्;-

### १.सुपारी उत्पादनमा देखिएका समस्या र समाधानका उपायहरू

सुपारी एक औषधीय गुण भएको पोथ्रा बर्गमा पर्ने वनस्पति हो। प्राचीन वेदकालपूर्वको समयदेखि नै सुपारीको प्रयोग हुँदै आइरहेको पाउन सकिन्छ। संस्कृत भाषामा ताम्बुल भनेर चिनिने सुपारीको उल्लेख रामायण, महाभारत, वेद पुराण जस्ता प्राचीन ग्रन्थमा भएको पाइन्छ। सुपारीलाई विभिन्न कार्यमा प्रयोग गरिन्छ। हिन्दु धर्ममा सिङ्गो सुपारीलाई गणेश देवताको रूपमा पुजा आराधना गरिन्छ। हिन्दु परम्परामा जन्मे देखि मृत्यु सम्मका संस्कारमा सुपारी अनिवार्य फलका रूपमा रहेको छ । बौद्ध धर्ममा समेत सुपारीको महत्वलाई दर्शाइएको पाइन्छ। थाइलैण्ड, इन्डोनेसियामा भेटिएको पुरातात्विक प्रमाणबाट ४००० वर्ष भन्दा अघि देखि सुपारी प्रयोग हुँदै आएको र ४ हजार वर्ष अघि निर्माण गर्रिएको प्राचीनतम अजन्ता गुफामा सुपारीको बोटको चित्र अंकित हुनुले समेत यसको महत्व र प्रयोगलाई दर्शाएको छ। भारत वर्षमा वैदिक काल र हडप्पा संस्कृतिमा समेत राजा महाराजाहरूले खाना पछि सुपारी मिश्रित केही खाने (चपाउने) कुरा खाने गरेको पाइन्छ। सुपारी प्रमुख रूपमा एसियाका उष्ण तटिय क्षेत्रहरूमा पाइन्छ। म्यानमार, फिलिपीन्स, इन्डोनेसिया, थाइलैण्ड, कम्वोडिया, भियतनाम, लाओस, बुरनाई, पपुवा न्युगिनी,

सोलोमन द्विप, सिंगापुर, मलेसिया, भारत, भुटान, श्रीलंका चीनका दक्षिणी भाग, नेपाल प्रमुख उत्पादक मुलुक हुन भने पुर्वी अफ्रिकामा समेत यसको खेती भएको पाउन सकिन्छ। दक्षिण पुर्वी एसियालाई उपनिवेश बनाएका र त्यहाँ आएका डच र पोर्चुगीज आर्मीहरूले युरोप समेत पुर्याएको इतिहास छ ।

नेपालमा सुपारी खेतीको प्रचुर सम्भावना भए पनि विभिन्न कारणहरूबाट सुपारी खेती वृद्धि हुन सकिरहेको छैन। यसको उत्पादनमा सरकारीतह बाट पनि प्राथमिकता दिनुपर्छ भनी विभिन्न कार्यक्रमहरू संचालन भई रहेकोमा सोचेजति यसको उत्पादन वृद्धि र प्रवर्द्धन हुन नसकेकोमा कृषक, कृषि उद्यमिहरूका वास्तविक समस्याहरू पहिचान गरी समस्या समाधानका उपायको बारेमा छलफल गरियो।

## सुपारी खेतीका मुख्य मुख्य समस्याहरू

❖ सुपारी उत्पादन गर्दा समस्याको रूपमा देखिएका मूख्य मूख्य रोगहरू
- गुबो कुहिने
- पुष्पगुच्छा कुहिने रोग
- बोट सुक्ने रोग
- पातमा दाग हुने रोग
- फेद कुहिने, गुबो नखुल्ने, दाना चर्कने
- काण्ड चर्कने, फुट्ने रोग

❖ सुपारी उत्पादन गर्दा समस्याको रूपमा देखिएका मूख्य मूख्य किराहरू
- फुल छेड्ने किरा
- काण्ड छेड्ने घुन
- फल छेड्ने किरा
- धमिरा

❖ पर्याप्त सिचाईको व्यवस्था नहुनु,

❖ प्रशोधन उद्योग नहुनु,

❖ सुपारी खेती प्रवर्द्धनका लागि आवश्यक यान्त्रिकरण अभाव हुनु,

- उत्पादन सामाग्रीको सहज आपूर्ति नहुनु,
- सुपारी बाली प्रवर्द्धनमा प्राविधिक जनशक्ति सहजरूपमा उपलब्ध हुन नसक्नु,
- बाली लगाएको लामो समयसम्म उत्पादनका लागि पर्खनुपर्ने भएकोले कृषकहरू सुपारी खेती प्रति आकर्षित नहुनु,
- उत्पादित सुपारीको गुणस्तर परीक्षणको उचित व्यवस्था नहुनु,
- भारतसँगको खुला सीमाका कारण आयात निर्यातको एकिन तथ्याङ्क नहुदा योजना निर्माणमै समस्या हुनु,
- सुपारी खेती सम्बन्धी अध्ययन अनुसन्धानको कमी हुनु,

## सुपारी खेतीमा देखिएका समस्या समाधानका उपायहरू

- बालीमा रोग र कीराहरूको समस्या पहिचान र समाधानका लागि दक्ष प्राविधिक तयार गर्ने,
- सुपारी खेतीको विकास र विस्तारका लागि अध्ययन र अनुसन्धान हुनुपर्ने,
- सुपारी खेतीमा संलग्न किसान तथा उद्यमीहरूको क्षमता अभिवृद्धिका लागि तालिम, भ्रमण, गोष्ठी, अन्तरक्रिया छलफल गर्नुपर्ने,
- सुपारी खेती उत्पादनका लागि आवश्यक पर्ने उत्पादन सामाग्रीहरू (मल, बीउ, बिरूवा, विषादी, यन्त्र उपकरण आदि) सरल र सहज रूपमा उपलब्ध गराउने,
- सिचाईको उचित व्यवस्था गर्नुपर्ने,
- किसानलाई सरल एवम सहज ऋणको व्यवस्था गरी प्रोत्साहनका लागि पुरस्कारको समेत व्यवस्था गर्ने,
- सुपारी खेतीको सम्भाव्यता अध्ययन गरी विकास र विस्तार गर्नुपर्ने,
- सुपारी खेतीका लागि आवश्यक पर्ने पूर्वाधार (ग्रीन हाउस, भण्डारण गृह आदि) तयार गर्नुपर्ने,
- सहकारी तथा नीजि क्षेत्रबाट एकीकृत बजार व्यवस्थापन गरी निर्यात प्रवर्द्धन गर्ने,
- भारत, बंगलादेश र अन्य मुलुक निर्यातका लागि नीति र सहज भन्सारको व्यवस्था गर्ने,
- प्रशोधन उद्योग स्थापना गर्ने,
- खुला सिमाना बाट हुने निकासी तथा पैठारीलाई कार्यलाई पूर्ण रोक लगाउने ।

## २. अदुवा खेतीमा देखिएका समस्या र समाधानका उपायहरू

विविध हावापानी र भूगोलका कारण नेपालमा अदुवा उत्पादनको प्रचुर सम्भावना रहेको छ । पर्याप्त लगानी र उपयुक्त प्रविधिको प्रयोग भएमा  उत्पादन तथा उत्पादकत्व वृद्धि गरी निर्यातसमेत गरेर देशमा विदेशी मुद्रा भित्र्याउन सकिन्छ। नेपालमा अदुवा खेती एक नगदेबालीको रूपमा रहेको र यसको उत्पादनमा सरकारी तथा अन्य तहबाट भएका  विभिन्न प्रयासहरूबाट आशातित उत्पादन वृद्धि र प्रवर्द्धन हुन नसकेको सन्दर्भमा कृषक, कृषि उद्यमिहरूका वास्तविक समस्याहरू पहिचान गर्नको लागि यो कार्यक्रम संचालन गरिएको हो। जसका लागि अदुवा उत्पादन भइरहेका र प्रचुर सम्भावना बोकेका जिल्लाहरूलाई प्रतिनिधित्व गर्दै गुल्मी, स्याङजा र पाल्पाका अदुवा उत्पादक कृषक, कृषि उद्यमी कृषि प्राविधिक र अन्य सरोकावाला निकायहरूसँग छलफल एवम अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रमबाट अदुवा खेतीमा निम्न बमोजिमका समस्याहरू पहिचान गरी समस्या समाधानका उपायहरूको बारेमा जानकारी प्राप्त भयो।

### अदुवा खेतीका समस्याहरू

- आवश्यक मात्रा र गुणस्तरीय बीउ समयमा उपलब्ध नहुनु,
- अदुवा उत्पादन गर्दा प्राविधिक ज्ञानको कमीबाट समयमै रोग कीराको पहिचान हुन नसकी धेरै नोक्सानी ब्यहोर्नु परेको,
- अदुवा बालीमा बीउमा नै बढी लागत लाग्ने र भौगोलिक बिकटताको कारणले बीउ ढुवानीमा बढी खर्च हुने,
- अदुवा प्रशोधनको लागि यस क्षेत्रमा अदुवा प्रशोधन प्लाण्ट नहुनु,
- उत्पादित अदुवाले उचित मूल्य पाउन नसक्नु,
- व्यापारी र अदुवा उत्पादक कृषकहरू बीच बजार भाउ बारे पारदर्शिता नहुनु,
- नेपाली अदुवाले आफ्नो पहिचान वनाउन नसक्नु,
- अदुवा बीउलाई भण्डारको व्यवस्थापनमा समस्या भएको ।

## अदुवा खेतीमा देखिएका समस्या समाधानका उपायहरू

- ❖ उपयुक्त जातहरू छनौट गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,
- ❖ भौतिक नोक्सानी (घाउ तथा चोटपटक) वाट बचाउने उपायहरु अवलम्बन गर्ने,
- ❖ बाली लिने उचित समय र तरिकाको ख्याल गर्ने,
- ❖ बाली संरक्षण, सफाई, क्युरिङ्ग, प्याकिङ्ग, ढुवानीमा सावधानी अपनाउने,
- ❖ सरकारी, सहकारी तथा नीजि क्षेत्रको पहलमा बजार व्यवस्थापन सहज बनाइनुपर्ने,
- ❖ छिमेकी मुलुकहरूमा उत्पादन हुने अदुवाको मूल्यमा फरक हुने भएकोले लगानीमा सरकारी अनुदान बढाउनु पर्ने,
- ❖ नेपाली अदुवाको अन्तराष्ट्रिय पहिचानका लागि ब्राण्डिङ्ग अनिवार्य हुनुपर्ने,
- ❖ गानो कुहिने रोगको प्रकोप ज्यादा हुने भएकोले यसको रोकथामका लागि कृषकहरूलाई रोग सम्बन्धी जानकारी दिई रोकथामका उपाय सम्बन्धमा उत्पादन क्षेत्रमा गएर अभियान संचालन गर्नुपर्ने,
- ❖ महत्वपूर्ण नगदे बाली भएको हुदा न्यूनतम समर्थम मूल्य तोकिनुपर्ने ।

## ३. कपास खेतीमा देखिएका समस्या तथा समाधानका उपायहरू

नेपालमा कपास एक नगदेबालीको रूपमा खेती हुदै आएकोमा विगत केही वर्षदेखि यसको उत्पादन एवम् बजारीकरणमा समस्या देखिदै आएको छ। यस खेतीको विकासका लागि भएका प्रयासहरू निम्न अनुसार रहेका छन्ः-

- ❖ वि. सं. २०२०/२१ सालतिर इजरायलका प्राविधिकहरूबाट करिब दुई वर्षसम्म पश्चिम तराईमा कपास खेतीको सम्भाव्यता अध्ययन गरेको पाइयो ।
- ❖ यसक्रममा उनीहरूले कृषि क्षेत्रको विकासका लागि माटो परीक्षण गरेका थिए ।
- ❖ बाँके, दाङ, बर्दिया र कञ्चनपुरका केही क्षेत्रहरूको माटो कपास खेतीका लागि अत्यन्त उपयुक्त रहेको ठहर गरियो ।
- ❖ उनीहरूको सुझावअनुसार सरकारले बाँके र बर्दियाको करिब १५ सय हेक्टर जंगल फँडानी गरेर कपास खेती विकासको योजना अघि बढाएको थियो ।

- १५ सय हेक्टरमा सरकार आफैले कपास खेती गर्ने, आसपासका स्थानीयलाई मल, बीउ तथा प्रविधि अनुदानमा दिएर कपास खेतीका लागि प्रेरित गर्ने र यसरी उत्पादन भएको कपास किसानसँगै आफैंले खरिद गर्ने नीति सरकारले लिएको पाइयो ।
- नेपालमा विधिवतरूपमा कपास खेतीको सुरूवात वि सं २०२८ सालमा पुनर्वास कम्पनी अन्तर्गत बाँके र नवलपरासी जिल्लाहरूका पुनर्वास क्षेत्रबाट भएको पाइन्छ।
- तत्पश्चात विभिन्न जिल्लामा सम्भाव्यता परीक्षणको नतिजाबाट बाँके र बर्दिया जिल्ला कपास खेतीको लागि बढी उपयुक्त देखि विस्तृत शुरूवात गरिएको पाइयो।
- बर्दिया जिल्लाको कुम्भरमा करिब ७४१० हेक्टर कमसल खालको वन क्षेत्र कपास खेती गर्ने गराउने गरी तत्कालीन सरकारबाट कपास विकास कार्यक्रमको लागि उपलब्ध गराउने निर्णय गरिएको थियो।
- विकास समिति ऐन, २०१३ अन्तर्गत २०३७ साल पौष १ गते कपास विकास समितिको गठन भएको थियो ।
- वि. स.२०४७/४८ देखि व्यवस्थित रूपमा खेती हुँदै आइरहेको कपास वि. स.२०५३/५४ मा २६५० हेक्टर क्षेत्रफल सम्ममा लगाइ ३६८० मे.टन. उत्पादन भएको थियो ।
- तर यसपछि क्षेत्रफल तथा उत्पादन क्रमशः घट्दै गएर २००१/०२ देखि व्यापक रूपमा ह्रास भएको र वि. स.२०६०/६१ मा आएर जम्मा १६ हे. क्षेत्रफलमा सिमित भएको पाइयो ।
- आ व २०७७/०७८ मा जम्मा ६५ हे. मा खेती भयो।
- जिल्लागत रूपमा कपासको उत्पादन हेर्दा सबै भन्दा बढी उत्पादन दाङ्ग जिल्लामा रहेको छ।
- कपास विकासका लागि बाँकेको खजुरामा संकलन र प्रशोधन केन्द्र रहेको छ ।
- बर्दियाको जमुनी, ताराताल, दाङको लमही, तुल्सीपुर, कैलालीको फूलबारी, कञ्चनपुरको त्रिभुवन बस्ती, सुर्खेतको रामघाट, प्युठानको बाङ्गेसाल लगायतका क्षेत्रलाई कपास खेतीको पकेट क्षेत्र मानिएको छ।
- २०६० सालसम्म मुख्य कार्यालय अन्तर्गत विकास समितिमा १ सय ७५ कर्मचारी थिए।
- हाल २० जनाको दरबन्दीमा जम्मा ११ जना मात्र कार्यरत रहेका छन्।

- ❖ २०४९—०५० सम्म बर्दियाको कुम्भर क्षेत्रमा रहेको सरकारी जग्गामध्ये १ सय ५० बिगाहामा कपास विकास समिति आफैले खेती गरेको थियो। बाँकी जमिनमा दुई तिहाइ किसानले र एक तिहाइ समितिले पाउने गरी स्थानीय किसानलाई नै खेती गर्न प्रोत्साहित गरिएको थियो। हाल कुम्भरका करोडौं खर्चेर बनाइएका अफिस तथा गोदाम रहेको ठाउँ खण्डहर बनेको छ।
- ❖ प्रचुर मात्रामा कपास उत्पादन हुन थालेपछि बुटवलमा धागो कारखाना र हेटौंडा तथा वीरगन्जमा कपडा कारखाना स्थापना भयो। हाल बुटवल धागो कारखाना र हेटौडा कपडा उद्योगहरू बन्द भएका छन।

राष्ट्रिय किसान आयोगको आयोजनामा उत्पादक कृषक तथा कृषि उद्यमीहरूको समस्या पहिचान गरी प्रतिवेदन तयार गर्ने वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कपास उत्पादक कृषक तथा कृषि उद्यमीहरूको समस्या पहिचानको लागि लुम्बिनी प्रदेशको लमही दाङ्ग जिल्लामा गई छलफल अन्तरक्रिया, फिल्ड अवलोकन र कपास विकास समिति प्रधान कार्यालय खजुरा बांकेको अनुगमनबाट प्राप्त सुझावहरू यस प्रकार रहेका छन्ः-

**कपास खेतीका समस्याहरू**

- ❖ श्रमको आवश्यकता धेरै पर्ने र वर्षमा २ देखि ३ पटक सम्म टिपाइ गर्नु पर्ने, निरन्तर झारपात गोड्नु पर्ने,
- ❖ किसानले मनपराएको जात (Tamcot SP 37) उपलब्ध हुन नसक्नु,
- ❖ रोग किराको प्रकोप धेरै बढी भएका कारण विषादीको प्रयोग बढ्न गइ उत्पादन लागत बढ्नु,
- ❖ अध्ययन अनुसन्धानको कमिका कारण बढी प्रतिफल दिने जातहरूबाट किसान वन्चित रहनु,
- ❖ हेटौडा कपडा उद्योग तथा बुटवल धागो कारखाना बन्द हुनु,
- ❖ समितिले तोकेको मूल्यमा व्यापारीले कपास लिनु पर्ने कारणले उनीहरूमा मार्जिन नरहँदा खरिद बिक्री कम भई उत्पादनमा समेत असर गर्नु,
- ❖ कपास विकास समिति आफै बजार व्यवस्थापनमा लागेको हुँदा बजारमा उपभोक्तालाई सहज रूपमा उपलब्ध नहुनु,

- ❖ पर्याप्त मात्रामा गुणस्तरीय कपासको प्रचार प्रसार हुन नसक्नाले प्रशोधित कपास गोदाममै थन्किनु,
- ❖ गाउँघरमा खेती गर्ने श्रमिकको अभावका कारण कृषकहरूले यसको खेती छोड्दै जानु,
- ❖ सिंचाई नलाग्ने सुक्खा क्षेत्रमा गरिंदै आएको कपास खेती सिंचाई सुविधा उपलब्ध हुने बित्तिकै कृषकहरूले अन्य बालीहरू खेती गर्नु,
- ❖ सरकारको वार्षिक तथा आवधिक योजना, नीति तथा कार्यक्रमहरूमा कपास बालीले प्राथमिकता पाउन नसक्दा पनि कपास क्षेत्र राष्ट्रिय महत्वको क्षेत्र बन्न नसक्नु ।

**कपास खेतीमा देखिएका समस्या समाधानका उपायहरू:–**

- ❖ प्रसार कार्यक्रम सुदृढ गर्न विभिन्न तहमा गोष्ठी भ्रमण तथा तालिम कार्यक्रमहरू संचालन गर्ने,
- ❖ संघ/प्रदेशस्तरमा रहेका माटो परीक्षण प्रयोशालाहरूको समन्वयमा आवश्यकता अनुसार माटो परीक्षण गर्ने,
- ❖ समितिको पूर्वाधार एवं सम्पत्तिको संरक्षण/अभिलेख व्यवस्थापन गर्ने,
- ❖ समितिको मातहतमा रहेका फार्महरूमा शेयर कृषकहरूबाट राजश्व दाखिला गराउन पहल गर्ने,
- ❖ अतिक्रमित सम्पत्ति फिर्ता लिइ कपास विकासको काममा प्रयोग गर्ने,
- ❖ उत्पादन क्षेत्र निर्धारण गर्ने र क्षेत्र विस्तार गर्ने,
- ❖ कपास बिक्री डिपो, डिलर मार्फत गर्नुपर्ने,
- ❖ कम जग्गा भएको सिमान्त कृषकहरूलाई विना धितो ऋणको ब्यवस्था गर्नुपर्ने,
- ❖ समितिले नार्क र विश्वविद्यालयहरूसँग सहकार्य गरी अनुसन्धान कार्यक्रम ( कपास बालीसँगै खेती गर्न उपयुक्त हुने बालीको पहिचान, लागत कम उत्पादन प्रविधिको विकास, रोग कीरा व्यवस्थापनको प्रभावकारी प्रविधि विकास)गर्ने,
- ❖ कपासको मूल्य निर्धारण गर्दा कृषक एवं सरोकारवालाहरूको समन्वयमा गर्ने,
- ❖ गुणस्तरीय कपासको उत्पादन र प्रचार प्रसार गर्ने
- ❖ ठूलो परिमाणका खरिद कर्ताहरूलाई मूल्य लगायतमा विशेष सुविधा दिंदै वितरण प्रणालीलाई सहज बनाउने (जस्तै भुक्तानी प्रक्रिया सरलीकृत गर्ने),
- ❖ बजारको माग अनुसार उत्पादन विविधिकरण गर्ने (जस्तै : अस्पतालमा प्रयोग हुने कपास उत्पादन),

- ❖ साना तथा मझौला उद्योगलाई कपासजन्य विशिष्टिकृत उत्पादन विकास गर्नको प्रोत्साहन गर्ने(जस्तै : विशेष पहिचानका कपडा उत्पादन गरी ब्र्याण्डिङ्ग गर्ने),
- ❖ भारत तथा तेस्रो देशहरूवाट आयात हुने कपास तथा कपासजन्य वस्तुहरूलाई आवश्यकता अनुसार भन्सारमा नियमन गर्ने,
- ❖ गुणस्तर चेक जाँच अनिवार्य गर्ने,
- ❖ मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने तथा न्यूनकोटीका कपासजन्य वस्तुहरूको आयातलाई निरूत्साहित गर्ने।

## ४. स्याउ खेतीमा देखिएका समस्या र समस्या समाधानका उपायहरू

नेपालको हिमाली क्षेत्रमा हुने फलफूल खेती मध्ये स्याउ एक महत्वपूर्ण फलफूल बाली हो। किसानहरूलाई यस बालीबाट आय आर्जन गरी जीविकोपार्जन गर्न सहयोग पुगेको छ। आ.व. २०७७/०७८ को कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्याङ्क अनुसार नेपालमा स्याउ खेती १२,९१० हे. क्षेत्रफलमा गरिएको पाइएको छ।स्याउको खेती गरिएको जग्गा मध्ये ५,५१४ हे. उत्पादनशील क्षेत्रफल रहेको छ। उक्त क्षेत्रफलबाट ४५,२०५ मे.ट. उत्पादन भएको पाइएको छ।स्याउको उत्पादकत्व हाम्रो देशमा ८.२ मे.ट./हे. रहेको छ। क्षेत्रफल र उत्पादनको हिसाबले कर्णाली प्रदेश अरू प्रदेश भन्दा अगाडि छ। जहाँ ९,१६२ हे क्षेत्रफलमा स्याउ खेती गरेको पाइन्छ, जस मध्ये ३,३१९ हे. उत्पादनशील क्षेत्रफलबाट २९,१८६ मे.ट स्याउ उत्पादन भएको छ।स्याउ आयातको अवस्था अध्ययन गर्दा चीन, भारत, इन्डोनेशिया, टर्की र अमेरिकाबाट गरी जम्मा ८९,०५८.०६७ मे.ट. आयात भएको छ जुन रू ७,०५,३७,३८,०००/- रकम बराबरको हुन आउँछ।नेपालले स्याउको चाना र जुस भारतमा निर्यात गरी वार्षिक रू १३,२९,००,००० रकमको करोबार गर्छ।नेपालमा स्याउका ३५ जातहरूको अध्ययन परीक्षण भै रहेको छ।यी मध्ये रेड डेलिसियस, रोयल डेलिसियस र गोल्डेन डेलिसियस जातहरू बढी लगाउने गरेको पाइन्छ।

स्याउ उत्पादनमा महत्वपूर्ण क्षेत्र ओगटेको कर्णाली प्रदेशको जिल्ला जुम्लामा उत्पादनको सम्भावना हुदाहुदै पनि आशातीत उत्पादन हुन नसकेको पाइएको छ।त्यसैले जुम्ला जिल्लामा स्याउ उत्पादनमा देखिएका समस्या र समाधानका उपायहरू बारे स्याउ उत्पादक कृषक, कृषि उद्यमी, कृषि प्राविधिक र अन्य सरोकारवाला निकायहरूसँग छलफल अन्तरक्रिया,फिल्ड

अवलोकन र वागवानी फार्म राजीकोटको समेत अनुगमन गरी तपसिल बमोजिमको विवरणहरू प्राप्त भयो।

## स्याउ खेतीमा देखिएका मुख्य मुख्य समस्याहरू

- स्याउ खेती विस्तारको लागि कृषकहरूले गुणस्तरीय स्याउका विरूवा प्राप्त गर्न नसक्नु, नर्सरी धनीले माउ बोटको संरक्षण नगर्नु र पहिचान पनि नगर्नु,
- उच्च घनत्वमा स्याउ रोपण बारे प्राविधिक ज्ञान र सीपको कमी हुनु,
- स्याउको विरूवा उत्पादन, वगौंचा, ब्यवस्थापन, तालिम तथा छाँटकाँट बोर्डोमिक्सचर तथा बोर्डोपेष्टको प्रयोग, मलखाद तथा सिंचाइ ब्यवस्थापन जस्ता कार्यहरू गर्न प्राविधिक ज्ञानको कमी रहनु,
- स्याउमा लाग्ने मुख्य कीराहरू (सेतो भुवादार लाही किरा, स्याउमा लाग्ने कत्ले कीरा, गवारो किरा, झुसिलकीरा र टेन्ट क्याटरपिलर) र रोग (स्याउको दादे, जराकुहिने, फेद कुहिने, सेतो धुलो ढुसी, बोक्रा खुईलिने) को प्रकोप रहनु,
- स्याउको उत्पादनोपरान्त गरिने कार्यहरूमा प्राविधिक सीपको कमी रहनु,
- उत्पादित स्याउको  प्रशोधन गर्नको लागि प्रशोधन उद्योग नहुनु,
- जुम्लामा उत्पादन भएको स्याउ अर्गानिक भएको तर यसलाई प्रमाणिकरण गर्न महंगो हुनुको साथै उत्पादन लागत पनि बढी हुने हुँदा भारत र चिनको स्याउसँग प्रतिस्पर्धा गर्न नसक्नु,
- स्याउ बगौंचामा सिचाइंको समस्या प्रमुख रहनु,
- कर्णाली प्रदेशलाई नै प्राङ्गारिक प्रदेश घोषणा गरेकोमा बालीलाई चाहिने मात्रामा पाङ्गारिक मल उपलब्ध गराउदा स्याउमा उत्पादन लागत बढ्नु,
- केही वर्ष देखि जुम्ला लगायत पहाडी जिल्लामा परेको कालो तुषारोले स्याउलाई क्षति पुऱ्याएको कालो तुषारोलाई बीमाले क्षतिवरण नगर्नु,
- कृषकहरूलाई समय समयमा स्याउ उत्पादन सम्बन्धी स्थलगत तालिम पर्याप्त मात्रामा नहुनु
- प्रांगारिक स्याउ उत्पादन गर्दा रोकथाम गर्नुपर्ने रोग र किराहरूको प्रभावकारी रोकथामका उपायहरू बारे जानकारी नहुनु,

- सरकारी निकायबाट समय समयमा बगैचा निरीक्षण एवं अनुगमन नहुनु र निरीक्षण एवं अनुगमन भए पनि प्रभावकारी नहुनु,
- बाहिरबाट विरूवा आयात गर्दा चेकजाँच राम्रो सँग नहुनु ।

## स्याउ खेतीमा देखिएका समस्याहरूको समाधानका उपायहरू

- नयाँ बगैचा स्थापना तथा बगैचा व्यवस्थापन सुधार ल्याउनका लागि स्थलगत तालिम संचालनमा जोड दिने,
- स्याउ फल परिपक्व अबस्थामा पुगेपछि मात्र टिप्नका लागि सम्बन्धित निकायद्धारा नियमन गर्ने,
- स्याउको उत्पादनोपरान्त गरिने कार्यमा उन्नत प्रविधि अबलम्बन गर्ने,
- नियमित फल्ने उपयुक्त जातहरू भित्राउने, अध्ययन अनुसन्धान गरी उपयुक्त जातहरू पहिचान गर्ने,
- बिभिन्न फार्म केन्द्रहरूमा उपयुक्त नयाँ जातहरूको माउबोट ब्लक स्थापना गरी नर्सरी धनी तथा कृषकहरूलाई कलमी बेर्ना उपलब्ध गराउने,
- गुणस्तरीय कलमी बेर्ना उत्पादन गर्ने नर्सरी धनीहरूलाई पुरस्कृत गर्ने व्यबस्था गर्ने,
- सिंचाइको अभावमा १०-३० प्रतिशत सम्म स्याउको उत्पादनमा कमी आउने हुदा उत्पादन र उत्पादकत्व बढाउन सिंचाइको व्यवस्थालाई जोड दिने,
- स्याउको गुणस्तरीय बजार व्यवस्थापनका लागि Cold Chain Vehicle को प्रयोग गरी ढुवानी गर्ने,
- स्याउ उत्पादन क्षेत्रमा कार्य गर्ने प्राविधिकहरूको क्षमता अभिवृद्धि गर्ने,
- स्याउको अध्ययन अनुसन्धानका लागि पर्याप्त मात्रामा दक्ष जनशक्ति तथा बजेटको ब्यबस्था गर्ने,
- सहुलियत कृषि कर्जा तथा न्यूनतम ब्याजदरको व्यवस्था गर्ने,
- उत्पादनमा आधारित अनुदानबाट उत्पादन वृद्धि गर्दै किसानलाई सहयोग गर्ने,
- उत्पादन सामग्रीहरू सहज तथा सुलभ रूपमा कृषकहरूलाई उपलब्ध गराउने,
- प्रशोधन उद्योग स्थापनामा प्रोत्साहन गर्ने,

- उच्च घनत्व रोपणका लागि आवश्यक एम-९ रूटस्टकको ठूलो संख्यामा उत्पादन गर्नका लागि टिस्यूकल्चर ल्याबको स्थापना गरी दक्ष जनशक्तिको व्यवस्था गर्ने ।

## ५. रेशम खेतीमा देखिएका समस्या र समस्या समाधानका उपायहरू

नेपालमा पर्याप्त सम्भावना भएको रेशम खेतीको माध्यमबाट आम नेपाली कृषकको आयआर्जन र विदेशी मुद्रा आयआर्जनको स्रोत भएता पनि यस क्षेत्रको आशातित रूपमा विकास हुन नसकेको यर्थाथता हाम्रो सामु छ। सुरूवाती दिनहरूमा जापान र कोरिया सरकारको आर्थिक एवं प्राविधिक सहयोगमा रेशम खेती कृषकस्तरसम्म पुगी उत्पादन तथा प्रशोधनमा सफल भएता पनि हाल रेशम खेती सरकारी फार्म केन्द्रहरूमै सीमित रहन पुग्यो। तथापि नेपाल सरकारले कृषक तथा कृषि उद्यमीहरूलाई यस क्षेत्रमा आर्कषण गर्नका लागि विभिन्न संयन्त्रबाट अनुदानका कार्यक्रमहरू संचालन गरिरहेको छ।

नेपालमा रेशम नगदेबालीको रूपमा खेती हुदै आएकोमा विगत केही वर्षदेखि यसको उत्पादन एवम बजारीकरणमा समस्या देखिदै आएको छ।यस खेतीको विकासका लागि भएका प्रयासहरू निम्न अनुसार रहेका छन्ः-

- वि.स.१९६७/६८ मा प्रधानमन्त्री चन्द्र समसेरद्वारा भारतबाट किम्बु र रेशमबीज ल्याई बिरगञ्जको रेशम कोठीमा रेशमखेतीको शुरू गर्ने प्रयास भएको थियो। तर रेशमबीज र प्राविधिकको अभावमा बन्द भयो।
- वि.सं. १९९६/९७ मा राणा प्रधानमन्त्री जुद्ध समसेरले भारतबाट प्राविधिक झिकाई किम्बु र एरी रेशमको प्रदर्शनी गराएका थिए।
- वि.सं. २००६/००७ मा गोदावरीमा किम्बु बिरूवा रोपियो। तर रेशमकिरा पालन हुन सकेन।
- वि.सं. २००९/०१०मा घरेलु उद्योग विभाग, त्रिपुरेश्वरमा किम्बु रोपी भारतबाट रेशम किराको अण्डा झिकाई रेशम खेती आरम्भ गरियो। तर अण्डा आपूर्ति साथै दक्ष प्राविधिकको अभावले निरन्तर हुन सकेन ।
- वि.सं. २०२३/०२४ मा कृषि शिक्षा तथा अनुसन्धान विभागले भारतबाटै रेशम किराको अण्डा ल्याई सम्भाव्यता अध्ययन गर्दा नेपालमा सफल हुने देखियो।

- वि.सं. २०२६/०२७ मा जापानिज विशेषज्ञबाट किम्बु र रेशमकिराको अण्डा ल्याई नेपालमा सम्भाव्यता अध्ययन गरियो।
- वि.सं. २०२७ (सन्१९७१) सालमा दस वर्षे कृषि आयोजना लागु भएपछि, व्यावसायिक कीटविज्ञान आयोजना अन्तर्गत, खोपासीमा 'रेशम खेती विकास केन्द्र स्थापना भयो। यसका लागि वि.सं. २०३२ (सन् १९७६) सालमा खोपासीमा ६.२५ हेक्टर जग्गा खरिद गरियो र कोरियाबाट प्राप्त १२००० इचिनोसे किम्बु बिरूवा रोपण भयो। वि.सं. २०३४/०३५मा कृषकस्तरमा उन्नत जातका किम्बु बिरूवा उपलब्ध गराइयो। वि.सं. २०३६/०३७देखि नेपालमा नगदेबाली विकास आयोजनाको सोचसँगै कृषकस्तरमा रेशमकोया उत्पादन कार्य थालनी भयो। यसरी वि.सं. २०३५ सालदेखि नै कृषकहरूलाई रेशमकिराको अण्डा उपलब्ध गराइ रेशमकीरा पालन हुँदै आएको छ ।
- वि.सं. २०५२ (सन्१९९६) सालमा जापानबाट र त्यसपछि चीन, भारत र फ्रान्सबाट पनि किम्बुका विभिन्न जातका बिरूवाहरू ल्याइयो। वि.सं. २०५३ पछि दक्षिण कोरिया र भारतबाट विभिन्न जातका किम्बुका विरूवा ल्याई कृषकस्तरमा वितरण भयो। हाल तीमध्ये खोपासीमा किम्बुका ३५ जात र भण्डारामा ४२ जातहरूको मातृश्रोत संरक्षण भएको देखिन्छ ।
- वि.सं. २०५२/०५३ देखि खोपासीमा रेशम खेती विकास शाखाको रूपमा कार्यालय रही कार्यक्रम सञ्चालन हुन थाल्यो। साथै, धनकुटा, इटहरी, भण्डारा—चितवन, धुनिवेशी—धादिङ, चितापोल—भक्तपुर, बन्दिपुर—तनहुँ, मालेपाटन—पोखरा, र त्रियासी—स्याङजामा गरी ८ वटा रेशम फार्महरू स्थापना भए । यसै समयतिर 'लुथरन वर्ल्ड सर्भिस अन्तर्गत इलाम जिल्लाको सोयक, सिद्धिथुम्का, गोद्धक र साङ्ग्रुम्बा गरी तत्कालीन ४ गा.वि.स.हरूमा रेशम खेती परियोजना सुरू गरिएको थियो।
- वि.सं. २०५४/०५५मा ग्रामिण विकासका लागि उपयुक्त रेशम प्रविधि विषयमा राष्ट्रिय कार्यशाला गोष्ठी आयोजना गरिएको थियो। जसको सिफारिसमा नेपालमा रेशम खेतीको विकासका लागि 'ग्रामिण विकासका लागि रेशमखेती परियोजना र यसले छानेका छ वटा गै.स.स.हरूसँग सहकार्य गर्ने सम्झौता भयो। सोही समयमा 'दीर्घकालीन रेशम विकास योजना पनि तर्जुमा भएको थियो।

- ❖ वि.सं. २०६२/०६३ देखि जाइका (जापान) को सहयोगमा ५ वर्षे Promotion of Quality Cocoon Production and Processing Project (सन् २००६—२०११) सञ्चालन भयो। यो आयोजना धादिङ जिल्लाका ७ गा.वि.स.हरू (बैरेनी, कुम्पुर, साङ्कोस, भूमिस्थान, मूर्ले भञ्ज्याङ्ग, नलाङ र सलाङ) मा सञ्चालित थियो।
- ❖ वि.सं. २०७५ श्रावणबाट नयाँ संघीय संरचना अनुसार केन्द्रीय कृषि विभागको मातहतमा व्यावसायिक कीट विकास केन्द्र, हरिहरभवन र सो अन्तर्गत रेशम खेती विकास केन्द्र, खोपासी रहेको छ। अन्य रेशम खेती फार्महरू भने सम्बन्धित प्रदेशको मातहतमा रहेका छन्। जसअनुसार प्रदेश १ अन्तर्गत धनकुटा र इटहरी फार्म, बाग्मती प्रदेश अन्तर्गत धुनिबेशी, चितापोल र भण्डारा फार्म, तथा गण्डकी प्रदेश अन्तर्गत बन्दीपुर, पोखरा र त्रियासी फार्महरू रहेका छन् ।

राष्ट्रिय किसान आयोगको आयोजनामा उत्पादक कृषक तथा कृषि उद्यमीहरूको समस्या पहिचान गरि प्रतिवेदन तयार गर्ने वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत काभ्रे स्थित खोपासी रेशम विकास केन्द्रमा काभ्रे, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक जिल्लामा रेशम खेतीमा संलग्न रहेका उत्पादक कृषक तथा कृषि उद्यमीहरू बीच समस्या पहिचानका लागि अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरियो। साथै उत्पादन भईरहेका र प्रचुर सम्भावना रहेका काभ्रे र धादिङ्ग जिल्लाहरू प्रतिनिधित्व गर्दै फिल्डस्तरमै अनुगमन समेत गरियो। छलफल/अन्तरक्रिया र अनुगनबाट प्राप्त सुझावहरूबाट तपसिल बमोजिम रहेका छन्ः-

## रेशम खेतीमा देखिएका समस्याहरू

- ❖ रेशम खेती नेपालको परम्परागत बाली नहुनु साथै यसको खेतीमा विशेष प्राविधिक ज्ञानको आवश्यक हुने भएकोले कृषकहरूको रूची कम हुदै जानु,
- ❖ रेशम खेतीको बजार प्रणाली व्यवस्थित र विकसित नहुदा यसको व्यवसायिकतामा कमी हुनु,
- ❖ रेशम खेती सम्बन्धी आवश्यक अध्ययन अनुसन्धानको कमी हुनु,
- ❖ तुलनात्मक लाभका आधारमा रेशम खेतीप्रति युवा कृषक तथा उद्यमीको उत्साह जगाउनु नसक्नु,

- ❖ रेशमको विकास र विस्तारमा न्यून बजेट विनियोजन हुनुका साथै विनियोजित वजेट पनि खर्च हुन नसक्नु,
- ❖ देशमा आवश्यक दक्ष रेशम जनशक्तिको अभाव हुनु,
- ❖ रेशमका सरकारी फार्महरूको भौतिक संरचनाहरू जीर्ण हुनु,
- ❖ मन्त्रालय तथा अन्य सम्बन्धित निकायहरूबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरूमा रेशम सम्बन्धी कार्यक्रमहरू नसमेटिनु,
- ❖ रेशम विकासका लागि स्थापना भएका फार्महरू संघीयता कार्यान्वयनका क्रममा संघ र प्रदेशमा विभाजित हुदा रेशम सम्बन्धी कार्यक्रमहरू कार्यान्वयनमा कठिनाइ हुनु,
- ❖ रेशमको उत्पादन र प्रशोधनका लागि आवश्यक उद्योग पूर्वाधारको कमि साथै यन्त्र उपकारणको अभाव हुनु,
- ❖ कृषकहरूले कोकुनको उचित मूल्य र सुनिश्चित बजारको अभावमा विस्तारै रेशम खेती छोड्दै जानु,
- ❖ स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार बीच रेशम खेती प्रवर्द्धनका लागि सहकार्य र समन्वयमा कमी हुनु,
- ❖ रेशम अनुसन्धान— प्रसार—शिक्षा बीच उचित समन्वय नहुनु,
- ❖ राज्यले रेशमको विकास र विस्तारको सम्भावना रहदा रहदै पनि यसको योजना तर्जुमा र कार्यान्वयन तहमा कम ध्यान दिनु,
- ❖ साना रेशम कृषक व्यावसायिक बन्न नसक्नु र मझ्यौला र ठूला कृषक रेशम उद्योगमा आकर्षित नहुनु ।

## रेशम खेतीमा देखिएका समस्याहरूको समाधानका उपायहरू

- ❖ रेशम खेती एक औद्योगिक बाली भएकोले यसको विकास गर्न दीर्घकालीन लक्ष्य निर्धारण सहित नीजि क्षेत्रको संलग्नता अभिबृद्धि गर्दै ठूलो परिमाणमा उत्पादनका लागि समुदायस्तरको सहभागिता गराउने,
- ❖ किम्बु—रेशम उत्पादनमा बाँझो जमिन र सामुदायिक वनलाई सदुपयोग गरी रेशमजन्य उद्योग स्थापनाका लागि उद्यमीहरूलाई राज्यबाट सहुलियत ऋण उपलब्ध गराउनु पर्ने,

- रेशम बीज उत्पादनमा आत्मनिर्भर भएको अवसरलाई उपयोग गर्दै यसको गुणस्तर सुधार सहित निरन्तरता कायम राख्ने व्यवस्था गर्ने,
- रेशमजन्य वस्तुको राष्ट्रिय पहिचानका साथै यसको प्रयोगका लागि राज्यले प्रोत्साहन गर्ने -जस्तैः अतिथि स्वागत—सम्मानमा आयातित खादाका सट्टा स्वदेशी रेशम गलबन्दीहरूको प्रयोग गर्ने—गराउने, कर्मचारी पोसाकमा स्वदेशी रेसमी कपडा प्रयोग अनिवार्य गराउने आदि,
- सरकारी तथा निजी क्षेत्रको समन्वयात्मक सहभागितामा किम्बु बिरूवा उत्पादन तथा वितरण गर्ने कार्यलाई व्यवस्थित गर्ने,
- सरकारी तवरबाट किम्बु तथा रेशम कीराको मातृश्रोत संरक्षण तथा प्रवर्द्धन गर्ने,
- रेशम खेतीको लागि आवश्यक दक्ष प्राविधिक जनशक्तिको विकासको लागि तालिम तथा विशेष उच्च अध्ययनको व्यवस्था गर्ने,
- किम्बु तथा रेशमकोया उत्पादनमा देखिएका समस्या समाधान तथा सुधारका लागि राष्ट्रिय कृषि तथा औद्योगिक अनुसन्धानमा रेशम खेती तथा रेशम उद्योग अनुसन्धानलाई विशेष प्राथमिकता दिनुपर्ने,
- उपयुक्त ग्रेडिङ्ग प्रणाली अपनाएर रेशम कोयाको खरीद तथा बिक्री वितरणमा निजी क्षेत्रको सहभागीता बढाउने,
- आयआर्जन र वृहत् रोजगारी सिर्जनाबाट रेशम पर्यटन प्रवर्द्धन गर्ने,
- रेशम अनुसन्धान केन्द्र स्थापना गरी रेशममा काम गर्ने प्राविधिकहरूको क्षमता अभिबृद्धि गर्नुपर्ने,
- कोयोत्तर गतिविधि अन्तर्गत गुणस्तरीय धागो तथा कपडा उत्पादनमा जोड दिनुपर्ने,
- रेशमजन्य तथ्याङ्क संकलन गर्ने र उचित व्यवस्थापकीय सुधारका लागि यथार्थपरक समसामयिक समीक्षा गर्दै अघि बढ्ने,
- रेशम खेतीको सम्भाव्यता भएका प्रदेश तथा स्थानीय तहमा यसको महत्वबारेमा व्यापक प्रचार प्रसार गर्नुपर्ने,
- तीनै तहका सरकार बीच उचित समन्वयात्मक संरचना सहित केन्द्रस्तरमा नीतिगत

वातावरण निर्माण, प्रदेशस्तरमा रेशम कपडा उद्योग विकास र स्थानीय तहमा रेशम खेती, रेशमकोया उत्पादन सम्बन्धी कार्यमा केन्द्रित हुनु पर्ने,

- युवा उद्यमी तथा वैदेशिक रोजगारीबाट स्वदेश फर्कने युवाहरूलाई रेशम उद्योग व्यवसायतर्फ आकर्षित हुने वातावरण सिर्जना गर्ने,
- किम्बु बगैंचा बिस्तार गर्दा अन्य व्यावसायिक बालीहरू (जस्तैः तरकारी, पशुपालन, माछा, अदुवा, बेसार आदि) को एकीकृत खेती प्रणाली अपनाउने,
- रेशमजन्य वस्तुको वजारीकरण प्रवर्द्धन र कोयाको समयनुकूल मूल्य ग्यारेन्टी गर्ने संयन्त्र क्रियाशील हुनुपर्ने,
- स्वदेशमै स्थापना भएका रेशम कपडा उद्योगहरूलाई विकास र विस्तार गरी विश्ववजारमा पहुँच वृद्धि गर्ने,
- परिवर्तित संघीय संरचनामा उपयुक्त हुने गरी उपयुक्त राष्ट्रिय रेशम सङ्गठन संरचनामा सुधार गर्ने,
- रेशम अनुसन्धान-प्रसार—शिक्षा बीच समन्वयात्मक सुधार गर्ने ।

## ६. जुट खेतीमा देखिएका समस्या र समस्या समाधानका उपायहरू

नेपालमा जुटखेतीको महत्व बढ्दै गएको हुँदा यसको ब्यावसायिक खेतीतर्फ सबैको ध्यान आकृष्ट हुनु स्वभाविकै हो। यो एउटा महत्पूर्ण नगदे रेसाबाली हो। नेपालका सुनसरी, मोरङ्ग, सप्तरी, सिराहा जस्ता तराईका जिल्लाहरूमा प्रमुख खेती गरिने यो बालीले देशको अर्थतन्त्रलाई सवल बनाउन मद्दत गरिरहेको मात्र होइन, रोजगारीको अवसर प्रदान गरी मानिसहरूको आय आर्जनको स्रोत समेत बन्न सफल भएको छ।

नेपालमा हाल ८ वटा जुटमिलहरू चालु अवस्थामा छन्, जसबाट हेसियन, जुट ब्याग, जुट ट्वाइन, जुट कार्पेट, यार्न आदिको उत्पादन हुने गरेको छ।यी उत्पादनहरूको व्यापक प्रयोगबाट यसको महत्व बढ्दै गएको स्पष्ट हुन्छ।उत्पादन लागत बढी हुनाले किसानहरू यो पेशामा आर्कषण नभएको र जुटखेती गर्ने किसानलाई अनुदान र सहुलियत नभएकोले पनि किसानहरू प्रोत्साहित नभएको पाइयो।

जुट अनुसन्धान कार्यक्रम नेपाल कृषि अनुसन्धान परिषद्, इटहरी सुनसरीमा जुट उत्पादक कृषक तथा कृषि उद्यमीहरूसँग अन्तरक्रिया तथा छलफल गरी प्रतिवेदन तयार गरिएको हो। उक्त छलफल तथा अन्तरक्रियाबाट निम्न बमोजिमका विवरणहरू प्राप्त भएका थिएः-

## जुट खेतीमा देखिएका समस्याहरू

- उद्योगमा कच्चा जुटको सहज आपूर्ति नहुनु,
- जुट मजदुरहरूको सहज जीवनयापनका लागि आवश्यक न्यूनतम मजदुरी र सुविधाहरू उपलब्ध नहुनु,
- जुटक्षेत्रसँग सम्बद्ध सरोकारवालाहरूको समन्वयमा कमी हुनु,
- कम लागतमा उच्च गुणस्तरको जुट सामग्रीहरू उत्पादन गर्न जुट उद्योगहरूको उत्पादन क्षमतामा कमि हुनु,
- जुट कृषकहरूलाई बृहत् रूपमा उन्नत र गुणस्तरीय जुटरेसा उत्पादन गर्न सक्षम बनाउनेतर्फ कार्यक्रम तय नहुनु,
- जुटखेतीका लागि आवश्यक पर्ने मल, बीउ, विषादी आदि जस्ता कृषि सामग्रीहरू सहज उपलब्ध नहुनु,
- जुटक्षेत्रको विकास र विस्तारका लागि स्थानीय सरकार, वित्तीय संघसंस्था, जुट उद्यमीहरू, कृषकहरू तथा अन्य सरोकारवालाहरूमा सक्रिय सहभागिता र समन्वयको अभाव हुनु,
- देशमा जुटक्षेत्रको विकासका लागि समय सापेक्ष अध्ययन अनुसन्धान नहुनु,
- उत्पादित जुटको निकासीमा अवरोध र वाधाहरू हुनु ।

## जुट खेतीमा देखिएका समस्याहरूको समाधानका उपायहरू

### क. जुट उद्योगहरूले गर्नुपर्ने कार्यहरू

- जुट कृषकहरूलाई उन्नत र गुणस्तरीय जुटरेशा उत्पादन गर्न उत्साहित र सहयोग गर्ने,
- उद्योगलाई कच्चा जुटको सहज आपूर्ति गर्ने प्रयोजनको लागि जुट कृषक तथा व्यापारीलाई जुटको बढ्दो महत्वको बारेमा प्रष्टसँग बुझाई जुट आपूर्तिको ग्यारेन्टी गराउने,

- ❖ जुट मजदुरहरूको सहज जीवनयापनका लागि आवश्यक न्यूनतम मजदुरी र सुविधाहरू उपलब्ध गराउने,
- ❖ जुट मजदुरहरूको पहिचान भएका वास्तविक समस्याहरूलाई उचित रूपमा सम्बोधन गर्ने तथा निराकरण गर्नेतर्फ कदम चाल्ने,
- ❖ जुट क्षेत्रसँग सम्बद्ध अन्य सरोकारवालाहरूको कमजोरीलाई शक्तिमा रूपान्तरित गर्नेतर्फ कार्य गर्ने,
- ❖ कम लागतमा उच्च गुणस्तरको जुट सामग्रीहरू उत्पादन गर्न जुट उद्योगहरूको उत्पादन क्षमता बढाउने ।

## ख. नेपाल सरकारले गर्नुपर्ने कार्यहरू

- ❖ जुट कृषकहरूलाई बृहत् रूपमा उन्नत र गुणस्तरीय जुटरेसा उत्पादन गर्न सक्षम बनाउनेतर्फ कार्य गर्ने,
- ❖ जुट कृषकहरूलाई लाभ पुग्ने गरी जुटखेती गर्न आवश्यक पर्ने मल, बीउ, विषादी आदिजस्ता कृषि सामग्रीहरूमा राहत उपलब्ध गराउने,
- ❖ अहिले पनि मुलुकमा ७०% विउ विजन आयात गर्नु परिरहेकोले स्वदेशमै विउ उत्पादन गर्न प्रोत्साहन गर्नु पर्ने,
- ❖ जुटक्षेत्रमा प्रत्यक्ष रोजगारीको अवसर सिर्जना गर्न र राष्ट्रको दिगो आर्थिक वृद्धी गर्न उचित नीति नियम निर्माण गर्ने,
- ❖ जुटक्षेत्रको प्रभावकारी विकासको लागि स्थानीय सरकार, वित्तीय संघसंस्था, जुट उद्यमीहरू, कृषकहरू तथा अन्य सरोकारवालाहरूको सक्रिय सहभागिता र समन्वय निश्चत गराउन कार्य गर्ने
- ❖ नेपालमा पर्याप्त जुट उद्यमिहरूको विकास गर्ने, प्रभावकारी सूचना प्रविधिको विकास गर्ने तथा अन्तर्राष्ट्रिय स्तरको जुट उत्पादन सामग्रीहरू तयार गर्ने आदी कार्य गरी उत्पादनमूलक रोजगारलाई विस्तार गर्ने,
- ❖ वातावरण मैत्री उच्चस्तरीय जुटको सामग्रीहरू उत्पादन गर्ने अवस्था सिर्जना गर्न प्रमुख भूमिका निर्वाह गर्ने,

- देशमा जुटक्षेत्रको विकास गर्न जुट अनुसन्धान तथा जुट विकास गर्ने संघसंस्थाहरूलाई पर्याप्त सुविधाहरू उपलब्ध गराउने,
- उपभोक्ताहरूलाई जुट सामग्रीहरूको घरेलु उपभोग बढाउनेतर्फ प्रेरित र उत्साहित गर्ने,
- जुटक्षेत्रमा आवद्ध संघसंस्था तथा ब्यावसायिक बजारको संरचनालाई बढावा दिने र स्थापना गरी कार्य गराउने,
- जुट उत्पादनहरूको निकासीमा देखिएका अवरोध र वाधाहरूलाई हटाउन उपयुक्त रणनीति अपनाई निकासी कार्यलाई सहज बनाउने ।

### ग. कृषकहरूका तर्फबाट गरिनु पर्ने कार्यहरू

- जुटखेती गर्न सिमान्तकृत उब्जाउ भूमिलाई विस्तारित भूमिमा परिवर्तन गर्नेतर्फ ध्यान दिने।
- जुटखेती गर्न आवश्यक पर्ने उन्नत बीउ जुटाउन भरपर्दो सरकारी संघसंस्थाहरूमा सम्पर्क राख्ने ।
- राज्य वा संघसंस्थाहरू बाट संचालित उन्नत जुट खेती सम्बन्धी तालिम र प्रशिक्षण क्रियाकलापमा सक्रिय रूपमा सहभागिता जनाउने ।
- कम लागतमा उन्नत र गुणस्तरीय रेसा उत्पादन गर्ने प्रविधि अपनाउने ।
- धेरै परिमाणमा जुट रेसा संकलन गरी कच्चा जुटको रूपमा सोझै उद्योगलाई आपुर्ति गर्ने।
- जुट उत्पादन गर्ने, जुट कुहाउने र उन्नत बीउ उत्पादन गर्ने नयाँ-नयाँ विकसित प्रविधिहरू प्रति सजग रहने ।

## ४.५ प्रदेशस्तर किसान संघ/संगठन तथा संस्थाहरूको क्षमता अभिवृद्धि कार्यक्रम

किसानको हक, हित र अधिकारका लागि विभिन्न दलसँग सम्वद्ध भएका संघ/संगठनहरूलाई कृषि विकासका सम्बन्धमा भएका नीतिगत व्यवस्था तथा कार्यक्रमका साथै संविधानमा कृषि विकासका लागि भएका व्यवस्था, सरकारका नीति तथा कार्यक्रमहरू र यिनीहरूको कार्यान्वयनको प्रक्रियाको बारेमा जानकारी दिनका लागि किसान संघ, संगठन तथा संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरियो। किसानहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ ७ वटै प्रदेशका प्रदेशस्तरीय किसान संघ/सगंठनहरूका प्रतिनिधिहरूको सहभागिता रहेको

थियो। उक्त कार्यक्रममा तीनै तहका सरकारबाट संचालन भएका कृषि सम्बन्धी कार्यक्रमहरूको बारेमा सम्बन्धित क्षेत्रका विषय विज्ञहरूबाट कार्यपत्रहरू प्रस्तुत भएका थिए।

किसान संघ/संगठन र संस्थाहरूको क्षमता अभिवृद्धि कार्यक्रममा किसान अधिकारः नीतिगत व्यवस्था, कार्यान्वयनको अवस्था र अबको आवश्यकता; प्रदेशस्तरीय कृषि विकास योजना तर्जुमा र कार्यक्रम कार्यान्वयन प्रक्रिया; प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाइद्धारा संचालित कार्यक्रमहरू एवम् संचालन प्रकृयाको जानकारी; कृषि ज्ञान केन्द्रबाट संचालन हुने विभिन्न कार्यक्रमहरूको बारेमा जानकारी; नेपालमा सहकारीको भूमिका वर्तमान, अवस्था, समस्या र समाधानका उपायहरू; किसान आयोगको भूमिका; स्थानीय तहमा कृषि विकास योजना तर्जुमा प्रक्रिया; नेपालमा विषादी प्रयोगको अवस्था र प्रयोग गर्दा अपनाउनु पर्ने सावधानि;प्राङ्गारिक खेती जस्ता विभिन्न विषयहरू समेटिएका थिए। विभिन्न प्रदेशमा भएका कार्यक्रमहरूमा कार्यपत्र प्रस्तुति पश्चात् छलफल तथा अन्तरक्रिया समेत भएको थियो। उक्त छलफल तथा अन्तरक्रियामा सहभागीहरूबाट निम्न किसिमका समस्या तथा सुझावहरू प्राप्त भएका थिएः-

**समस्याहरू**

- किसानहरूलाई दिइने आश्वासन अनुसार योजना र कार्यान्वयनको तालमेल नहुनु साथै योजना अनुसार कार्यक्रम सम्पन्न हुन कठिनाइ हुनु,
- सरकारद्वारा सहकारी संस्थाहरूमा अनुगमनको पाटो कमजोर रहनु,
- ऐन, कानून एकीकृत तथा समसामयिक हुन नसक्नु,
- साना किसानहरूको अनुदान तथा सहयोगमा पहुँच पुग्न नसक्नु, टाठाबाठाले मात्र सुविधा लिनु,
- किसानहरूको क्षमता विकास सम्बन्धी कार्यक्रमहरूको स्थानीय तहसम्म विस्तार हुन नसक्नु,
- सरकारका कृषि विकासका कार्यक्रमहरू लागु गर्नको लागि संरचना र जनशक्ति एकदम अभाव रहनु,
- साना किसानको हातमा जग्गा नहुनु साथै जग्गा हुनेहरूले करार खेतीका लागि लामो समयसम्म जग्गा दिन इच्छुक नदेखिनु,

- किसानले सरल तरिकाले ऋण लिन नसक्नु,
- उत्पादित बस्तुको बजार पहुँचको सुनिश्चितता नहुनु,
- एउटा स्थानीय तहमा धेरै कृषि सहकारी संस्थाहरू भएकोले कार्यसम्पादन दोहोरोपना देखिएको ।

### सुझावहरू

- कृषि विकास सम्बन्धी ऐन, कानून एकीकृत तथा समसामयिक बनाउनुपर्ने,
- किसानका हक अधिकारप्रति सरकार संवेदनशील रहनुपर्ने,
- किसान/किसान संगठनको क्षमता अभिवृद्धिका कार्यक्रमहरू स्थानीय तहसम्म विस्तार गर्ने,
- सरकारद्वारा वितरण गरिने अनुदानलाई पारदर्शी तथा साना किसानको पहुँच योग्य बनाउने,
- सरकारले संचालन गर्ने कृषि विकासका कार्यक्रमहरू लागु गर्नको लागि सरकारी संरचना बलियो बनाउने र यथेष्ट प्राविधिक कर्मचारीको व्यवस्था गर्ने,
- भूमिहीन किसानलाई भूमि प्रयोग गर्न पाउने अधिकारका लागि सम्बन्धित मन्त्रालयसँग कृषि तथा पशुपन्छी विकास मन्त्रालयले समन्वय गरी उनीहरूलाई भूमिमा पहुँच स्थापित गर्ने,
- उत्पादित बस्तुको बजार पहुँचको सुनिश्चितता गर्ने,
- एकै किसिमको काम गर्ने धेरै कृषि सहकारी संस्थाहरूको स्थापना अन्त्य गर्न सरकारद्वारा नियमन गर्ने,
- सहकारीमा गरिब किसानहरूको सहभागिता हुने वातावरण सिर्जना गर्ने,
- बाली बीमा र सहुलियतपूर्ण कृषि कर्जालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न राष्ट्रिय किसान आयोगले महत्वपूर्ण भुमिका खेल्नु पर्ने,
- कृषकहरूको खेती गर्ने समयमा रासायनिक मलको अभाव हुने भएकोले रासायनिक मल कारखाना नेपालमा नै स्थापना गर्नुपर्ने,
- रैथाने बाली प्रबर्द्धन गर्ने कार्यक्रम हुनु पर्ने,
- उत्पादन भएका कृषि वस्तुहरूको समर्थन मूल्य तोकिनु पर्ने र उक्त मूल्यमा सरकारबाट उचित समयमा खरिद गर्ने समेत व्यवस्था हुनुपर्ने,
- बाँझो जमिनको उपयोग सम्बन्धी नीति आउनुपर्ने,
- जडीबुटी खेतीलाई कृषिका निकायहरूमा पनि समावेश गरी कार्यक्रम संचालन गरिनुपर्ने ।

## ४.६. किसान संघ/संगठन/संस्थाहरूको प्रतिनिधिहरूको अन्तरप्रदेश भ्रमण

राष्ट्रिय किसान आयोगको आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०७८/१२/०६ गते देखि मिति २०७८/१२/१२ सम्म चितवन, तनँहु र कास्की जिल्लाहरूमा किसान संघ, संस्था, संजालहरू तथा पेशागत संघ, संगठनहरूका प्रतिनिधीहरुको अन्तरप्रदेश भ्रमण सम्पन्न गरिएको थियो। सहभागीहरुले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन ईकाइ चितवन; साना किसान सहकारी संस्था लि. कुमरोज; केरा बगान खैरहनी; लामिछाने केरा बगान; अभियान कृषि फर्म शुक्रनगर; माडी प्राङगारिक कृषि फर्म तथा अनुसन्धान केन्द्र प्रा. लि को स्थलगत भ्रमण गरी चितवन जिल्लामा कृषि क्षेत्रमा प्रयोग भएका नयाँ प्रविधिबारे ज्ञान प्राप्त गर्नुका साथै सफल कृषि व्यवसायीसँग अनुभव आदान प्रदान भयो। त्यसै गरी मिलीजुली कृषि उत्पादक सहकारी संस्था लि. आँबुखैरेनी; देवीस्थान कृषि सहकारी संस्था लि. हेम्जा; पशु विकास फार्म पोखरा लगायतको स्थलगत भ्रमण गरी कृषिको व्यवसायीकरणको अवस्थाको बारेमा जानकारी लिनुका साथै अनुभव आदान प्रदान समेत गरियो। यस भ्रमणको विस्तृत विवरण अनुसूची ३ मा संलग्न गरिएको छ ।

## ४.७. किसान संघ/संगठन तथा संजालको समन्वयमा मनाइएका दिवसहरू

किसानहरूले गरेको कार्यलाई सम्मान गर्न र कृषि उत्पादनमा प्रोत्साहन गर्ने उद्देश्यले आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार किसान संघ/संगठनका प्रतिनिधि एवम् किसानहरूको समन्वयमा ४१ औं खाद्य दिवस; विश्व माटो दिवस; पाँचौ राष्ट्रिय किसान आयोग स्थापना दिवस र अन्तराष्ट्रिय किसान संघर्ष दिवस २०७९ मनाइयो। जसमध्ये अन्तराष्ट्रिय किसान संघर्ष दिवस कार्यक्रममा किसान संघ/संगठनका प्रतिनिधि तथा किसानहरूबाट प्राप्त सुझावहरू तपसिल बमोजिम रहेका छन्।

### अन्तराष्ट्रिय किसान संघर्ष दिवस

राष्ट्रिय किसान आयोगबाट १७ अप्रिल,२०२२( वि.स. २०७९,बैशाख ४) मा विभिन्न दलसँग सम्वद्ध किसान संघ/संगठन साथै अन्य सम्बन्धित संस्थाका प्रमुख एवम प्रतिनिधिज्यूहरूको उपस्थितिमा अन्तराष्ट्रिय किसान संघर्ष दिवस मनाइयो। उक्त दिवस कार्यक्रमको उद्देश्य हालसम्म किसानका हक, हित र अधिकारको अवस्थाको बारेमा जानकारी गराउनुका साथै संरक्षण

सम्वर्द्धनका लागि किसान संघ/संगठन एवम सरोकारवाला निकायहरूबाट खेल्नुपर्ने भूमिकाको बारे छलफल/अन्तरक्रिया गर्नु रहेको थियो। छलफल/अन्तरक्रियाबाट प्राप्त सुझावहरू देहाय बमोजिम रहेका छन्ः-

**सुझावहरू :**

- देशको कुल ग्राहस्थ उत्पादनमा करिव २५ प्रतिशत योगदान गर्ने कृषि क्षेत्रमा हुने विनियोजित बजेट न्यून हुनाले कृषि क्षेत्रको विकास हुन नसकेको कारण कृषि क्षेत्रमा कुल विनियोजित बजेटको कम्तिमा ५ प्रतिशत बजेट विनियोजन हुनुपर्ने,
- किसान सूचीकरण एवम् वर्गीकरण गर्ने प्रकृया यथाशिघ्र सम्पन्न गरिनु पर्ने,
- सरकारबाट समर्थन मूल्य तोकिएका बाली तथा बस्तुहरूको कार्यान्वयनका लागि तदारूकता हुनुपर्ने जसका लागि अधिकार सम्पन्न संयन्त्र निर्माण गर्ने र क्रमशः अरू बाली तथा बस्तुहरूका पनि समर्थन मूल्य तोक्दै जाने,
- किसान पहिचान र वर्गीकरणको आधारमा अनुदानलाई व्यवस्थित गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि उत्पादनमा अनुदान दिने व्यवस्थालाई प्रभावकारी बनाइनुपर्ने,
- कृषि बाली बीमाको प्रभावकारी कार्यान्वयनको लागि बीमा कम्पनीहरूको सकृयता अझ बढाउन सरकारका तर्फबाट बीमा कम्पनीहरूलाई समय समयमा अनुगमन गर्नुपर्ने,
- नेपाल सरकारको निर्देशनमा बैंक तथा वित्तीय क्षेत्रबाट लगानीका लागि राष्ट्रबैंकको सर्कुलर अनुसार बैंकहरूले किसान तथा कृषि व्यवसायीहरूलाई तोकिए अनुसार ऋण सहज र सरल तरिकाबाट उपलब्ध गराए/नगराएका विषयमा अनुगमन संयन्त्र बनाई कडाइका साथ तोकिए अनुसारको  लगानी गर्नुपर्ने बाध्यकारी नियम बनाउनु पर्ने,
- कृषि क्षेत्रमा उत्पादन बढाउन सिंचाइको  महत्वपूर्ण भूमिका हुने हुंदा कार्यक्रम तथा बजेट निर्माण प्रकृयामा सिंचाइ सम्बन्धी कार्यक्रमहरूलाइ प्राथमिकता दिनु पर्ने,
- स्थानीयस्तरमै कृषि क्षेत्रसँग सम्बन्धित प्राविधिक जनशक्ति उपलब्ध गराउने,
- किसान सामाजिक सुरक्षा र किसान पेन्सन व्यवस्थाबाट किसान लाभान्वित हुनुपर्ने,
- नेपालका स्थानीय जातका बीउहरूको संरक्षण गर्नुपर्ने र देशमै बीउ उत्पादन त्यसको व्यवस्थित बजारीकरण गरी आयातित बीउलाई प्रतिस्थापन गर्नुपर्ने,

- नेपालमा कृषिका प्राथमिक क्षेत्रहरूमा प्रत्यक्ष वैदेशिक लगानी खुल्ला गर्न नहुने तर उत्पादन वृद्धिका लागि अन्तराष्ट्रिय क्षेत्रमा भएका अभ्यास र वैज्ञानिक प्रविधि भित्र्याउने कुरामा जोड दिनुपर्ने ।

## ४.८. अवलोकन तथा अनुगमन

किसानको जीविकोपार्जनको मूख्य श्रोत मानिएको कृषि क्षेत्रको विकासका लागि सरकारका विभिन्न तहबाट कृषि सम्बन्धी विभिन्न कार्यक्रमहरू संचालनमा आइरहेका छन्। संचालित कार्यक्रमहरूको कार्यान्वयन प्रक्रिया र कार्यक्रममा किसानहरूको पहुँचको अवस्थाको बारेमा जानकारी लिने र अवलोकन तथा अनुगमनका क्रममा देखिएका समस्याहरूको बारेमा सरोकारवाला निकायलाई सुझाव दिने उद्देश्यले राष्ट्रिय किसान आयोगका पदाधिकारी र कर्मचारीहरुबाट विभिन्न अनुगमनहरू गरियो। डडेलधुरा, कंचनपुर, कैलाली, बाँके, दाङ्ग, अर्घाखाँची, रुपन्देही, चितवन, लमजुङ्ग, भक्तपुर, ललितपुर, काठमाडौं र सिन्धुली जिल्लामा कृषि तथा पशुपन्छी मन्त्रालयबाट संचालित केही परियोजना/आयोजना तथा कार्यक्रमहरुको अवलोकन तथा अनुगमन गरियो। त्यसै गरी प्रदेश र स्थानीय तहबाट संचालित कृषि विकास कार्यक्रमहरुको स्थलगत जानकारी लिई सम्बन्धित सरोकारवाला निकायसँग अन्तरक्रिया तथा छलफल गरियो। अवलोकन तथा अनुगमनको विस्तृत विवरण अनुसूची ४ मा संलग्न गरिएको छ ।

# खण्ड ङ

## ५. आ.व २०७८/७९ मा लक्ष्य बाहेकका कार्यक्रमहरू

- भक्तपुर, ललितपुर र काठमाडौंका किसानले लगाएको गोलभेडामा पिथ नेक्रोसिस समस्याले ग्रस्त भएको भनी जनगुनासो आएकोले समस्यालाई समाधानार्थ गर्न राष्ट्रिय किसान आयोगको नेतृत्वमा नेपाल कृषि अनुसन्धान परिषद्का बाली रोग वैज्ञानिक; कृषि ज्ञान केन्द्र; ललितपुरका प्रमुख; बाली संरक्षण प्रयोगशाला, हरिहरभवनका बरिष्ठ बाली संरक्षण अधिकृत लगायतको टिमले किसानको फिल्ड अवलोकन तथा निरीक्षण गरी किसानलाई प्राविधिक सल्लाह/सुझाव दिईएको।
- राष्ट्रिय किसान आयोगका अध्यक्षको अध्यक्षतामा धानको समर्थन मूल्यको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय किसान आयोगमा छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा राष्ट्रिय किसान आयोगका सदस्यज्यूहरू साथै उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय; कृषि तथा पशुपन्छी विकास मन्त्रालय; खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका प्रमुख एवम् प्रतिनिधिहरूको सहभागिता रहेको थियो। छलफलका क्रममा नेपाल सरकारबाट तोकिने गरेको धानको समर्थन मूल्यको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायहरूले आ आफ्नो जिम्मेवारी अनुसार आवश्यक पहल गरी कार्यान्वयनका लागि अगाडि बढ्ने निर्णय गरियो।
- राष्ट्रिय किसान आयोगका अध्यक्षज्यू एवम सदस्यहरूबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्रीज्यू एवम् सचिवज्यूसँग भेट गरी किसानका समसामयिक राष्ट्रिय समस्याहरू बारे जानकारी गराउनुका साथै Non GMO प्रमाण पत्र बिना कृषि बस्तु एवम् बीउ बिजन आयात अविलम्ब रोक्नु पर्ने; धानको समर्थन मूल्य कार्यान्वयनको लागि तत्काल माननीय मन्त्रीज्यूको अध्यक्षतामा उच्चस्तरीय संयन्त्रको बैठक बस्नु पर्ने; कृषक गुनासो व्यवस्थापनको लागि एकद्धार प्रणाली मार्फत राष्ट्रिय किसान आयोगबाट नै गुनासो सुन्ने व्यवस्थाका लागि तयार भई मन्त्रालयमा पेश भएको कार्यविधि यथाशिघ्र स्वीकृत गर्नुपर्ने; बाढी, पहिरो र डुबानबाट भएको क्षतिको विवरण छिटो भन्दा छिटो संकलन

गरी किसानलाई राहत र क्षतिपूर्तिका लागि कार्यान्वयनको प्रक्रिया अगाडि बढाउन मा. मन्त्रीज्यूको ध्यानाकर्षण गराइ कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा सुझावहरू पेश गरिएको ।

- ❖ देशको विभिन्न भागहरूमा भएको अविरल वर्षाका कारण धानबाली सहित फलफूल, माछा र पशुवस्तुमा भएको क्षतिको कृषकहरूलाई राहत प्रदान गर्ने कार्यको कार्यान्वयन सम्बन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय,गृह मन्त्रालय, विपत व्यवस्थापनका प्रमुख तथा प्रतिनिधि बीच छलफल भयो। उक्त छलफलमा सम्बन्धित निकायहरूबाट गरिएका प्रयासहरूको बारेमा जानकारी भयो। छलफलको निष्कर्षमा छिटो छरितो ढंगले सत्यतथ्य तथ्याङ्क अध्यावधिक गरी कृषकलाइ राहत प्याकेज प्रदान गर्नका लागि पहल गर्न नेपाल सरकारलाई अनुरोधका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइएको।
- ❖ राष्ट्रिय किसान आयोगका सदस्यहरू, नार्कका वैज्ञानिक, बीउ बीजन गुणस्तर नियन्त्रण केन्द्र र कृषि ज्ञानकेन्द्र ललितपुरका प्रतिनिधिको टोलीबाट बुढानिलकण्ठ-१३, चुनिखेल,काठमाडौ र चागुनारायण न.पा-६,तेलकोट, भक्तपुरमा डि.वाई-२८ धानमा बाला नलागेको किसानको समस्याको अवलोकन तथा निरीक्षण गरियो। उक्त निरीक्षणमा देखिएका समस्याहरूको समाधानका लागि किसानहरूलाई दिइएका सुझावहरूः-
  - ❖ कृषकहरूले खेती गर्दा ठाउँ अनुसार सिफारिस भएका जातहरू मात्र लगाउने,
  - ❖ बाली तथा वस्तुहरूको बीउ तथा जात छनौट गर्दा प्राविधिकको सहयोगमा गर्ने,
  - ❖ कृषि सामाग्री (मल, बीउ, विषादी आदि ) खरिद गर्दा दर्ता एवम अनुमति प्राप्त विक्रेताबाट मात्र खरिद गर्ने,
  - ❖ नोक्सानीको विवरण सम्बन्धित पालिकाको कृषि शाखाले किसानहरूको सूचि तयार गर्ने,
  - ❖ विक्रेताले सिफारिस अनुसारको जातहरू बिक्री नगरेको हुदा कारवाहीको दायरामा ल्याउनुपर्ने ।
- ❖ राष्ट्रिय किसान आयोगले वर्षा, बाढी र डुबानबाट प्रभावित किसानको उद्धार र राहत कार्यलाई यथाशिघ्र प्रभावकारी ढंगले सम्पन्न गर्न नेपाल सरकारलाई ज्ञापन पत्र बुझाएको। ज्ञापन पत्र विस्तृतमा अनुसूचि- ५ मा उल्लेख गरिएको छ।

- उखु उत्पादन गर्ने कृषकहरूले उखु बिक्री गरे वापत चिनी उद्योगहरूबाट प्राप्त गर्नुपर्ने सम्पूर्ण रकम समयमै भुक्तानी नपाएको गुनासो प्रति विज्ञप्ति जारी गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय लगायत अन्य सरोकारवाला निकायलाई आवश्यक पहल गर्न अनुरोध गरिएको । विस्तृतमा अनुसूची-६ मा उल्लेख गरिएको छ।
- विभिन्न जिल्लाहरूमा बाढी, पहिरो, र डुबानले किसानका उत्पादन, उत्पादन फार्महरू तथा हजारौं हे. खेती योग्य जमिन, कृषि बालीमा परेको क्षतिपूर्तीको लागि राहत वितरण कार्यक्रम गर्नको लागि विज्ञप्ति जारी गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय लगायत अन्य निकायलाई आवश्यक पहल गर्न अनुरोध गरिएको । विस्तृतमा अनुसूचि- ६ मा उल्लेख गरिएको छ।
- बेमौसमी बर्षाको कारण बिभिन्न जिल्लाहरूमा बाढी, पहिरो, र डुबानले धानमा भएको क्षतिको यथार्थ विवरण संकलन गरी किसानलाई राहत, क्षतिपूर्ति र पुर्नस्थापना समेतका अल्पकालीन र दीर्घकालीन प्याकेज कार्यक्रम गर्नको लागि विज्ञप्ति जारी गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय लगायत अन्य निकायलाई आवश्यक पहल गर्न अनुरोध गरिएको । विस्तृतमा अनुसूचि- ६ मा उल्लेख गरिएको छ।
- रासायनिक मल उपलब्ध गराउन विज्ञप्ति जारी गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई आवश्यक पहल गर्न अनुरोध गरिएको । विस्तृतमा अनुसूची- ६ मा उल्लेख गरिएको छ।
- दक्षिणकाली नगरपालिका ८ र ९ छैमले काठमाडौंका किसानहरुबाट नास्पातीमा दाना नलागेको समस्या सम्बन्धी गुनासो यस आयोगमा आएको हुँदा सरोकारवाला निकायहरुको ध्यानाकर्षणका लागि विज्ञप्ती जारी गरियो जसको विस्तृत अनुसूची- ६ मा उल्लेख गरिएको छ। तत् पश्चात सरोकारवाला निकायहरुबाट किसान आयोगको नेतृत्वमा स्थलगत निरीक्षण गरी किसानहरुसँग छलफल गरियो ।

# अनुसूची-१

# आ.व २०७८/७९ को वार्षिक प्रगति प्रतिवेदन

| क.सं. | कार्यक्रम /क्रियाकलाप | इकाई | वार्षिक लक्ष्य | | | यस आ.व. को वार्षिक प्रगति | | प्रगति अवधि सम्म यस आ.व. को प्रगति | | सुचकमा आधारित प्रमुख प्रतिफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | परिमाण | भार | परिमाण | |
| १ | २ | ३ | ४ | ५ | ६ | १२ | १३ | १२ | १३ | १४ | १५ |
| अ) | **पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | | | | | |
| ११.३.२.६ | स्कुटर खरिद | संख्या | २ | १.०८ | ५ | २ | १.०८ | २ | १.०८ | | |
| ११.३.७.८ | ल्यापटप खरिद | संख्या | ६ | १.१६ | ५.४ | ६ | १.१६ | ६ | १.१६ | | |
| ११.३.७.३७१ | सर्भर सेट खरिद तथा जडान | पटक | १ | ०.१७ | ०.८ | १ | ०.१७ | १ | ०.१७ | | |
| ११.३.७.३७४ | डिजिटल एल सी डी डिस्प्ले सेट | संख्या | १ | ०.२७ | १.२५ | १ | ०.२७ | १ | ०.२७ | | |
| ११.३.७.४२९ | डिजिटल हाजिरी सेट खरिद | संख्या | १ | ०.१६ | ०.७५ | १ | ०.१६ | १ | ०.१६ | | |
| ११.३.७.४५४ | Air Conditioner | संख्या | ६ | १.०३ | ४.८ | ६ | १.०३ | ६ | १.०३ | | |
| ११.३.७.४६८ | प्रिन्टर खरिद | संख्या | ४ | ०.२२ | १ | ४ | ०.२२ | ४ | ०.२२ | | |
| ११.३.२२.२०७ | डिजिटल क्यामेरा खरिद | संख्या | १ | ०.२२ | १ | १ | ०.२२ | १ | ०.२२ | | |
| ११.६.१३.१३८ | कार्यालयको लागि फर्निचर तथा फर्निसिङ्ग खरिद (कार्यालयको लागि फर्निचर फिक्चर्स)(टेवल, कुर्सी सोफा ,दराज) | सेट | ५ | १.०८ | ५ | ५ | १.०८ | ५ | १.०८ | | |
| ११.६.१३.३७२ | बैठकहलमा फर्निसिङ्ग | पटक | १ | १.७२ | ८ | १ | १.७२ | १ | १.७२ | | |
| क) पूँजीगत खर्च कार्यक्रमको जम्माः | | | | ७.११ | ३३ | | ७.११ | | ७.११ | | |
| आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | |
| २.१.१.१ | धाराको महसुल | पटक | १५ | ०.३९ | १.८ | १५. | ०.३९ | १५. | ०.३९ | | |
| १.१.१.४ | रा.प. द्वितीय | जना | ० | ३.३ | १५.३ | १. | २.५४ | १. | २.५४ | | |
| २.१.१.९ | कार्यालयमा नयाँ धारा जडान | पटक | १ | १.७२ | ८ | १. | १.७२ | १. | १.७२ | | |
| १.१.१.७१ | शाखा अधिकृत | जना | १ | १.४ | ६.४८ | १. | १.४० | १. | १.४० | | |
| १.१.१.७२ | लेखा अधिकृत | जना | १ | १.४ | ६.४८ | १. | १.४० | १. | १.४० | | |

| क्र.सं. | कार्यक्रम /कियाकलाप | इकाई | बार्षिक लक्ष्य | | | यस आ.व. को बार्षिक प्रगति | | प्रगति अवधि सम्म यस आ.व. को प्रगति | | सुचकमा आधारित प्रमुख प्रतिफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | परिमाण | भार | परिमाण | |
| १.१.१.९० | रा.प.अनं.प्र.(प्रा) | जना | ३ | ३.६३ | १६.८३ | १. | ०.२७ | १. | ०.२७ | | |
| १.१.१.९१ | रा.प.अनं.प्र. (प्र) | जना | १ | १.१५ | ५.३४ | १. | १.१५ | १. | १.१५ | | |
| १.१.१.९६ | रा.प.प्रथम (प्रा.) | जना | १ | १.७९ | ८.३ | १. | ०.८ | १. | ०.८ | | |
| १.१.१.९९ | रा.प.तृ.प्रा | जना | ३ | ४.३७ | २०.२७ | १. | ३.०० | १. | ३.०० | | |
| २.१.२.१ | बिद्युत महशुल | पटक | २५०० | ०.९७ | ४.५ | १२. | ०.९७ | १२. | ०.९७ | | |
| २.१.३.१ | जारको पिउने पानी | जार | २२४ | ०.४५ | २.१ | २२४. | ०.४५ | २२४. | ०.४५ | | |
| २.१.३.२ | ट्याङ्करको पानी | संख्या | १२ | ०.७८ | ३.६ | १२. | ०.७८ | १२. | ०.७८ | | |
| ८.१.३.१७ | पदाधिकारीलाई सुविधाको घर भाडा | महिना | ६ | २.८ | १३ | १२. | २.५० | १२. | २.५० | | |
| ८.१.४.४ | पदाधिकारीलाई टेलिफोन बिजुली र धारा सुविधा | जना | ६ | ०.४७ | २.१६ | १२. | ०.४७ | १२. | ०.४७ | | |
| ८.१.४.५ | पदाधिकारीको लागि घर सरसफाई सुविधा | जना | ६ | ०.४२ | १.९४ | ६. | ०.४२ | ६. | ०.४२ | | |
| २.१.६.१ | टेलिफोन महसुल | महिना | ६००० | ०.६६ | ३.०४ | १२. | ०.६६ | १२. | ०.६६ | | |
| २.१.६.११ | संचार महशुल (टेलिफोन/इमेल/इन्टरनेट/हुलाक/कुरियर) | महिना | ११० | ०.८५ | ३.९६ | १२. | ०.८५ | १२. | ०.८५ | | |
| १.१.७.४ | अध्यक्ष | जना | ० | १.८८ | ८.७२ | १. | १.८८ | १. | १.८८ | | |
| १.१.७.५ | सदस्य | जना | ० | ८.४७ | ३९.२८ | ५. | ८.४७ | ५. | ८.४७ | | |
| २.२.१.४ | मोबिल | लीटर | २५ | ०.५७ | २.६३ | १२. | ०.५७ | १२. | ०.५७ | | |
| २.२.१.८ | गाडीको लागि गियर आईल र वेक आईल आदी | लीटर | ३० | ०.४९ | २.२७ | १२. | ०.४९ | १२. | ०.४९ | | |
| २.२.१.२२ | सुविधाको ईन्धन | लीटर | ६०० | १.७५ | ८.१ | ६०००. | १.७५ | ६०००. | १.७५ | | |
| १.२.२.२ | महंगी भत्ता | जना | १२ | ०.६५ | ३ | १२. | ०.६५ | १२. | ०.६५ | | |
| २.२.२.२ | पेट्रोल- दुई पाङ्ग्रे | लीटर | ३००० | ०.७३ | ३.३७ | ३०००. | ०.७३ | ३०००. | ०.७३ | | |
| २.२.२.३ | डिजेल | लीटर | ३८४० | ०.८६ | ३.९८ | ३८४०. | ०.८६ | ३८४०. | ०.८६ | | |

| क्र.सं. | कार्यक्रम /क्रियाकलाप | इकाई | बार्षिक लक्ष्य | | | यस आ.व. को बार्षिक प्रगति | | प्रगति अवधि सम्म यस आ.व. को प्रगति | | सुचकमा आधारित प्रमुख प्रतिफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | परिमाण | भार | परिमाण | |
| २.२.२.४ | मोबिल | लीटर | ४८० | ०.६७ | ३.१३ | ४८०. | ०.६७ | ४८०. | ०.६७ | | |
| २.२.२.९९ | कार्यक्रम संचालन तथा अनुगमनमा प्रयोग हुने गाडीका लागि डिजेल | लीटर | ४००० | ०.८९ | ४.१४ | ४०००. | ०.८९ | ४०००. | ०.८९ | | |
| २.२.२.२७४ | आयोगका पदाधिकारीहरुबाट हुने कार्यक्रम अनुगमनको लागि डिजेल | पटक | ४३२० | ०.९४ | ४.३८ | १२. | ०.९४ | १२. | ०.९४ | | |
| २.२.३.२ | ग्याँस | संख्या | ४८ | ०.१ | ०.४६ | ३६. | ०.१० | ३६. | ०.१० | | |
| २.२.३.९ | ग्यास सिलिण्डर | थान | १२ | ०.१२ | ०.५४ | १२. | ०.१२ | १२. | ०.१२ | | |
| १.२.४.५ | बैठक भत्ता | पटक/किसिम | १२ | ०.४३ | २ | ३. | ०.४३ | ३. | ०.४३ | | |
| १.२.११.१ | पदाधिकारी बैठक भत्ता | पटक | २४ | ०.६५ | ३ | ०. | ०.१५ | ०. | ०.१५ | | |
| १.३.१.१ | निजामती कर्मचारीहरुको पोशाक खर्च | जना | १२ | ०.२२ | १ | १२. | ०.२२ | १२. | ०.२२ | | |
| २.३.१.३ | दुई पाङ्ग्रे सवारी साधन मर्मत खर्च | वटा | २० | ०.४३ | २ | २०. | ०.४३ | २०. | ०.४३ | | |
| २.३.१.११ | चार पांग्रे सवारी साधन मर्मत | वटा | ७ | ४.५३ | २१ | ७. | ४.५३ | ७. | ४.५३ | | |
| २.३.२.५ | अन्य मेशीनरी औजार मर्मत | पटक | ४० | ०.८६ | ४ | ४०. | ०.८६ | ४०. | ०.८६ | | |
| २.३.९.१६९ | कार्यालको बैठककक्षको लागि भवनमा पार्टेशन, मर्मत तथा रंगरोगन | संख्या | १ | १.०८ | ५ | १. | १.०८ | १. | १.०८ | | |
| २.४.१.२ | पत्रपत्रिका तथा पुस्तिका खरीद | महिना | १२ | ०.२९ | १.३६ | १२. | ०.२९ | १२. | ०.२९ | | |
| २.४.१.१५ | कार्यालय मसलन्द सामान खर्च | पटक | १२ | ०.९३ | ४.३२ | १२. | ०.९३ | १२. | ०.९३ | | |
| २.४.१.२० | छपाई खर्च (छपाई खर्च ) | पटक | १२ | ०.४७ | २.१६ | १२. | ०.४७ | १२. | ०.४७ | | |
| २.४.१.४१ | एफ एम रेडियो टिभि तथा पत्रपत्रिकाबाट सूचना प्रकाशन | पटक | १२ | ०.४७ | २.१६ | १२. | ०.४७ | १२. | ०.४७ | | |
| २.५.२.२०५ | कृषि विकासको लागि राज्यले अंगीकार गरेका नितिहरुमा केन्द्र, प्रदेश र स्थानीय तहमा कार्यान्वयनमा भएको अध्ययन समिक्षा | पटक | १ | २.१६ | १० | १. | २.१६ | १. | २.१६ | | |

| क्र.सं. | कार्यक्रम /क्रियाकलाप | इकाई | बार्षिक लक्ष्य | | | यस आ.व. को बार्षिक प्रगति | | प्रगति अवधि सम्म यस आ.व. को प्रगति | | सुचकमा आधारित प्रमुख प्रतिफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | परिमाण | भार | परिमाण | |
| २.५.२.२०६ | कृषि अनुदानमा भएको नितीगत व्यवस्थामा सुधार गर्न अध्ययन | पटक | १ | १.०८ | ५ | १. | १.०८ | १. | १.०८ | | |
| २.५.२.३५७ | रासायनिक मलको वितरण प्रणालीमा सुधार गरी प्रभावकारी बनाउनको लागि अध्ययन | पटक | १ | १.०८ | ५ | १. | १.०८ | १. | १.०८ | | |
| २.५.३.८९ | आयोगको गतिविधी अभिलेखिकरण तथा प्रचार प्रसारको लागि मिडिया करार (सेवा करार) | पटक | ४ | ०.४३ | २ | ४. | ०.४३ | ४. | ०.४३ | | |
| २.५.३.२९७ | वेभसाइट अपडेट | पटक | १ | ०.२२ | १ | १. | ०.२२ | १. | ०.२२ | | |
| २.५.३.४५८ | कार्यालयका कम्प्युटर, फोटोकपि, एसि आदी मेशिनरी मर्मत सेवा करार | जना | १ | ०.२२ | १ | १. | ०.२२ | १. | ०.२२ | | |
| १.५.५.१ | सेवामा रहेका पदाधिकारीको औषधी उपचार खर्च | जना | ६ | ०.८४ | ३.९ | ६. | ०.८४ | ६. | ०.८४ | | |
| २.५.७.४ | सेवा करारका कर्मचारीलाई चाडपर्व खर्च | संख्या | १८ | ०.९ | ४.१९ | १८. | ०.९० | १८. | ०.९० | | |
| २.५.७.५ | सेवा करारका कर्मचारीलाई पोशाक खर्च | संख्या | १८ | ०.३९ | १.८ | १७. | ०.३९ | १७. | ०.३९ | | |
| २.५.७.४२ | कार्यालय सहयोगी | संख्या | ५ | २.५९ | १२ | ५. | २.५९ | ५. | २.५९ | | |
| २.५.७.४३ | हलुका सवारी चालक | संख्या | ८ | ४.४७ | २०.७३ | ७. | ४.४७ | ७. | ४.४७ | | |
| २.५.७.४८ | सुरक्षा गार्ड (२) | संख्या | २ | १.०३ | ४.८ | २. | १.०३ | २. | १.०३ | | |
| २.५.७.६८ | स्वीपर करार | जना | १ | ०.३४ | १.५६ | १. | ०.३४ | १. | ०.३४ | | |
| २.५.७.१११ | कम्प्युटर अपरेटर व्यक्ति करार | जना | ५ | ३.६५ | १६.९२ | ५. | ३.६५ | ५. | ३.६५ | | |
| १.६.४.१ | कर्मचारीको योगदानमा आधारित वीमा कोष खर्च | जना | १२ | ०.२२ | १ | १२. | ०.२२ | १२. | ०.२२ | | |
| २.७.५.११५ | बार्षिक पुस्तिका प्रकाशन | प्रति | १ | ०.२७ | १.२४ | १. | ०.२७ | १. | ०.२७ | | |

| क्र.सं. | कार्यक्रम /क्रियाकलाप | इकाई | बार्षिक लक्ष्य | | | यस आ.व. को बार्षिक प्रगति | | प्रगति अवधि सम्म यस आ.व. को प्रगति | | सुचकमा आधारित प्रमुख प्रतिफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | परिमाण | भार | परिमाण | |
| २.७.२५.१२३१ | नीतिगत विषयमा राय लिनको लागि रोष्टरमा सूचीकृत कृषि तथा पशुसेवाका विज्ञहरुसंगको अन्तरक्रिया | पटक | ९ | ०.९७ | ४.४८ | ९. | ०.९७ | ९. | ०.९७ | | |
| २.७.२५.१२३९ | किसान संघ संस्था सञ्जालहरु तथा पेशागत संघ संगठनहरुको अन्तरप्रदेश भ्रमण | पटक | १ | १.०७ | ४.९८ | १. | १.०७ | १. | १.०७ | | |
| २.७.२५.१२८२ | उत्पादक कृषक तथा कृषि उद्यमीहरुको समस्या पहिचान गरि प्रतिवेदन तयार गर्ने | पटक | ६ | १.६१ | ७.४७ | ६. | १.६१ | ६. | १.६१ | | |
| २.७.२५.१७५ | आयोगको वार्षिक प्रगति तथा समिक्षा कार्यक्रम संचालन(अन्य) | पटक | १ | ०.२७ | १.२४ | १. | ०.२७ | १. | ०.२७ | | |
| २.७.२५.३०४ | सरोकारवाला निकायहरु(किसान संघ संस्था, संजाल तथा पेशागत संघ संगठन)सँग बैठक तथा अन्तरकृया(अन्य) | पटक | ९ | १.६१ | ७.४७ | ९. | १.६१ | ९. | १.६१ | | |
| २.७.२५.३०६ | किसान संघ संगठन/संस्थाहरु/ विज्ञहरुको दर्ता तथा सुचीकृत कार्यक्रम | पटक | २ | ०.२२ | १.०४ | १. | ०.२२ | १. | ०.२२ | | |
| २.७.२५.३११ | केन्द्र तथा प्रदेशस्तरमा किसान संघ संगठन तथा संजालको सहकार्यमा विभिन्न दिवस तथा अन्य कार्यक्रम संचालन(अन्य) | पटक | ४ | १.०७ | ४.९८ | ४. | १.०७ | ४. | १.०७ | | |
| २.७.२५.७९४ | प्रदेश स्तर किसान संघ संगठन/संस्थाहरु क्षमता अभिबृद्धि कार्यक्रम | पटक | ७ | ३.६९ | १७.१ | ७. | ३.६९ | ७. | ३.६९ | | |
| २.८.१.३७ | कार्यक्रम अनुगमन भ्रमण खर्च | पटक | ८८ | २.७५ | १३ | ८८. | २.७५ | ८८. | २.७५ | | |
| २.८.१.६६५ | पदाधिकारीहरुले विभिन्न कार्यक्रमहरुको अवलोकन भ्रमण | पटक | २० | ०.९२ | ४.२५ | ०. | ०.९२ | ०. | ०.९२ | | |

| क.सं. | कार्यक्रम /क्रियाकलाप | इकाई | बार्षिक लक्ष्य | | | यस आ.व. को बार्षिक प्रगति | | प्रगति अवधि सम्म यस आ.व. को प्रगति | | सुचकमा आधारित प्रमुख प्रतिफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | परिमाण | भार | परिमाण | |
| २.८.२.१० | सरुवा भएर जाँदाको भ्रमण खर्च (आन्तरिक भ्रमण) | पटक | ६ | ०.२७ | १.२७ | २. | ०.२७ | २. | ०.२७ | | |
| २.८.२.२४७ | भ्रमण खर्च (आन्तरिक भ्रमण) | पटक | ११ | ०.५९ | २.७३ | ६. | ०.५९ | ६. | ०.५९ | | |
| २.९.२.८ | सवारी साधन बीमा, नविकरण | संस्था | ३० | १.०८ | ५ | ३०. | १.०८ | ३०. | १.०८ | | |
| २.९.६.४ | कार्यालयमा दैनिक चियापान खर्च तथा अन्य भैपरि आउने विविध खर्च | महिना | १२ | ०.७८ | ४ | १२. | ०.७८ | १२. | ०.७८ | | |
| २.९.८.१ | कार्यालयमा आउने पाहुनालाइ चिया/ नास्ता खर्च | महिना | १२ | ०.५८ | २.७ | ११. | ०.५८ | ११. | ०.५८ | | |
| २.९.८.१ | रा.कि. आ. को निमन्त्रणामा विभिन्न देशका किसान संघ संस्था र आयोगवाट नेपाल भ्रमणमा आउने अतिथिहरुको सत्कार | पटक | ४ | ०.५८ | २.७ | ०. | ०.०० | ०. | ०.०० | | |
| | ख) चालु खर्च कार्यक्रमको जम्माः | | | ९२.९८ | ४३१. | | ८५ | | ८५ | | |
| | कुल जम्मा खर्च | | | १०० | ४६४. | | ९२.२३ | | ९२.२३ | | |

| | | |
|---|---|---|
| **कुल जम्माको प्रगति** | | |
| **बार्षिक भारित प्रगति प्रतिशत** | ९२.२३ | स्विकृत दरवन्दी अनुसार कर्मचारी पदपूर्ति नभएको हुनाले भारित प्रगति कम हुन गएको। |
| **बार्षिक वित्तिय प्रगति प्रतिशत** | ७१.५२ | |

# अनुसूची-२

## आयोगमा सूचिकृत भएका संघ/संस्था/संगठन/संजालका विवरणहरू

आ.ब. २०७४।७५ मा सुचिकृत सँघ सँगठनहरू

| दर्ता न. | दर्ता मिति | संघ संस्थाको नाम | ठेगाना | सम्पर्क ब्यक्ति | सम्पर्क फोन नं. |
|---|---|---|---|---|---|
| १ | २०७४।९।२८ | अखिल नेपाल किसान महासँघ क्रान्तिकारी केन्द्र | सखँमुल काठमान्डौ | नहेन्द्र खड्का<br>सिमा रिजाल | ९८५५०५८६२९<br>९८५१२४२६६९ |
| २ | २०७४।९।३० | ग्रामिण कृषि कार्यकर्ता सन्जाल नेपाल | काठमान्डौ | रिखि राम भुषाल | ९८५७६३०५१५ |
| ३ | २०७४।१०।०३ | अष्टज अभियान | काठमान्डौ | यूवराज भन्डारी<br>निलकण्ठ तिवारी | ९८४७४४३४३१ |

आ.ब. २०७५।७६ मा सुचिकृत सँघ सँगठनहरू

| दर्ता न. | दर्ता मिति | संघ संस्थाको नाम | ठेगाना | सम्पर्क ब्यक्ति | सम्पर्क फोन नं. |
|---|---|---|---|---|---|
| ४ | २०७५।४।२३ | अखिल नेपाल किसान महासंघ | अद्भत मार्ग, वागवजार, काठमाण्डौ | शिवहरि खनाल | ९८५११९९५५१ |
| ५ | २०७५।४।२३ | दलित भूमिहिन किसान संघ | वल्खु १४, काठमाण्डौ | लाल वहादुर विश्वकर्मा | ४०३६३०४<br>९८४८८२०९०० |
| ६ | २०७५।५।८ | राष्ट्रिय कृषक समुह महासंघ, नेपाल | नया वजार,काठमाण्डौ | उद्धव अधिकारी | ९८४१२९८०२६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | २०७५।५।२१ | अखिल नेपाल कुखुरा पालक किसान संघ | चन्द्रागिरी न.पा.३, काठमाण्डौ | गणेश वहादुर कुंवर | ९८५१०३५०२३ |
| ८ | २०७५।५।२२ | नेपाल पिछडा वर्ग किसान संघ | हेटौडा ११,मकवानपुर | राम प्रमोद महतो | ९८१०९२८९२३ |
| ९ | २०७५।५।२२ | नेपाल किसान संजाल | वुढानिलकण्ठ १०,काठमाण्डौ | गोविन्द राई | ९८५२०५१८०५ |
| १० | २०७५।५।२२ | राष्ट्रिय भुमि अधिकार मंच,नेपाल,राष्ट्रिय समिति | भरतपुर म.न.पा.१,ठिमुरा चितवन | ल्याम व.दर्जी | ०१६९१४५८ |
| ११ | २०७५।१०।४ | राष्ट्रिय महिला किसान महासंघ | का.म.पा.१०,वानेश्वर, | गंगा लक्ष्मी अवाल | ९८४१२४१७४७ |
| १२ | २०७५।१०।४ | अखिल नेपाल पशुपालक किसान संघ(क्रान्तिकारी ) | केन्द्रिय कार्यालय,काठमाण्डौ | आनन्दराम फुयाल | ९८५५०६४८७४ |
| १३ | २०७५।१०।४ | नेपाल जलवायु परिर्वतन महासंघ | का.म.न.पा.१३, काठमाण्डौ | राम कुमार ढुंगाना | ९८५१०१२८७५ |
| १४ | २०७५।०९।११ | किशान महासंघ नेपाल | का.म.न.पा.१० काठमाण्डौ | ओम लामिछाने | ९८५१०५४२४३ |
| १५ | २०७५।१०।४ | नेपाल कृषि सुचना संजाल | गोकणर्श्वर न.पा.६,काठमाण्डौ | लेख वहादुर मोतान | ९८४१०७१४५० |
| १६ | २०७५।१०।४ | राष्ट्रिय ब्यबसायी कृषि तथा पशुपालक किसान महासंघ नेपाल | का.म.न.पा.३४, काठमाण्डा | बाबुराम अधिकारी | ९८४६०८९५१४ |
| १७ | २०७५।१०।४ | नेपाल किसान संघ | सानेपा ,ललितपुर | आर्दश विक्रम कार्की | ९८५१२४८८९९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | २०७५।१०।१ | राष्ट्रिय अर्गानिक कृषि उपज उत्पादक व्यवसायी किसान संघ | सम्पर्क ठेगाना।कोटेश्वर ३२ | ईश्वरी प्रसाद पाण्डे | ९८४९२२४१७२ |
| १९ | २०७५।१०।४ | रिजेनेरेट फार्मस नेटवर्क नेपाल | रम्भा गा.पा.५,पाल्पा | तारा कार्की | ९८४१४०७२४१ |

आ.ब. २०७७/७८ र ०७८/ ७९ मा सुचिकृत सँघ सँगठनहरू

| दर्ता न. | दर्ता मिति | संघ संस्थाको नाम | ठेगाना | सम्पर्क ब्यक्ति | सम्पर्क फोन नं:+= |
|---|---|---|---|---|---|
| १ | २०७७।११।११ | राष्ट्रिय महिला किसान संजाल | ललितपुर | माया के.सी. | ९८४६०७९८४३ |
| २ | २०७७।१२।३० | अखिल नेपाल किसान महासंघ क्रान्तिकारी | काठमाडौं | सिताराम तामाङ्ग | ९८४१५५४१०६<br>९८४१२१५११९ |
| ३ | २०७८ | उखु किसान सर्घष समिति | मलगंवा-२, सर्लाही | राम स्वार्थ राय | ९८६५१४६४११ |

# अनुसूची ३

# किसान संघ संगठन संस्थाहरुका प्रतिनिधिहरुको अन्तर प्रदेश भ्रमणको प्रतिवेदन

## १. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, चितवन

कृषि अधिकृत श्री माधव पौडेलद्धारा चितवनमा संचालनमा आएका नवीनतम खेती प्रविधिहरूको बारेमा जानकारीमूलक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। जस अन्तर्गतका विषयहरू प्लाष्टिक मल्चिङ्ग, थोपा सिँचाई, संरक्षित संरचनामा खेती, विषादीको प्रयोग, व्यावसायिकता, बेमौसमी तरकारी उत्पादन आदि रहेका थिए। कार्यपत्रबाट सहभागीहरूले महत्वपूर्ण विषयमा जानकारीहरू प्राप्त गरेका थिए:-

- प्लाष्टिक मल्चिङ गर्दा प्रयोग गरिने प्लाष्टिक साधारण प्लाष्टिक भन्दा फरक हुनु पर्दछ। खास गरी तरकारी बालीमा यसको उपयोगिता बढिरहेको छ। यसको प्रयोगबाट चिस्यान कायम रहने, झारपात नियन्त्रण हुने, हानिकारक कीराको वास तथा प्रजननमा असर परी किराहरूको प्रकोपमा कमी हुने,
- थोपा सिचाई प्रविधि इजरायलमा विकास भएको प्रविधिको रूपमा चिनिन्छ। विशेषगरी कम पानी भएको वा सिँचाई खर्च महँगो हुने क्षेत्रमा थोपा सिँचाइ प्रविधि अवलम्वन गर्नु आवश्यक हुने,
- 3G cutting प्रविधि लहरे तरकारी बालीमा प्रगोगबारे,
- सँरक्षित संरचनाहरू अन्तर्गत बाँसको प्लाष्टिक घर, जि.आइ पाइपको टनेल, नेचुरल्ली भेन्टिलेटेड प्लाष्टिक घर, नेट हाउस उच्च ,प्रविधिमा आधारित ग्रिन हाउस, पोलिकार्वोनेट/फाइवरको घर आदिको प्रयोग बारे ।

## २. साना किसान सहकारी संस्था लि. कुमरोज, चितवन

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन ईकाइद्धारा अनुदानमा प्रदान गरिएको धान रोप्ने मेसिनद्धारा धान रोपिएको कार्यक्रम अवलोकन गरिएको।

## ३. श्री शंकर प्रसाद सुबेदीद्धारा अनुदानमा संचालित केरा बगान, खैरहनी, चितवन

- उक्त फार्म करिब १०० बिगाहा जग्गामा संचालनमा रहेको,
- वि.सं. २०६० साल देखि उक्त फार्म संचालनमा रहेको,
- शंकर प्रसाद सुबेदी PMAMP को निवर्तमान सह-संयोजक रहनु भएको,

- उक्त फार्ममा सबै मालभोग जातका केरा लगाइएको,
- बजारीकरणको समस्या नभएको,
- केरा नगदे बाली भएकोले आम्दानी राम्रै हुने गरेको ।

**४. उक्त भ्रमणमा लामिछाने केरा बगान, खैरहनी, चितवन, अभियान कृषि फर्म, शुक्रनगर, चितवन, Boar फार्म, चितवन समेतको अवलोकन गरिएको थियो ।**

**५. चितवन माडी प्राङगारिक कृषि फर्म तथा अनुसन्धान केन्द्र प्रा.लि. माडी- ४, चितवन**

स्थान: चितवन माडी प्राङगारिक कृषि फर्म तथा अनुसन्धान केन्द्र प्रा.लि

संचालक: डा. भानिश्वर (भानु) पोखरेल

फार्म संचालन क्षेत्रफल: २५ बिगाहा

- व्यावसायिक प्राङ्गारिक कृषिमा हात हालेका उनले हाल २५ बिगाहामा खेती गरेका छन् र सो मध्ये ५ बिगाहा क्षेत्रफलमा प्राङ्गारिक तरकारी तथा फलफूल खेती गरेका छन् ।
- प्राङ्गारिक कृषि प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बागमती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत रहेको कृषि ज्ञान केन्द्र, चितवनको आर्थिक वर्ष २०७७/७८ को कार्यक्रम "प्राङ्गारिक अनुसन्धान केन्द्र तथा फार्म स्थापना" अन्तर्गत रू. २५ लाख अनुदान प्राप्त गरी सो फार्म स्थापना भएको हो। हाल फार्ममा काँक्रो, करेला, लौका, मेवा, खुर्सानी लगायतका बालीहरूको खेती तथा मत्स्यपालन समेत गर्दै आएका छन् ।
- प्राङ्गारिक कृषि सम्बन्धी आफ्नो ज्ञान, सीप र अनुभवलाई प्रसार तथा आदानप्रदान गर्न उनले केन्द्रमा तालिम तथा सेमिनार हल र फार्म हाउस लगायतका संरचना निर्माण गर्दै छन्। यस फार्म केन्द्रबाट प्राङ्गारिक कृषिको क्षेत्रमा लाग्न इच्छुक कृषक, विद्यार्थी तथा अन्य सम्पूर्ण लाभान्वित हुने उनले लक्ष्य लिएका छन् ।
- विकसित देशको तुलनामा नेपालमा रासायनिक मल तथा विषादी कम मात्रामा प्रयोग भएता पनि उचित तरिकाले प्रयोग नहुँदा विषादीको अवशेषको मात्रा अत्यधिक पाइने गरेको र यसले गर्ने असर पनि ती देशको तुलनामा नेपालमा धेरै रहेको उनी बताउँछन्। तसर्थ रासायनिक खेती प्रणालीलाई प्राङ्गारिकमा रूपान्तरण गर्ने अभियानमा आफू लागेको उनले जानकारी गराए ।

## ६. मिलीजुली कृषि उत्पादक सहकारी संस्था लि., आंवु खैरेनी-१, वरादी, तनहूँ

- मिलीजुली कृषि उत्पादक सहकारी संस्था लि. का अध्यक्ष श्री ईश्वर बाबु गौली रहेको र सो सहकारी संस्थाको स्थापना २०६५ सालमा भएको,
- उक्त सहकारीमा तरकारी बिक्री, एग्रोभेट, ऋण बचत, कोल्ड स्टोर, जैविक विषादी Hi Tech Nursery, गड्यौला मल आदिको सुविधा रहेको जानकारी अध्यक्षबाट पाइएको,
- उक्त संस्थाले विभिन्न ठाँउमा गएर तरकारी संकलन गर्ने गरेको र स्वयम किसानहरू पनि उक्त संस्थामा आएर तरकारी दिने गरेको पाइयो,
- बाल बचत र मासिक बचतको समेत ब्यवस्था रहेको पाइयो,
- सो संस्थामा ७५० जना शेयर सदस्य र ७ जना कर्मचारी रहेको,
- किसानहरूलाई उक्त संस्थाका कर्मचारीहरूबाट प्राविधिक ज्ञान र सीप दिने गरेको ।

## ७. देवीस्थान कृषि सहकारी संस्था लि. (Hi-Tech Farming), पोखरा-४, हेम्जा

- देवीस्थान कृषि सहकारी संस्था लि. का अध्यक्ष श्री रामचन्द्र त्रिपाठी रहनु भएको
- ८५ प्रतिशत रकम PMAMP बाट र १५ प्रतिशत चाहि विभिन्न सहकारी संस्थाबाट अनुदान प्राप्त गरेको,
- १२ वटा सहकारी संस्थाहरूबाट लगानी रहेको,
- लहरे बालीको लागि नयाँ प्रकारको डोरी प्रयोग हुने गरेको,
- पशु पालनलाई पनि कृषिसँगै संचालन गर्ने योजना रहेको,
- जम्मा ४ रोपनी जग्गामा Hi- Tech Farming फैलिएको,
- हाल ६ वटा गाई ५ वटा पाडा ४ वटा माछा पोखरी रहेको ।

## ८. पशु विकास फार्म, पोखरा

- पशुपालन तथा व्यवस्थापन सम्बन्धी उन्नत प्रविधि हस्तान्तरण गर्ने कार्यमा सहयोग पुऱ्याउने भन्ने जानकारी प्राप्त भयो,
- स्थानीय पशु अनुबांशिक श्रोतको संरक्षण तथा सम्बर्द्धन गर्ने,
- वीर्य भण्डारणको लागि तरल नाईट्रोजनन उत्पादन तथा खरिद गरी वितरण गर्ने,
- स्थानीय कागे नश्लका भेंडा संरक्षणको लागि पालन गर्ने,
- नश्ल सुधारका लाग उन्नत बोयर बाख्राको पाठापाठी उत्पादन गरी बिक्री वितरण गर्ने,
- भैंसीको नश्ल सुधार गर्न मुर्रा नश्लका राँगा उत्पादन गरी बिक्री बितरण गर्ने,

- न्यु ह्याम्पशायर र अष्ट्रालोप जातका कुखुराका एक दिने चल्ला उत्पादन गरी बिक्री वितरण गर्ने,
- गाई, भैंसी तथा बाख्रामा कृत्रिम गर्भाधान कार्यको लागि उच्च प्रजनन्मान भएका राँगो, साँढे तथा बोकाका जमेको वीर्य उत्पादन तथा बितरण गर्ने,
- भ्रुण प्रत्यारोपण लगायत पशु नश्ल सुधार सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने,
- विभिन्न घाँसका बेर्ना उत्पादन गरी बिक्री वितरण गर्ने ।

# अनुसूची ४

## *कृषि क्षेत्रमा संचालित आयोजना/परियोजना/कार्यक्रमहरुको अवलोकन तथा अनुगमन प्रतिवेदनहरू*

### १. लुम्बिनी प्रदेश र सुदुर पश्चिम प्रदेश अन्तर्गत रहेका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट संचालित कार्यक्रमहरूको अवलोकन तथा अनुगमन

कार्यक्रमको अवलोकन तथा अनुगमनका क्रममा लुम्विनी प्रदेश र सुदुर पश्चिम प्रदेश अन्तर्गत रहेका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट संचालित कार्यक्रमहरूको बारेमा अनुगमन गरियो।

कैलाली जिल्ला कृषि ज्ञान केन्द्रले संचालन गरेका कृषि विकास कार्यक्रमका बारेमा छलफल भयो। छलफलका क्रममा उठेका विषयवस्तुहरूः-

- ❖ कृषि ज्ञानकेन्द्रका प्रमुखका अनुसार वेमौसमी वर्षाको कारण धानबालीमा भित्र्याउनै लागेको धानको लगभग ७० प्रतिशत सम्म क्षति भएको आँकलन,
- ❖ नेपाल सरकारले तोकेको राहत वितरण गर्ने व्यवस्था अनुसार विस्तृत तथ्याङ्क जम्मा गर्ने क्रममा व्यापकरूपमा ठूलो रकमको क्षतिको विवरण तयार भएको,
- ❖ क्षतिको तुलनामा साह्है कम रकम रू ७ करोड सम्म कैलाली जिल्लामा आएको र यसलाई किसान माझ वितरण गर्दा चुनौती हुने,
- ❖ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेशमा तत्काल समस्या समाधानका लागि कार्यसंञ्चालन कोष खडा भएको र यसको प्रयोग भएकोले सहज भएको,
- ❖ बीमा कम्पनीलाई सहज रूपमा परिचालन गरी धेरै किसानको घरआँगनमा पुग्नका लागि कम्पनीहरूलाई सरकारका तर्फबाट Operational Cost को व्यवस्थापन गर्दा प्रभावकारी हुन सक्ने,
- ❖ प्राविधिक सहयोग सहित बीमा प्रवर्द्धन कार्यक्रमलाई व्यापक बनाउन परियोजना विकासबाट कार्य गर्ने व्यवस्था गर्ने,

- ❖ नीतिगत वा कानुनी व्यवस्थाबाट अन्तरप्रदेश समन्वयलाई बलियो बनाएमा अन्तरप्रदेश कृषि वा अन्य उत्पादित बस्तुको आयात निर्यात गर्दा स्थानीय उत्पादनको बजारीकरणमा सहज हुने,
- ❖ माछाको उत्पादनमा सम्भावना हुँदाहुँदै Post-Harvest Handling व्यवस्थित गर्न नसकिएको हालको अवस्थामा Post-Harvest Handling सम्बन्धी Advanced Technology लाई भित्र्याउँनु पर्ने,
- ❖ नेपालका विभिन्न जिल्लाहरूबाट मासुका लागि स्थानीय जातका उत्पादनमूलक भैंसीहरूको व्यापारमा वढोत्तरी भएकोले तिनीहरूको संरक्षणका कार्य हुनुपर्ने ।

<u>भागेश्वर चिनी मिल, पुनर्वास नगरपालिका,कन्चनपुर</u>

यस चिनी मिलका कार्यकारी निर्देशक पि. एन पाण्डेय र ईन्जिनियर पदम पाण्डेसँग छलफल/कुराकानी भयो यस क्रममा भएका छलफलका बुँदाहरूः-

- ❖ मिलमा ३ वटा डिपार्टमेन्ट क्यान उखु डिपार्टमेन्ट, इन्जिनेरिङ्ग र प्रोडक्सन डिपार्टमेन्ट रहेको र जम्मा कार्यकरत कर्मचारीको संख्या ५०० रहेको,
- ❖ गुणस्तरीय बीउको अभाव साथै किसानलाई प्राविधिक जनशक्तिको अभाव भएका कारण परम्परागत तरिकाले उखु उत्पादन भईरहेको,
- ❖ चिनी मिलमा वार्षिक १५-१६ लाख क्विन्टल उखु पेलिन्छ यसबाट १६ मेट्रिक टन चिनी उत्पादन हुने,
- ❖ किसानहरूसंग उखु खरिद गर्दा १० देखि १२ दिन भित्रमा भुक्तानी दिने गरेको,
- ❖ प्रति क्वीन्टल रू ५२० मिलबाट र रू ७० अनुदानको रकम सोझै किसानको खातामा गएको,
- ❖ उखुको बीमालेख तयार हुनुपर्ने साथै उखुमा अनुसन्धानको कमी ।

<u>किसानसँग किसानकै घरमा भेटघाट/अन्तरक्रिया</u>

कन्चनपुर जिल्ला क्षेत्र नं. १ कलकत्ता बजारमा किसानसँग छलफल/अन्तरक्रिया गरियो। किसानसँग अन्तरक्रिया/छलफलका क्रममा उठेका विषयहरूः-

- कृषि उत्पादनमा प्रयोग हुने सरकारी अनुदानका यन्त्र वा सामान व्यापारीसँग किन्दा ५ गुणासम्म महङ्गो लिने तर उही सामान किसान आफैले व्यापारीसँग लिन चाहायो भने धेरै सस्तो पर्ने भएकै कारण सार्वजनिक खरीद नियमावलीमा भएको प्रक्रियाले एकातर्फ किसान मारमा पर्ने भने अर्कोतर्फ सोचेजस्तो सामान पनि प्राप्त नहुने यो व्यवस्थालाई किसानमुखी बनाइनु पर्ने,
- उखुबालीको उत्पादन वृद्धिका लागि अति आवश्यक पर्ने रायायनिक मलको लागि राज्यले खासै ध्यान नदिएको हुनाले उखुलाई राष्ट्रिय बाली घोषणा गरी रासायनिक मलको व्यवस्थापनलाई सहज बनाइनु पर्ने,
- कृषि प्राविधिकहरूको सहज उपलब्धता साथै किसानको उखु उत्पादनमा क्षमता अभिवृद्धि हुनेखालका कार्यक्रममा जोड दिनुपर्ने,

भीमदत्त नगरपालिका, महेन्द्रगर, कन्चनपुरमा भएको छलफल र अन्तरक्रियाबाट आएका बुँदाहरूः-

- नगरपालिका प्रमुखका अनुसार संघीयता कार्यान्वयको क्रममा कृषि विकासमा भएको नयाँ संरचनामा कता कता अलमल भएको र तीनै तहका सरकारका नीति तथा कार्यक्रमहरूमा तालमेल मिलाउन कठिन भएको,
- कृषि विकासका लागि देशको माग र सम्भावनाका आधारमा प्राथमिकता निर्धारण गरी सरकारका निकायहरू अगाडि बढ्न नसकेको,
- सीमावर्ती भारतमा भारत सरकारले किसानका लागि दिने अनुदान नेपाल सरकारको तुलनामा बढी भएका कारण हाम्रो किसानको उत्पादन लागत बढी हुने जसका कारण भारतबाट भित्रिनै कृषि उत्पादनसँग प्रतिस्पर्धा गर्न गाह्रो भएको परिणामतः कृषि पेशा आकर्षणमा नपरेको,
- तराई तथा सदरमुकाम क्षेत्रका जग्गाहरू शहरिकरण हुदै गएको कारण कृषि भूमिको अतिक्रमण रोक्नका लागि तत्काल भू-उपयोग ऐनको कार्यान्वयनका लागि नेपाल सरकारले पहल लिनु पर्ने,
- गुणस्तरीय बीउ बिजन उत्पादनको महत्वपूर्ण श्रोत भएका कारण बीउ बिजनमा आत्मनिर्भर

हुनेखालका कार्यक्रमका लागि तीनै तहका सरकारहरूले समन्वयमा कार्यगर्नु पर्ने वातावरणको सृजनाका लागि नेपाल सरकारले समन्वयकारी भूमिका खेल्नुपर्ने ।

छलफल/अन्तरक्रियाः- कृषि ज्ञान केन्द्र, महेन्द्रनगरका प्रमुख र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, महेन्द्रनगरका प्रमुखसँग कृषि विकासमा भएका नीतिगत समस्याहरूको बारेमा छलफल सहित सुझाव लिइयो । छलफलका क्रममा उठेका विषयहरूः-

- बेमौसमी वर्षाको कारण डुबानबाट भएको धानको क्षतिको क्षतिपूर्ती १० करोड आएकोमा उक्त रकम क्षतिको आधारमा न्यून भएको कृषि ज्ञानकेन्द्र तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना प्रमुखबाट जानकारी भएको,
- तीनै तहका सरकारका कृषि विकास सम्बन्धी कार्यक्रममा दोहोरोपना भएका कारण श्रोत र साधनको प्रभावकारी प्रयोग नभएको,
- कृषि विकासका लागि दिइने अनुदानका लागि तीनै तहका सरकारहरूबाट संचालन गरिने कार्यक्रमा दोहोरोपना नहुनेगरी कार्यविधि तय गरेर सहज वातावरण सृजना गर्ने,

किसानको फार्म भ्रमण गर्दा कुखुरा र बाख्रापालन समेत संचालन गरेको पाइयो। अनुगमनकै क्रममा किसानले राज्यबाट किसानका लागि गरिदिनुपर्ने भनी माग गरेका केही कुराहरूमाः-

- सुलभकर्जा प्रवाहलाई सरलीकरण गरी व्यापक बनाइनु पर्ने,
- भारतसँगको कृषि उत्पादनसँगको नेपाली उत्पादनलाई प्रतिस्पर्धी बनाउँनका लागि कृषिमा लगानी बढाउनु पर्ने,
- उत्पादनमा आधारित अनुदानलाई व्यवस्थित बनाइनु पर्ने जसका लागि विभिन्न बाली तथा बस्तुहरूलाई आधिकारिक च्यानलबाट जाने व्यवस्था मिलाइनु पर्ने,
- कृषि उद्योग स्थापना गरी रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्ने,
- महत्वपूर्ण कृषि उपजलाई नेपाली ब्रान्डिङ्ग गरी विदेश निर्यात गर्ने वातावरणको सिर्जनाको लागि नेपाल सरकारले पहल गर्नुपर्ने ।

गोदावारी न.पा, कैलालीका नगरप्रमुखसँग भएको छलफल तथा अन्तरक्रियाको क्रममा आएका केही सुझावहरू:-

- ❖ किसानको पहुँच केन्द्रको पहुँचसंग नजोडिएको,
- ❖ भीमदत्त नपा नगरप्रमुख र गोदावरी नपा प्रमुख दुवैका अनुसार कृषि बाली तथा वस्तुहरूको भारतका कृषि बालीसँग प्रतिस्पर्धात्मक क्षमता बढाउँनेखालका नीति तथा कार्यक्रमका लागि तिनै तहका सरकारले समन्वयात्मका ढंगले कार्य गर्नुपर्ने,
- ❖ तीनै तहका सरकारले दिने अनुदानलाई किसान वर्गीकरणका आधारमा दिने व्यवस्था बनाइनुपर्ने,
- ❖ कृषि विकासको अति नै महत्वपूर्ण प्राकृतिक श्रोत वनको प्रयोगबाट किसानको आय आर्जन बढाउने नीतिलाई नेपाल सरकारले प्रभावकारी कार्यान्वयन गर्ने ।

अमरगढी नगरपालिका, डडेलधुरामा छलफलको क्रममा नगरपालिकाका तर्फबाट संघीयता कार्यान्वयनका क्रममा कृषि विकासमा भएको अनुभव र कृषिको विकासका लागि दिइएका सुझावहरू:-

- ❖ नेपालमा संघीयता कार्यान्वयनका लागि स्थानीय स्तरसम्म भएका इकाइहरू जस्तो वडा वडामा कृषि प्राविधिकको पहुँच स्थापित हुने गरी तीनै तहको समन्वयमा जनशक्ति व्यवस्थापनलाई सकेसम्म छिटो टुङ्ग्याउनु पर्ने,
- ❖ कृषि उत्पादनको लागि बजारको समस्या भन्दा पनि वितरणको समस्या देखिएका कारण वितरण प्रणालीलाई व्यवस्थित बनाउन सकियो भने बजारीकरणको समस्या नरहने,
- ❖ विकासका हर क्षेत्रमा तथ्याङ्कको विश्लेषणका आधारमा योजना/कार्यक्रम बन्ने भएको कारण कृषि क्षेत्र साथै अन्य क्षेत्रको तथ्याङ्कलाई व्यवस्थित बनाउँनका लागि तथ्याङ्क अधिकृतको दरवन्दी प्रत्येक कृषिसँग सम्बद्ध कार्यालयमा हुनुपर्ने,
- ❖ तीनै तहका सरकारले योजना बनाउने क्रममै Matching Fund कुन कुन क्षेत्रमा गर्ने भनेर स्पष्ट भएर  जान सक्यो भने दोहोरोपना नहुने र कामको परिणाम राम्रो देखिने ।

<u>अमरगढी न.पा. फिल्ड अनुगमन/भ्रमण:-</u> न.पा. वडा नं. ३ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत आलु सुपरजोनमा अनुगमन गरी केही किसानसँग अन्तरक्रिया गरियो। यसका

साथै तरकारी किसानहरूसँग पनि छलफल गरियो। डडेल्धुरा जिल्लामा तरकारीको प्रचुर सम्भावना रहेको र बजार व्यवस्थापनामा खासै समस्या नरहेको कुरा किसानका तर्फबाट जानकारी लिइयो। आलु सुपरजोनका अध्यक्षसँग अन्तरक्रियाम/छलफल गरियो। जसमा किसानका तर्फबाट आएका विषयहरू:-

- डडेल्धुरामा आलुको प्रचुर सम्भावना रहेकै कारण आलु विस्तार कार्यक्रमलाई व्यापक बनाउँदै लैजानुपर्ने,
- भ्रमण क्षेत्रमा आलुको उत्पादकत्व लगभग २० मेटन/हे रहेकोमा यसको गुणस्तरीय उत्पादन गरी बजार व्यवस्थापन गर्न सकेको खण्डमा किसानको आय आर्जन वृद्धि हुने,
- किसानलाई समयमा गुणस्तरीय बीउँ, मल र सिंचाइका लागि राज्यबाट सुनिश्चितता गरिनुपर्ने
- कृषि प्राविधिकसँगको पहुँचका लागि राज्यले सहज संयन्त्र स्थापित गरिदिनु पर्ने ।

<u>कृषि विकासमा संलग्न नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरूसँगको छलफल तथा अन्तरक्रिया:</u> प्रदेश सरकार अन्तर्गत रहेका कृषि ज्ञानकेन्द्र भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्रका प्रमुख साथै नेपाल सरकार अन्तर्गत रहेको REED परियोजनाका प्रमुख सहितको टोलीसँग कृषि ज्ञानकेन्द्र डडेल्धुरामा कृषि विकासमा रहेका समस्या र यसमा सरकारका तर्फबाट गरिएका प्रयासहरूका बारेमा छलफल गरियो। छलफलका क्रममा उठेका विषयहरू:-

- प्रदेश सरकारबाट संचालनमा आएको मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी कार्यक्रम एक नमुना कार्यक्रमको रूपमा रहेको यसमा विभिन्न मन्त्रालयसँगको सहकार्य भई एकीकृत रूपमा कार्यक्रम सँचालनमा रहेको,
- कृषि ज्ञानकेन्द्रका प्रमुखका अनुसार कृषि ज्ञान केन्द्रबाट अनुदानका कार्यक्रमहरु संचालन गर्ने भन्दा पनि किसानको कृषि पेशालाई सफल बनाउँनका लागि चाहिने ज्ञान/सिप बढ्ने कार्यक्रमहरू गर्नुपर्ने,
- प्रदेश सरकार अन्तर्गत रहेका कृषि ज्ञानकेन्द्र, भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्रलाई संघ सरकार र स्थानीय सरकारका बीचमा रहेकै कारण समन्वयको भूमिका निर्वाह गर्दै अनुगमनकारी निकायको रूपमा जिम्मेवार बनाउँनका लागि नीति तय गरिनुपर्ने,
- कृषि विकास कार्यक्रममा तीनै तहका सरकारका कार्यजिम्मेवारीको बीच साझा बुझाइ तथा स्पष्टता कम भएको कारण कार्यक्रममा Demarcation हुनुपर्ने

❖ तीनै तहका सरकारको संस्थागत Tie up लाई कानुनद्धारा बाँध्नु पर्ने जसले गर्दा तीनै तहका सरकारहरू एक आपसमा जिम्मेवार भई कार्य गर्ने वातावरणको श्रृजना हुने ।

<u>घोडाघोडी १, सुखड, कैलाली ( पर्यटन प्रवर्द्धन सहितको होटल संचालन):-</u> श्री चन्द्र कुमार चौधरीज्यूले करिब डेढ विघाहा जग्गा लिजमा लिएर कागती, मलेसियन सल्ला, लोकल कुखुरा, हाँस, टर्की र कडकनाथ कुखुरा सहित होटल संचालन गरेको पाइयो। संचालक लगनशिल भएको र कृषि पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ कार्य गरेको पाइयो। फार्मको वातावरण एकदम मनोरम र शान्त रहेको जुन मुख्य बाटोबाट नजिकै २ किमी जति दुरीमा रहेकोले बाटोमा हिड्ने यात्रीलाई केही समय त्यो ठाउँमा बिताउनका लागि सहज नै हुने देखियो।

<u>माछा फार्म अवलोकन/अनुगमनः</u> टिकापुर, कैलालीमा चुलुराम चौधरीद्धारा संचालित माछा फार्म अवलोकन गरियो। चौधरी वि.स.२०४४ साल देखि माछापालनमा आवद्ध रहनु भएको र वि.स. २०६० सालमा ह्याचरी स्थापना गर्नुभएको रहेछ। वि.स.२०७४ सालदेखि बालकल्याण आधारभूत स्कुलको जग्गा २० रोपनी २० वर्षका लागि लिजमा लिएर पोखरी बनाएर ह्याचरी समेत संचालन गरेको पाइयो जसले गर्दा माछाभूरा बिक्रीबाट समेत राम्रो आम्दानी गरेको जानकारी दिनुभयो। फार्ममा ९ जनासम्म नियमित कार्यगर्ने कामदार रहेका र आवश्यकता अनुसार ज्यालादारी कर्मचारी राखी रोजगार सिर्जना गरेको पाईयो। माछापालक सफल किसान चुलुराम चौधरीको अनुभवमा यस व्यवसायलाई विस्तार गर्नका लागि राज्यबाट गर्नुपर्ने सहयोगका बारेमा दिइएका सुझावहरूः-

❖ तराई क्षेत्र विशेषगरी कैलालीमा माछा पालनको धेरै नै सम्भावना रहेका कारण तराईमा रहेका सम्भावित स्थानहरूलाई सदुपयोग गर्नेखालको योजना बनाइ जानुपर्ने,

❖ राज्यबाट भूमिहीन गरिबका लागि निश्चित समयका लागि जग्गा लिजका लागि सहयोग गर्ने

❖ गुणस्तरीय माछा भुरा उत्पादनमा राज्यबाट सहयोग हुनुपर्ने,

❖ माछा उत्पादनका लागि क्षेत्र नै छनौट गरी व्यापक विस्तार गर्ने,

❖ उत्पादित माछा ढुवानीमा कोल्डचेन भ्यानको प्रयोगका लागि सहयोग साथै उत्प्रेरित गर्ने,

❖ उत्पादित माछालाई संरक्षण गरी राख्नका लागि विभिन्न प्रविधिहरूको विकास ।

<u>केरा व्यवसायीको फिल्ड अवलोकनः- टिकापुर न.पा., कैलाली जिल्लाका</u> दिपेन्द्र थारू केरा व्यवसायी महासँघ नेपालका अध्यक्षको केरा खेती गरेको खेत अवलोकन गरियो। उनका

अनुसार १० विघा जग्गा लिजमा लिएर खेती गरेको र खेती राम्रो भएको खण्डमा लगानी कटाएर वार्षिक २५ देखि ३० लाख सम्म नाफा हुने गरेको जानकारी पाइयो। केरा फार्म भ्रमणका क्रममा किसानको आफ्नो अध्ययनका अनुसार केराको उत्पादन लिइसकेपछि केराको थाम नहटाएको पाइयो र किन नहटाएको भनेर बुझ्दा चिस्यान र खाद्य तत्व अर्को नयाँ थामले लिन्छ भन्ने जानकारी प्राप्त भयो। हुन त प्राविधिक हिसाबमा उत्पादन लिइसकेपछिको केराको थाम हटाउने भन्ने हो तर किसानको आफ्नै अभ्यासमा प्रमाणित भएको कुरा जानकारी पाइयो। सो विषयमा थप अध्ययन गरी अगाडि बढ्नुपर्ने देखियो। व्यावसायीका अनुसार सुझाव तथा गुनासोका रूपमा केही विषयहरू राखिएका थिए जस्तो;-

- टिकापुरको केरालाई आफ्नै व्राण्डमा बेच्न पाउनु पर्यो। जसका लागि ब्राण्डिङ्ग प्रक्रियामा राज्यबाट सघाउँनु पर्ने,
- बजार व्यवस्थापनका लागि सहजिकरण साथै सहयोग राज्यबाट हुनुपर्ने,
- राज्यले भारतको आयातलाई रोक्नका लागि वर्षैंभरी उत्पादन हुने जातहरूको विकास र सोही अनुसार उत्पादन योजना बनाइ किसानलाई प्रोत्साहन गर्नुपर्ने ।

<u>नमुना कृषक बहुउद्देश्यीय सहकारी संस्था लिः-</u> टिकापुर न.पा.-१, कैलालीमा अवस्थित सहकारी संस्थाको अवलोकन तथा अनुगमन रानी जमरा कुलरीया सिंचाइ आयोजना, कृषि कार्यक्रम आयोजना कार्यान्वयन इकाईका आयोजना प्रमुख सँगै गरियो। अनुगमका क्रममा सहकारी वि.स.२०६३ सालमा स्थापना भएको भएता पनि खासै सक्रिय रूपमा कार्यनगरेको तर आयोजना सुरू भए पश्चात् यसको कार्यक्षेत्र साथै कार्य जिम्मेवारी बढेको कुरा सहकारीका व्यवस्थापकबाट जानकारी भयो। सहकारी संस्थाको उद्देश्य बीउ बिजन खासगरी धानको बीउ संकलन र वितरण गर्ने गरेको पाइयो। भौतिक पूर्वाधारका लागि २-३ पटकको सहयोगमा भवन निर्माण भएको र तोरी, धान र गहुँको बीउ उत्पादन गर्ने किसानलाई मल बीउ दिने कार्य समेत यस सहकारीले गर्दै आएको जानकारी पाइयो। व्यवस्थापकका अनुसार सहकारी संस्थालाई समस्या पर्दा आयोजनामा सम्पर्क गर्ने गरेको पाइयो। उत्पादित र संकलित बीउ बर्दिया, कैलाली र कन्चनपुर सम्म जाने गरेको पाइयो। सहकारीमा जम्मा सदस्य संख्या ३३७ जना रहेको, बीउ उत्पादक सदस्य ८५ जना साथै कर्मचारीमा फिल्ड निरीक्षक १ जना, गोदाम ब्यवस्थापक १ जना र सहकारी व्यवस्थापन १ जना गरी जम्मा ३ जना रहेको पाइयो।

छलफल/अन्तरक्रिया:- रानी जमरा कुलरीया सिंचाइ आयोजना, नेपाल सरकारको राष्ट्रिय गौरवको आयोजनाको रूपमा वि.स. २०६८ बाट स्वीकृत भई संचालनमा आइरहेको छ। यो आयोजना नेपाल सरकार र विश्व वैंकको आर्थिक सहयोगमा संचालनमा रहेको छ। आयोजनाको मुख्य अवयव सिंचाइ रहेता पनि सँगसँगै कृषिक्षेत्रका सम्भावित पक्षहरूलाई सहयोग र विस्तार गर्दै गइरहेको छ। आयोजनाको उद्देश्य अनुसार ३८ हजार हेक्टर जमिनमा सिंचाइ सेवा उपलब्ध गराउँने रहेको छ। जसले गर्दा कृषि क्षेत्रमा व्यापक सुधार आई कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुने र समग्र आर्थिक क्षेत्र सुधार हुने उद्देश्य समेत रहेको छ। अवलोकनकै क्रममा रानीजमरा कुलरिया सिंचाइ आयोजना, टिकापुर,कैलालीको कृषि कार्यान्वयन इकाइ कार्यालयमा कृषि कार्यान्वयन इकाइका परियोजना प्रमुख,नगरपालिका प्रमुख साथै केरा उत्पादक किसानहरूसँग अन्तरक्रिया/छलफल गरियो। छलफलका सरोकारबालाहरूबाट व्यक्त भएका समस्या तथा सुझावहरू:-

- छलफलको क्रममा आयोजना प्रमुखले कृषि अनुदानलाई सहज बनाउँन एउटा छुट्टै कानुनी प्रावधान तय गर्नुपर्ने, यसका लागि अनुदान वितरण र कृषि प्रविधि विस्तारका लागि छुट्टाछुट्टै संरचनाको परिकल्पना सहित कार्य हुनुपर्ने,
- केरा उत्पादनको मुख्य मौसममा नै भारतबाट केरा आयात भै स्वदेशी उत्पादनले मूल्य नपाउँने भएका कारण यसमा राज्यले कडा नीतिगत व्यवस्था गरी स्वदेशको उत्पादनलाई संरक्षण गर्नुपर्ने,
- केरामा वीमा नीति कडाइकासाथ लागु हुनुपर्ने ।

फिल्ड अवलोकन/अनुगमन:-टिकापुर, रानी जमरा कुलरिया सिंचाई आयोजना कृषि कार्यक्रम कार्यान्वयन इकाई टिकापुर, कैलालीको आर्थिक तथा प्राविधिक सहयोगमा स्थापित केरा पकाउने च्याम्बरको अनुगमन गरियो। निर्माण सम्पन्न भएको च्याम्वर हाल बन्द अवस्थामा रहेको पाइयो। परियोजनाका प्रमुखको भनाइ अनुसार किसानको खेतबाट च्याम्वरमा ल्याइ पकाएर बजारमा लैजादा केरा गलेर छिटो विग्रने भएका कारण यसको निर्माण भएको ठाउँ उपयुक्त नभएको कुरा जानकारी गराउँनु भयो। सरकारको लगानीमा स्थापना भएको कृषि पूर्वाधार सही विश्लेषणको अभावमा राखिएको उद्देश्य पूरा गर्नका लागि प्रयोग नहुने देखियो। चेम्वरको निर्माण ७५ प्रतिशत आयोजनाको र २५ प्रतिशत कम्पनी स्वयँले लगानी गरी स्थापना

गरेको पाइयो। जम्मा ५ वटा च्याम्बर रहेकोमा प्रति च्याम्बर ३० मेट्रिक टन क्षमता भएको जानकारी पाइयो।

फिल्ड अनुगमनकै क्रममा नारायणपुर अवस्थित कृष्णा देवी चौधरी लगायत द्वन्द्व प्रभावित महिला समुह पूर्णिमा र प्रफुल्ला लघु उद्यमी समुहको अवलोकन गरियो।केराको थामबाट कागज निकाल्नका लागि नगरपालिका र मेडेपको सहयोगमा १० लाख पर्ने मेशिन सहित महिलालाई सीप समेत दिइएको पाइयो तर हाल बन्द भएको पाइयो।स्थानीय महिला र सरोकारवालाहरूका अनुसार सो कागज प्रिन्ट गर्नका लागि नमिल्ने भएकै कारण व्यवसायको दिगोपना नरहेको जानकारी प्राप्त भयो।

वर्दिया जिल्ला,गडैयाताल गाउँपालिका वाड नं. ७ को अवलोकन गरियो। वडा अध्यक्ष इन्द्र लुईटेलज्यूसंग साथै वडाका अन्य कर्मचारीहरू समेतसँग भेटघाट भयो।वडाको कार्यक्रम कार्यान्वयन समयमा नै सम्पन्न भएको पाइयो।

<u>फिल्ड अवलोकन/अनुगमनः</u>-नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय गहुँबाली विकास कार्यक्रम, भैरहवाको कार्यालयका विषय विशेषज्ञ सहितको टोलीबाट फिल्ड अवलोकन गरियो। अवलोकनका क्रममा देखिएका मुख्य कुराहरूः

- विषयविज्ञ सहितको टोली फिल्डमा गई गहुँका हालसम्म विकास भएका जातहरूको बारेमा जानकारी गराएको जसमा नेपालमा हालसम्म गहुँका ४४ वटा जातहरू उन्मोचित भएको पाइयो,
- अनुसन्धान गरेको फिल्ड हेर्दा उत्साहजनक देखियो तर विषय विशेषज्ञहरूबाट विदेशी बीउहरूलाई पन्जिकरण गरेर बीउ ल्याउने जसले गर्दा बीउबाट धेरै क्षति किसानले व्यहोर्नु पर्ने कारण बालीका जातहरूको अध्ययन अनुसन्धानका लागि नेपाल कृषि अनुसन्धान परिषद्लाई नै सक्षम बनाई देशलाई चाहिने बीउहरूमा आत्मनिर्भर बनाउनु पर्ने कुराको सुझाव दिइएको ।

<u>कार्यालयमा छलफल/अन्तरक्रियाः-</u> राष्ट्रिय गहुँबाली विकास कार्यक्रम, भैरहवाको कार्यालयका विषय विशेषज्ञ सहित प्रमुख प्रशासकिय अधिकृत समेतको उपस्थितिमा समग्र कार्यालय साथै कार्यक्रमको बारेमा छलफल गरियो।विषय विशेषज्ञ तथा प्रमुख प्रशासकिय अधिकृतहरूबाट

आयोगलाई जानकारी तथा आयोगसँग केही विषयहरूमा अपेक्षा समेत व्यक्त भएको, जुन बुँदाहरू तल दिइएको:-

- ❖ अनुसन्धानको दायरा साथै अनुसन्धानलाई व्यापक बनाइ नेपाली कृषिलाई आत्मनिर्भर बनाउँनु पर्ने,
- ❖ कृषि अनुसन्धानबाट प्राप्त भएका प्रविधिहरूलाई प्रसार गरी व्यापक बनाइनु पर्ने,
- ❖ स्वदेशको जनशक्ति प्रयोगबाट कृषि बाली तथा बस्तुहरूको जातीय विकास गरी बढी उत्पादन दिने साथै विभिन्न अवस्थाहरू सहन सक्ने जातहरूको विकास गर्नुपर्ने,
- ❖ देशको लागि आवश्यक अनुसन्धानका क्षेत्रहरू पहिचान गर्दै आवश्यक श्रोत साधन जुटाउनका लागि पहल गर्नुपर्ने,
- ❖ नेपालमै अध्ययन अनुसन्धानबाट बाली तथा बस्तुका जातहरू सिफारिस हुनुपर्ने,
- ❖ आयातित बाली तथा बस्तुहरूमा राज्यले कडाइकासाथ रोक लगाउनुपर्ने र देशमै संचालित अनुसन्धान केन्द्रलाई सक्षम बनाउनेतर्फ लाग्नुपर्ने,
- ❖ कृषि क्षेत्रका लागि अतिनै महत्वपूर्ण रहेको अनुसन्धानमा हाल ५० प्रतिशत जतिमात्र जनशक्ति रहेकोमा परिषद्को नियमावली छिटो भन्दा छिटो पारित गरी जनशक्ति पूरा गर्नुपर्ने ।

<u>भेटघाट/छलफल:-</u> प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, आयोजना कार्यान्वयन इकाई,रूपन्देही जिल्लाका परियोजना प्रमुखसँग भेटघाट भयो। भेटघाटको क्रममा रूपन्देही जिल्लामा परियोजना अन्तर्गत माछा सुपर जोन संचालनमा रहेको साथै गहुँको जोन संचालनमा रहेको कुरा जानकारी गराउनु भयो। जनशक्ति व्यवस्थापनसँगै परियोजनाको उद्देश्यअनुसार कार्यक्रम सुचारू रूपले संचालन भइरहेको उल्लेख गर्नुभयो। यसका साथै किसानलाई दिइने अनुदानलाई प्रभावकारी बनाउँनका लागि एउटा अलग्गै संयन्त्र निर्माण गर्ने वा यसका लागि सरोकारवालाहरूको छलफलबाट हालको अनुदान मोडालिटीमा परिवर्तन गरेर जानुपर्ने अनुभव रहेको कुरा समेत जानकारी गराउँनु भयो। यसै क्रममा लुम्बिनी प्रदेश सरकार अन्तर्गत रहेको कृषि ज्ञान केन्द्रका प्रमुखसँग छलफल गरियो । दुवै जनाबाट अनुदानलाई सहजता ल्याउनका लागि गर्नुपर्ने कार्यका लागि छुट्टै संयन्त्र निर्माण गरी जाँदा कार्य गर्न सहज हुने जानकारी गराउनु भयो।

भेटघाट/छलफलकै क्रममा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केद्र, प्लान्ट क्वारेन्टाइन कार्यालय, भैरहवाका कार्यालय प्रमुखसँग भेटघाट गरियो । कार्यालय प्रमुखले कार्यालयको जिम्मेवारी साथै कार्यालयबाट संचालित कार्यक्रमको बारेमा जानकारी गराउनु भयो। यी कार्यालयहरूबाट विरूवाहरूको चेक जाँच हुने र तिनीहरूको लागि आयात अनुमति दिने कार्य प्रमुख रहेको जानकारी गराउनु भयो। तर बीउको अनुमति यो कार्यालयबाट नहुने कुराको जानकारी समेत गराउँनु भयो। वास्तवमा यो जिम्मेवारी पनि नाका क्षेत्रमा दिइनुपर्ने र आयातित बीउको पनि क्वारेन्टिइन हुने व्यवस्था हुनुपर्ने हो तर यसको आयात पश्चात बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रले गुणस्तर हेर्ने गर्दछ।

<u>अवलोकन/अनुगमनः</u> देवदह न.पा., भलुही,रूपन्देही,लुम्विनी प्रदेश अन्तर्गत रहेको कामधेनु गौशाला भ्रमण गरियो। अवलोकनका क्रममा उक्त गौशाला वेवारिशे छाडा तथा घाइते गाइहरूलाई उद्धार गरी हिन्दु संस्कृतिको जगेर्ना गर्ने उद्देश्यका साथ स्थापना भएको पाइयो। गौशालामा करीब ४०० गाईहरू रहेका रहेछन्। प्रदेश सरकार कृषि मन्त्रालयबाट पनि गौशाला व्यवस्थापनमा सहयोग भएको पाइयो यसका साथै गौशाला व्यवस्थापनामा विभिन्न व्यक्तिहरूबाट गाईलाई अभिभावकत्व ग्रहण गरी प्रति व्यक्ति प्रति महिना रू.११११ जम्मा गरी संचालन गरेको पाइयो। स्थानीय गाई संरक्षणका साथै कम्पोष्टमल पनि तयार गर्ने गरेको पाइयो।

सुनवल न.पा., रूपन्देहीमा नेपाल सरकारको आर्थिक सहयोगमा निर्माणाधिन रहेको कोल्डस्टोरको अनुगमन गरियो। कोल्डस्टोरको विस्तृत परियोजना प्रतिवेदन (DPR) बनाउँदा सहकारीबाट २० प्रतिशत प्रदेश सरकारबाट २० प्रतिशत र नेपाल सरकारबाट ६० प्रतिशत भनेकोमा प्रदेश सरकारले नेपाल सरकारले लगानी गरीसकेकोमा दोहोरोपना हुने भनी सहयोग नगरेकोमा परियोजना सम्पन्न गर्नकालागि रकमको अभाव रहेको जानकारी गराउँनु भयो। यसका साथै नगरपालिकाले १ करोड सहयोग गरीसकेको जानकारी समेत गराउँनु भयो। कोल्डस्टोरको क्षमता ३ हजार मेटन छ। मल्टिचेम्वर भएका कारण विविध किसिमका कृषि उत्पादनहरूलाई स्टोर गरेर राख्न सकिने बारे जानकारी प्राप्त भयो। जानकारीकै क्रममा कोल्डस्टोर निर्माणका संयोजक तथा सहकारीका अध्यक्ष समेत रहनुभएका विष्णु पौडेलले कोल्डस्टोर सम्पन्न गर्नका लागि अझै ५ देखि ६ करोड बजेट अपुग हुने भएकोले किसान आयोगबाट यसमा पहल गरिदिनका लागि अनुरोध समेत गर्नुभयो।

किसान आयोगबाट दिइएका सुझावहरू

- कोल्डस्टोरमा उत्पादनहरू वर्षैंभरी राख्नका लागि व्यापक रूपमा किसानसँग जोडिएर जानुपर्ने
- कम्तीमा लुम्बिनी प्रदेशमा रहेका किसानका उत्पादनले बजार नपाउँने समस्याबाट मुक्ति पाउँने वातावरण सिर्जना गर्नका लागि निर्माण भएको कोल्डस्टोरलाई समयमा नै सम्पन्न गर्नका लागि सम्बन्धित निकायसँग पहल गर्दै किसानलाई उत्पादन बढाउँन प्रेरित गर्नका लागि सम्बन्धित निकायसँग समन्वय गर्दै जानुपर्ने

निष्कर्ष तथा सुझावहरू

निष्कर्षः-राष्ट्रिय किसान आयोग नेपाली किसानको हक, हित र अधिकारको संरक्षणका लागि किसानसँगको सामिप्यमा रहेर कार्य गर्नका लागि स्थापना भएको हो। सरकारका विभिन्न निकायहरूसँग फिल्डमा गई किसानहरूका समस्याहरूको बारेमा समेत जानकारी लिइयो।

किसान आयोगका सदस्य सहित कर्मचारीको टोली एक हप्ताको लागि सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका केही जिल्लाहरूमा तीनै तहका सरकारका निकायहरूसँग कृषि विकासमा भएका नीतिगत कठिनाइका बारेमा फिल्डस्तरमा कार्यरत कार्यालयका प्रतिनिधिहरूसँग भेटघाट/छलफल/अन्तरक्रिया गर्दै किसान/कृषि उद्यमी/व्यवसायी सँग समेत उनीहरूकै फिल्डमा भेटेर समस्याहरूका बारेमा जानकारी लिइयो। निचोडमा सेवा प्रदायक निकायहरूसँगको छलफलबाट कृषि विकासमा जनशक्तिको अभाव रहेको, कृषि अनुदानलाई व्यवस्थित बनाउँन नसकिएको हुनाले छुट्टै संयन्त्र सहित कानुनी प्रावधान तय गरिनुपर्ने सम्भावनाका आधारमा व्यवसायीकरणमा जोड दिने जसका लागि कृषि प्रविधि विस्तारमा सेवा प्रदायक निकायका जनशक्तिको संख्या बढाईनुपर्ने कृषि उत्पादन वृद्धिका लागि गुणस्तरीय प्रविधि विकास बीउ उत्पादन लगानीका अन्य श्रोत र साधनको यथेष्ट पूर्ति गर्नेगरी योजना बनाइनुपर्ने साथै कृषिमा आधुनिकीकरण गर्ने दिशामा अगाडि बढ्नका लागि कृषि औद्योगिकीकरण हुनुपर्ने जस्ता कुराहरू उठेका छन्। किसान/कृषि उद्यमी/व्यवसायीसँगको छलफलबाट किसानका उत्पादनलाई संरक्षण गर्नका लागि भारतबाट आयातित कृषि उत्पादनमा रोक लगाउँने व्यवस्था राज्यबाट हुनुपर्ने समयमा मल बीउ विषादी जस्ता उत्पादनका श्रोतहरू उपलब्ध गराउनु पर्ने गुणस्तरीय बीउको समयमा नै उपलब्धता साथै उत्पादित बस्तुको बजारीकरणको सुनिश्चितता हुनुपर्ने जस्ता विषयहरू आएका छन्।

**सुझावहरू:**

अवलोकन/अनुगमन पश्चात् प्राप्त सुझावहरूका आधारमा नेपाल सरकारलाई दिइएका सुझावहरूः-

- अनुगमनका क्रममा रानी जमरा कुलरीया सिंचाइ आयोजनाबाट केराको सम्भावित क्षेत्र टिकापुर, कैलालीमा केरा पकाउँन सरकारको तर्फबाट करीव २ करोड लगानी भएको देखियो। निजी संस्था/संचालक र कृषि कार्यान्वयन इकाई आयोजनाका प्रमुखको अनुसार, चेम्वर बजार नजिक हुनुपर्नेमा बजारबाट टाढा भएका कारण केरा पाकिसकेपछि ढुवानी गर्नुपर्ने भएको हुनाले चेम्वरको प्रयोग हुन नसकेको विषय आएको हुनाले सो सम्बन्धमा मन्त्रालयबाट तुरून्त यसको प्राविधिक पक्ष के हो र चेम्बर संचालनका लागि के कस्ता योजना गर्ने सम्बन्धमा छलफल गरी उद्देश्य अनुसार प्रयोगका लागि योजना बनाउने अर्थात प्राविधिक समस्या के हो पहिचान गरी तत्काल सुचारू गर्ने,
- अनुगमनको उद्देश्य अनुसार तीनै तहका सरकारका निकायहरू (स्थानीय जनप्रतिनिधि साथै जिम्मेवार कर्मचारी) सँग कृषि क्षेत्रको विकासका सम्बन्धमा छलफल अन्तरक्रिया हुँदा कृषि अनुदानलाई व्यवस्थित र पारदर्शि बनाउन कृषि अनुदान ऐनको निर्माणका साथै अनुदान प्रवाहका लागि एक छुट्टै संयन्त्र निर्माण गरी सोहीबाट कार्य गर्नुपर्ने जसको परिणाम अनुदान प्रवाह व्यवस्थित हुनुकासाथै कृषि प्रविधि विस्तारका लागि कार्यगर्ने निकायहरूबाट कृषि प्रविधि विस्तार व्यापक र प्रभावकारी हुने,
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिबाट बढ्दो जनसंख्याको खाद्य सुरक्षा सुरक्षित गर्नुपर्ने कारण कृषि क्षेत्रका विविध पक्षमा अनुसन्धानको ज्यादै महत्पपूर्ण योगदान भएकोले अनुसन्धानबाट गुणस्तरीय बीउ बिजन आफ्नै देशमा कृषि उत्पादन गर्नुका साथै नयाँ नयाँ प्रविधि विकास गर्ने कार्यका लागि अनुसन्धानका क्षेत्रमा सरकारले लगानी बढाई व्यवस्थित गर्नुपर्ने,
- विश्वव्यापीकरणको सकारात्मक र नकारात्मक प्रभावसँगै नकारात्मक प्रभावबाट देशलाई बचाइराख्न र आत्मनिर्भरता तर्फ लैजान अर्थतन्त्रको मेरूदण्डकोरूपमा रहेको कृषि र किसानलाई संरक्षण गर्ने गरी नीतिगत र कानुनी व्यवस्थालाई कडाइकासाथ लागुगर्ने,
- संघीयता कार्यान्वयनका लागि तीनै तहका सरकारहरू स्वतन्त्ररूपमा संचालित भई कार्य भइरहेको अवस्थामा सकारात्मक परिणामहरू आइरहेको भएता पनि समग्र योजना, आयोजना

र कार्यक्रमहरू कार्यान्वयन, अनुगमन साथै पृष्ठपोषणका लागि समन्वयात्मक सम्बन्ध आवश्यक देखिएकोले तीनै तहका सरकारका निकायहरू बीच कानुनी सम्बन्ध स्थापित हुनु आवश्यक भएकोले आवश्यक कानून निर्माण गर्ने ।

## २. चितवन जिल्लामा कृषि क्षेत्रमा संचालित परियोजनाहरूको अनुगमन

कृषिलाई विशिष्टकरण तथा व्यवसायीकरणका आधारमा उत्पादन एवं उत्पादकत्व वृद्धि गरी कृषि उद्योगको स्थापना, आयात न्यूनीकरण तथा प्रतिस्थापन गर्दै राष्ट्रलाई आत्मनिर्भर बनाउन चितवन जिल्लामा एक गाउँ एक उत्पादन, पकेट, ब्लक, जोन, सुपरजोन जस्ता कार्यक्रम केरा तरकारी मौरी आदिमा संचालन गरी व्यवसायिक खेती विस्तार भैरहेको छ। जस अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत रत्ननगर पिठुवा केरा जोन, गुन्जनगर तरकारी जोन र मौरी जोनका कृषक, कृषक समूह, कृषि उद्यमीहरूसँग कृषि क्षेत्रसँग सम्बन्धित समस्याहरूको बारेमा छलफल गरियो। अनुगमनका क्रममा किसानका समस्या एवम् मागहरू यस प्रकार रहेका थिए ।

- विदेशबाट आयतित केरा लगायतका कृषि उपजमा यथाशीघ्र रोक लगाउनु पर्ने,
- केरालाई राष्ट्रिय बालीको रूपमा सुचीकृत गरी केराको उत्पादन चक्रलाई मध्यनजर गरी आवश्यक पर्ने मल विउ सिंचाई समयमै उपलब्ध गराउनु पर्ने,
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत केराको हाल चितवन जिल्लामा जोन कार्यक्रम संचालन भैरहेकोमा सुपरजोन घोषणा गरी कार्यक्रम संचालन गरिनुपर्ने,
- उत्पादित केरा तथा अन्य तरकारीले उचित मूल्य पाउन नसकेकोले बजारको सूचना सबै किसानलाई उपलब्ध गराएर देशका मुख्य थोक बजारहरूमा बिक्री वितरण हुन सक्ने व्यवस्था मिलाउनु पर्ने,
- केरा लगायत तरकारी उत्पादन गर्दा प्राविधिक ज्ञानको कमीबाट समयमै रोग कीराको पहिचान हुन नसकी धेरै नोक्सानी ब्यहोर्नु परेकोले प्राविधिक जनशक्तिको सहज उपलब्धता हुने व्यवस्था मिलाउनु पर्ने,
- केरालाई प्रशोधन गरी चिप्स पाउडर आदि बस्तु बनाउनका लागि उद्योग स्थापनाका लागि प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाले पहल गर्नुपर्ने,

- बाली बीमामा बीमा कम्पनी र कृषकबीच हुने बिबाद निराकरणका लागि मौसम सूचाङ्क बीमा लाई विभिन्न बाली तथा फलफूलमा प्रभावकारी रूपमा कार्यान्वयनमा लागु गर्नु पर्ने,
- केरा व्यवसायको विकास तथा विस्तारका लागि केरा विकास वोर्ड स्थापन गराउनु पर्ने,
- हालको वजार प्रणालीले काम नगरेकोले सरकारले वजार प्रणालीलाई व्यवस्थित गराउन सकेमात्र किसानहरूको उत्पादनको उचित मूल्य पाउन सक्ने,
- सहुलियत कृषिकर्जा सहज रूपमा उपलब्धता हुने व्यवस्था गर्नु पर्ने र  सहुलियत कृषि कर्जाको अवधि हाल कायम रहेको ५ वर्षबाट बृद्धि गरि १० वर्ष अवधि तोकिनु पर्ने,
- चितवनमा कृषि यान्त्रीकीकरण अति नै राम्रो रहेको तर उत्पादन पछि बजार नपाउने समस्या भएको हुदा बजार  व्यवस्थापनमा सहयोग गर्नुपर्ने,
- चितवन जिल्लामा केरा, तरकारी, धान र मौरी  गरी ४ वटा जोन छन् अव माछालाई पनि जोनमा थप्नु पर्ने,
- कृषिमा नयाँ पुस्तालाई नयाँ प्राविधि भित्र्याएर काममा लगाउनका लागि कृषि यान्त्रिकरणमा जोड दिनु पर्ने जस्तैः गहु झार्ने मेसिन, धान रोप्ने मेसिन र विषादी  छर्ने ड्रोन आदि। ड्रोनबाट छर्कदा विषादी कम लाग्छ । जनशक्ति कम लाग्छ ।कृषकको स्वास्थ्यमा गर्ने असर कम हुन्छ । तसर्थ यस विषयमा कृषि अनुसन्धान केन्द्रले अध्ययन अनुसन्धान गर्नुपर्ने ।

## ३. भक्तपुर, ललितपुर र काठमाडौंका किसानले लगाएको गोलभेडामा पिथ नेक्रोसिस समस्या समाधानार्थ गरिएको अनुगमन

अधिकांश किसानको जीविकोपार्जनको रूपमा रहेको कृषि पेशामा कतिपय किसानहरूले प्लाष्टिक टनेलमा गोलभेडा खेती गरी आफ्नो जीविकोपार्जनलाई सहज पार्दै आएका छन्।प्लाष्टिक टनेलमा गोलभेडा खेतीबाट राम्रो आम्दानी भएकै कारण यस बालीमा किसानहरूको आकर्षण बढ्दो छ, तरपनि पटक पटक किसानहरूले बाली उत्पादनमा विभिन्न किसिमका समस्याहरू व्यहोर्दै आउनुपरेको छ।यसपटक कतिपय कृषकहरूको गोलभेडा खेती उत्पादनका क्रममा बारीमा समस्या आएको र धेरै नोक्सान बेहोर्नुपरेका कारण कृषकहरू गुनासो लिएर राष्ट्रिय किसान आयोगमा आउनु भएको थियो।तत्पश्चात्, किसान आयोगका सदस्यहरू र कर्मचारी साथै

प्राविधिक सहितको (वैज्ञानिक, नेपाल कृषि अनुसन्धान परिषद्; प्रमुख, कृषि ज्ञानकेन्द्र, ललितपुर साथै प्राविधिक अधिकृत; प्रमुख, बाली संरक्षण प्रयोगशाला, हरिहरभवन साथै अधिकृत र नेपाल कृषि अनुसन्धान परिषद्का वैज्ञानिक) टोलीबाट फिल्ड अनुगमन भयो। धेरैजसो कृषकहरूको फार्ममा एउटै किसिमको तरीकाले किसान आफैले खेती गरेको पाइयो भने तारकेश्वर-गोलढुङ्गा काठमाडौंका कृषक अनिल दाहालले आफै प्राविधिक राखेर खेती गरेको पाइयो जसले गर्दा समयमा नै समस्या समाधान भई बालीमा नोक्सानी नभएको पाइयो। तारकेश्वर न.पा गोलढुङ्गामा सोही न.पाका प्राविधिक अधिकृत र वडा अध्यक्ष समेत सो अनुगमनमा सहभागी हुनुभएको थियो। गोलभेडा उत्पादक किसानहरूबाट आएका गुनासो व्यवस्थापनका लागि विज्ञ सहितको टोली लिएर बारीमै गई किसानका समस्याको बारेमा जानकारी लिने र सम्बन्धित सरोकारवाला निकायमा सुझाव बुझाउँने उद्देश्यका साथ अवलोकन तय भएको हो।

<u>भ्रमण गरिएको स्थान तथा फार्म भ्रमण गरिएका किसानहरू</u>

स्थानः भक्तपुर जिल्ला अन्तर्गत सूर्यविनायक न.पा का केही क्षेत्रहरू र ललितपुर जिल्ला अन्तर्गत महालक्ष्मि न.पाका केही क्षेत्रहरू साथै काठमाडौ जिल्ला अन्तरर्गत  चन्द्रागिरी न.पा, थानकोट क्षेत्र र तारकेश्वर न.पा, गोलढुङ्गा क्षेत्र

फार्म भ्रमण गरिएका किसानहरूः काडमाडौंमा चन्द्रागिरि न.पा अन्तर्गत दहचोकका देवकला पन्थी, विष्णु रेग्मी, सुनिता श्रेष्ठ, अर्जुन गिरी, शर्मिला अधिकारी, राम गिरी; थानकोटका सम्झना सुवेदी, लिला पौडेल भुसाल तथा तारकेश्वर न.पा गोलढुङ्गाका किसान अनिल दाहाल रहेका छन् भने भक्तपुरका सनतकुमार रिसाल, मेनुका बुढाथोकी र ललितपुरका लक्ष्मी बुढा, लक्ष्मी वि.क, दिया पुन, विनिता घर्तीमगर, दिपशिखा बुढाथोकी लगायतका किसानका फार्महरूमा अनुगमन गरिएको थियो।

<u>अनुगमनका क्रममा देखिएका समस्या तथा समस्या समाधानका लागि दिइएका सुझावहरू तथा कृषकका केही गुनासाहरू</u>

- सूर्यविनायक न.पा, भक्तपुरका टनेलमा गोलभेंडा खेती गरेका कृषकहरू राष्ट्रिय किसान आयोगको कार्यालयमा आई आयोगका अध्यक्ष सहित पदाधिकारीहरूलाई भेटी समस्याहरू

पेश गरेका,जसमा १ महिना देखिनै बाली ओइलाउन थालेको थियो। सुरूमा एग्रोभेटमा गएर विषादी किनेर प्रयोग गरेका तर विषादीले बाली संरक्षणमा सहयोग नगरेपछि नेपाल कृषि अनुसन्धान परिषद् र बाली संरक्षण प्रयोगशालामा समेत जानकारी गराइ प्राविधिक सहितको टोलीबाट खेत निरीक्षण गरी सुझाव दिइएको थियो।

- ❖ काठमाडौं, भक्तपुर र ललितपुरमा प्राविधिक सहितको टोलिबाट भ्रमण गर्दा बालीमा मूख्यगरी ओइलाउने रोग देखिएको थियो। यसका साथै कुनै कुनै ठाउँमा डढुवारोग समेत लागेको देखियो।
- ❖ सामान्य रूपमा कतै कतै सेतो झिंगा र टुटापनि देखिएको थियो।
- ❖ एउटै खेतमा पटक पटक एउटै बाली लगाइ राख्नाले रोगको प्रकोप भएको पाइयो।
- ❖ धेरैजसो प्लाष्टिक टनेलमा खेती गर्ने किसानहरू स्थानीय नभई बाहिरी जिल्लाबाट आएर जग्गा भाडामा लिई खेती गरेको पाइयो जसका कारण पटक पटक एउटै जग्गामा एउटै बाली लगाउनु पर्ने बाध्यता भएको कुरा किसानहरूबाट व्यक्त भयो।
- ❖ किसानहरूलाई बाली उत्पादनका लागि आवश्यक प्राविधिक ज्ञानको कमी रहेको, जसमा बाली संरक्षणका लागि प्रयोग हुने विषादीहरूका लागि एग्रोभेटसँग भरपर्ने र एग्रोभेटले अनुमानका भरमा फिल्डनै नहेरी विषादी दिदा उत्पादन लागत बढेर जानुका साथै उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल पर्नेखालका विषादीहरू प्रयोग हुन सक्ने जोखिम देखियो।

- **समाधानका उपायहरूका बारेमा प्राविधिकहरूले किसानहरूलाई दिएका सुझावहरू**

- ❖ ओइलाउने(Wilt) रोगको लागि बाली चक्र अपनाउने जसमा उस्तै जातका बालीहरू जस्तो आलु, भन्टा खुर्सानी जातका बालीहरू नलगाई अन्य कोसेबाली तथा लहरेबालीका जातहरू लगाउने।
- ❖ ओइलाउने रोगका साथसाथै डढुवा रोग पनि देखिएकोले रोग लागेको बोट तथा पूराना बोटहरू र झारपातहरू बटुली जलाउने र खेतबारी सफा गर्ने।
- ❖ रोग सुरू हुने बेलादेखि कपरअक्सिक्लोराइड १.५ ग्राम र मेन्कोजेब १.५ ग्राम मिसाइ प्रतिलिटर पानीमा हालेर घोली ७ देखि १० दिनको फरकमा ३-४ पटक बोट भिज्नेगरी छर्कने।

❖ डढुवारोग ढुसीको कारण लाग्ने भएकोले यसको लागि माटोमा भिज्नेगरी कपर अक्सिक्लोराइडको प्रयोग गर्ने।

- **अनुगमनका क्रममा अनुगमन टोलीसँग छलफल हुँदा किसानहरूले व्यक्त गरेका गुनासाहरू**

❖ उत्पादनमा आधारित अनुदानका साथै साना किसानका लागि कृषि सामाग्रीहरूमा अनुदान दिइनुपर्ने ।

❖ भूउपयोग ऐन तथा भू उपयोग नीतिलाई यथाशीघ्र कार्यान्वयनमा ल्याई खेतीयोग्य जमिनलाई प्लटिङ्ग गर्नेजस्ता कार्यलाई तत्काल रोक्नु पर्ने।

❖ तरकारीहरूको न्यूनतम समर्थन मूल्य तोकी सोही अनुसार किसानका उत्पादनहरूको बजार सुनश्चित गरिनु पर्ने।

❖ तरकारीको उत्पादन वृद्धिका लागि गुणस्तरीय बीउको उपलब्धता र पहुँच वृद्धि गरिनुपर्ने

❖ कृषि उत्पादनका लागि प्राविधिक सहयोग वृद्धि गरी कृषकले चाहेका वेलामा कृषि प्राविधिकहरूको पहुँचमा वृद्धि गर्नुपर्ने।

- **आयोगबाट फिल्ड अनुगमनका क्रममा देखिएका समस्या तथा समाधानका लागि सम्बन्धित पक्षहरूले गर्नुपर्ने कार्यहरूको बारेमा सुझावहरू**

❖ किसानको तर्फबाट आफ्नो फार्म दर्ता गरी संचालन गर्नुपर्ने, यसका लागि किसानहरूलाई अनिवार्य रूपमा फार्म दर्ताका लागि कृषि सम्वद्ध निकायहरूले पहल गरी यस कार्यलाई पूर्णता दिनका लागि कार्य गर्ने।

❖ बाली नोक्सानीबाट किसानलाई राहतका दिन अनिवार्य बाली बीमा गराउनु पर्ने जसका लागि कृषकहरूलाई बीमाको दायरामा ल्याउनका लागि कृषि सम्वद्ध कार्यालयहरूले सम्बन्धित निकायमा समन्वय गर्ने।

❖ सरकारी निकायहरूबाट व्यवसायिक कृषकहरूका लागि आवश्यक तालिमको व्यवस्थापन गर्नुपर्ने।

❖ एग्रोभेटबाट विषादी दिदा अनावश्यक विषादी दिने र लागत खर्चमात्र बढ्ने भएका कारण किसानको खेतबारीमा प्राविधिक पुग्ने व्यवस्था मिलाउनको लागि सम्बन्धित निकायले ध्यान दिनु पर्ने।

**निष्कर्ष:**

- गोलभेडामा ओइलाउने रोगका लागि धेरै क्षति भएको पाइयो यसका लागि किसानहरूले सुरूबातमा प्राविधिकहरूसँग सम्पर्क भन्दा पनि एग्रोभेटसँग भर परेको पाइयो,
- एग्रोभेटबाट किसानलाई अनुमानकै भरमा विषादी दिदा १/२ जना किसानका अनुसार १ महिनाको समयमा १० रोपनी जमिनमा रू १ लाखसम्मको विषादी तथा भिटामिन दिइएको कुराको जानकारी प्राप्त भयो,
- धेरैजसो किसानहरूले छिमेकीहरूले खेती गरेको देखेर खेती गरेको पाइयो जसका कारण प्राविधिक ज्ञानको कमी भएको महसुस गरियो,
- भ्रमण गरिएका मध्ये एकजना किसान जसले प्राविधिक राखेर नै खेती गरेको जसका कारण समयमा नै समस्याको निराकरण भई अन्य बालीमा रोग नसरेको र क्षति कम भएको भन्ने किसान आफैंबाट जानकारी पाइयो।

## ४. रूपन्देही, र अर्घाखाँची जिल्लाहरूका कृषि तथा पशुक्षेत्रमा संचालित परियोजनाहरूको अनुगमन भ्रमण कार्यक्रम

राष्ट्रिय किसान आयोगको आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार रूपन्देही र अर्घाखाँची जिल्लाहरूमा कृषि तथा पशुक्षेत्रमा संचालित परियोजनाहरूको अवलोकन तथा अनुगमन भ्रमण सम्पन्न गरिएको थियो। उक्त अवलोकन तथा अनुगमनका क्रममा देखिएका जानकारीहरू, समस्या तथा सुझावहरूः-

**भ्रमण गरिएको स्थानहरू तथा फार्महरू**

**१. लाङ्गाली एकीकृत कृषि तथा पशुपन्छी फार्म (संचालक श्री गणेश बहादुर मगर),अर्घाखाँची**

- उक्त फार्म करिब ५रोपनी जग्गामा संचालनमा रहेको,
- वि.सं. २०७५ साल देखि उक्त फार्म संचालनमा रहेको,
- तरकारी फार्मको साथ साथै बङ्गुर फार्म पनि संचालन गर्नुभएको,
- नगरपालिका बाट टनेल अनुदानमा प्राप्त भएको,
- बजारीकरणको समस्या नभएको,

- नगदे बाली भएकोले आम्दानी राम्रै हुने गरेको,
- PMAMP बाट ५०% अनुदानबाट थोपा सिचाइ र २ वटा टनेल सहयोग पाइएको देखिएको ।

**समस्याहरू**

- कृषि पेशामा मुख्य समस्या बीमाको रहेको र प्रकृया पनि झन्झटिलो रहेको,
- कृषि उपज संकलन केन्द्रको अभाव,
- शीत भण्डारणको अभाव,
- सिंचाईको श्रोत भएपनि उपयुक्त व्यवस्थापन हुन नसकेको,
- साना टुक्रे जग्गा भएको कारण यान्त्रिकीकरणमा केही समस्या,
- उत्पादनको आधारमा समूह/सहकारी मार्फत अनुदान प्रदान गरिनुपर्ने,

## २. सत साहेव कृषि तथा पशुपन्छी फार्म (संचालक श्री पम्फा बन्जाडे),अर्घाखाँची

- उक्त फार्म करिब १३ रोपनी जग्गामा संचालनमा रहेको,
- कृषक पम्फा बन्जाडेको परम्परागत गाई गोठमा हाल ३ वटा गाई र ५ वटा भौंसीपालन गर्नु भएकोमा ती मध्ये २ दुधालु गाई र ३ दुधालु भौसी रहेको जानकारी पाइयो,
- वि.सं. २०७७ साल देखि उक्त फार्म संचालनमा रहेको,
- लगानी अनुसारको बजार नपाउँदा धरै किसानहरू व्यवसाय परिवर्तन गर्न वाध्य रहेको,
- किसानहरूले ऋण खोजेर व्यवसाय सञ्चालन गर्ने गरेको तर सरकारले सहुलियतमा ऋण लगायत कुनै व्यवस्था नगर्दा किसानहरू मर्कामा परेको भनी संचालकद्धारा जानकारी प्राप्त भएको,
- ८ रोपनी जग्गा मात्र हाल प्रयोग भएको र बाकीँ जग्गामा घाँसे बाली लगाउने तयारी रहेको।

**समस्याहरू**

- प्रांगारिक खेती सम्बन्धी तालिमको अभाव,
- सहुलियत कृषि ऋण प्राप्त गर्न कठिन हुनु,
- प्रांगारिक उत्पादनले उचित मूल्य पाउन नसक्नु ।

### ३. अर्घाखाँची कृषि तथा पशुपन्छी बहुउद्देश्यीय फार्म (संचालक श्री कमला कुँवर र कृष्ण प्रसाद खनाल)

- ❖ फार्म करिब ४१ रोपनी जग्गामा संचालनमा रहेको,
- ❖ वि.सं. २०७७ साल देखि उक्त फार्म संचालनमा रहेको,
- ❖ तरकारी फार्मको साथै कुखुरा फार्म पनि संचालन गर्नुभएको,
- ❖ PMAMP बाट रू.७,००,००० अनुदानमा प्राप्त भएको,
- ❖ PMAMP बाट ५०% थोपा सिचाइ र २ वटा टनेल सहयोग पाइएको,
- ❖ फार्म स्थापना गर्दा कुल लागत रू. ७०,००,००० लागेको,
- ❖ १३ वटा टनेल,३ वटा थोपा सिँचाई रहेको,
- ❖ ४ जना कर्मचारी राखेको ।

**समस्याहरू**

- ❖ हालसम्म सरकारीस्तरबाट पशुपालन सम्बन्धी तालिम नपाएको,
- ❖ झन्झटिलो बीमा प्रक्रिया,
- ❖ अनुदान व्यवस्थित गरिनुपर्ने,
- ❖ किसानको लगानी र दुख अनुसार उत्पादनको मूल्य नपाउने ।

### ४. स्मार्ट कृषि फार्म, अर्घाखाँची

- ❖ उक्त फार्म करिब २० हे. क्षेत्रफलमा फैलिएको पाइयो,
- ❖ वि.सं. २०७७ साल देखि उक्त फार्म संचालनमा रहेको,
- ❖ ५६ जना कृषक संलग्न रहेका,
- ❖ PMAMP बाट  रू.७,००,००० लाख अनुदानमा प्राप्त भएको,
- ❖ स्थापना गर्दा कुल लागत रू.७०,००,००० लाख लागेको,
- ❖ २१० वटा टनेल स्थापना भएको ।

**समस्याहरू**

- ❖ कृषि औजार मर्मत सम्बन्धी तालिमको कमी,
- ❖ सरकारी निकायबीच समन्वयको अभाव,
- ❖ कृषि उत्पादित बस्तुमा बजारीकरणको समस्या देखिएको,
- ❖ उत्पादन सामाग्रीको अभाव ।

## ५. माछा सुपरजोन, रूपन्देही

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मत्स्य सुपर जोन अन्तर्गत रूपन्देही जिल्लाको ११ सय ७५ हेक्टरमा व्यवसायिक रूपमा माछा पालन हुँदै आएको पाइयो। जसमा सुपर जोन भित्र मात्रै कूल ८०५ हेक्टर क्षेत्रफल पर्छ । विशेष गरी सिल्भर कार्प, विगहेड कार्प, ग्रास कार्प तथा कमन कार्प, ग्रास कार्प, इजरायली कार्प, माछाको पालन हुने गरेको जानकारी प्राप्त भयो। ९ सदस्यीय सुपरजोन सञ्चालक समिति गठन भई यसको व्यवस्थापन भएको छ । माछा सुपरजोन अन्तर्गत अनुगमन गरिएका फार्म तथा स्थानहरू र यसमा देखिएका समस्याहरू

### क.प्रिया एकीकृत माछा फार्म (नारायण बहादुर कार्की), रूपन्देही

- ❖ फार्म करिब ६ बिगाहा क्षेत्रफलमा फैलिएको पाइयो।
- ❖ ८ वर्ष देखि फार्म संचालनमा रहेको ।
- ❖ २ जना कर्मचारी रहेको।
- ❖ PMAMP बाट पोखरी निर्माण, एरिएटर मेसिन अनुदानमा प्राप्त भएको ।

### ख. शान्ति उन्नत पशुपालन तथा माछा फार्म, रूपन्देही

- ❖ हाल करिब १५ बिगाहा क्षेत्रफलमा फैलिएको पाइयो,
- ❖ वि.सं. २०६६ साल देखि उक्त फार्म संचालनमा रहेको,
- ❖ १४ जना कर्मचारी रहेको,
- ❖ हालसम्म PMAMP बाट ३ लाख ९० हजार २३४ अनुदानमा प्राप्त भएको,
- ❖ माछा उत्पादकको उत्कृष्ट ब्यक्ति पुरस्कार समेत प्राप्त गरेका,

- ❖ माछा उत्पादनको लागि पोखरीमा प्रयोग हुने  मल आफै उत्पादन गर्ने गरेको,
- ❖ माछाको साथ साथै गाई पालन गरेको ।

**माछा उत्पादन फार्महरूको समस्या**

- ❖ PMAMP को अवधारणा अनुरूपको Custom Hiring Center मत्स्य क्षेत्रमा व्यवहारतः उपयुक्त नहुने जस्तै Custom Hiring Center मा एरेटर राखेर आलोपालो वितरण गर्न नसकिने किनकी एरेटरलाई पोखरीमै राख्नुपर्ने हुन्छ,
- ❖ न्यून बजेट, कुल बजेटको ८०% पोखरी निर्माणको लागि विनियोजित र यसले गर्दा दाना, एरेटर, प्रविधि प्रसार, Post-Harvest मा ज्यादै न्यून हुने,
- ❖ माछाको बजारीकरणमा समस्या,
- ❖ प्राकृतिक पोखरीको तथ्यांक नरहेको,
- ❖ परम्परागत तरिकाले मत्स्यपालन गर्ने कृषकले दाना प्रयोग नगर्ने ।

**ग. जलदेवी मत्स्य उत्पादक सहकारी संस्था लि., रूपन्देही**

- ❖ १२ हे. क्षेत्रफलमा फैलिएको पाइयो,
- ❖ वि.सं. २०५३ साल देखि उक्त सहकारी संचालनमा रहेको,
- ❖ सहकारीले बचत तथा ऋणको कारोबार मात्र नगरी अन्य कार्यक्रमहरू समेत गरेको पाइयो
- ❖ फ्रोजन माछाको अभ्यास गर्दै गरेको पाइयो,
- ❖ हाल ३ जिल्लामा बिक्री वितरण भइरहेको,
- ❖ PMAMP बाट एउटा गाडी र फ्रोजन माछा बनाउने मेसिनरी अनुदानमा प्राप्त भएको,
- ❖ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र श्री जलदेवी मत्स्य उत्पादक सहकारी संस्थाको लागतमा मत्स्य प्रसोधन उद्योग स्थापना गरिएको,
- ❖ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको रू.३८ लाख र श्री जलदेवी मत्स्य उत्पादक सहकारी संस्थाको रू. ७ लाख ५० हजार लगानीमा प्रशोधन केन्द्रको स्थापना भएको ।

**समस्याहरू**

- ❖ फ्रोजन माछाको महत्वबारे जनमानसमा जानकारी कम हुनुका कारण जिंउदै माछा प्रयोग हुनाले यसको खपतमा कम भएको,
- ❖ युवा जनशक्तिको विदेश पलायनका कारण श्रमको अभाव ।

**निष्कर्ष तथा सुझावहरू**

- ❖ किसानका हक अधिकार संरक्षणका लागि सरकारले तय गर्ने ऐन, नीति, कानून र योजना कार्यक्रम किसान मैत्री हुनेगरी बनाउँने,
- ❖ तर्जुमा भएका योजना र कार्यक्रमहरू सहज र सरल ढंगले किसान समक्ष पुऱ्याउने,
- ❖ किसानले उत्पादन गरेका बाली तथा बस्तुहरूको बजार व्यवस्थापनका लागि सोही अनुसार मूल्यशङ्खलाका अवयवहरूमा कार्यगरी मूल्य थप गर्ने,
- ❖ कृषि बीमालाई सरल र सहज बनाउँदै व्यापक विस्तार गरी किसानलाई जोखिममुक्त बनाउँने,
- ❖ निर्णय प्रक्रिया छिटो र छरितो गरी लागु गर्ने (माछालाई उद्योगबाट हटाएर कृषि व्यवसायमा राख्नेकुरा धेरै वर्ष देखि सरकारका धेरै छलफलमा उठिरहेता पनि किसानले यसबाट अझै लाभ लिन नसकेको अवस्था),
- ❖ सरकारद्वारा वितरण गरिने अनुदानलाई पारदर्शी तथा साना किसानको पहुँचयोग्य बनाउनका लागि एक छुट्टै कृषि अनुदान ऐन बनाउँने,
- ❖ सरकारले संचालन गर्ने कृषि विकासका कार्यक्रमहरू लागु गर्नको लागि सरकारी संरचना बलियो बनाउने र यथेष्ट प्राविधिक कर्मचारीको व्यवस्था गर्ने,
- ❖ भूमिहीन किसानलाई भूमि प्रयोग गर्न पाउने अधिकारका लागि सम्बन्धित मन्त्रालयसँग कृषि तथा पशुपन्छी विकास मन्त्रालयले समन्वय गरी उनीहरूलाई भूमिमा पहुँच स्थापित गर्नका लागि पहल गर्ने,
- ❖ माछा उत्पादनका लागि आवश्यक पर्ने दाना खरिदमा भएको महङ्गिका कारण माछा उत्पादन लागत बढेको हुदा माछाको दानामा प्रयोग हुने कृषि उत्पादन देशमै गर्नका लागि आवश्यक योजना र कार्यक्रमहरू व्यवस्थित रूपमा संचालन गर्ने।

**५. रूपन्देही, दाङ्ग र बाँके जिल्लाहरूमा अविरल बर्षाबाट धानबालीमा भएको क्षति; नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गत निकायहरूद्धारा संचालित आयोजना/परियोजनाहरूको स्थलगत भ्रमण तथा अनुगमन**

**भ्रमण गरिएको स्थानहरू:**

१.कृषि ज्ञान केन्द्र, रूपन्देही

- ➢ धान ब्लक, लकडीगठ; लुम्बिनी सास्कृतिक न.पा., रूपन्देही
- ➢ समयमाई कृषक समूह, मायादेवी, रूपन्देही

२.प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन ईकाइ, रूपन्देही

- ➢ सागर मत्स्य ह्याचरी फार्म, गैडहना ६, लोथपुरूवा, रूपन्देही
- ➢ श्री जलदेवी मत्स्य उत्पादक सहकारी संस्था लि., सियारी ५, बनघुसरी, रूपन्देही

३.कृषि ज्ञान केन्द्र, दाङ्ग

- ➢ विविध कृषि फार्म, ड्रागन प्रुट फर्म, तुलसीपुर १८, विजौरी, दाङ्ग
- ➢ सुर्या जैबिक कृषि केन्द्र, प्रा.लि., तुलसीपुर, दाङ्ग
- ➢ ग्रिन मल्टिप्रपोज एग्रिकल्चरल फर्म, तुलसीपुर, दाङ्ग

४.प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, दाङ्ग

- ➢ सतबरिया कृषि सहकारी संस्था लि., सतबरिया, दाङ्ग

५.कृषि ज्ञान केन्द्र, बाँके

- ➢ सितापुर स्मार्ट कृषि गाँउ कार्यक्रम, खजुरा २, सितापुर, बाँके

६.प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन ईकाइ, दाङ्ग

- ➢ च्याउ उत्पादन ब्लक विकास कार्यक्रम, जानकी गा.पा.३, बन्जारे गाँउ, बाँके

## १. कृषि ज्ञान केन्द्र, रूपन्देही

- ❖ जिल्लामा रहेको अधिकांश क्षेत्र बाढीको समस्या भोगिरहेको पाइयो,
- ❖ ७ बटा स्थानीय तहमा अबिरल वर्षा र बाढीले गर्दा २००० किसान र अनुमानित १२०० हेक्टरमा क्षति भएको जानकारी प्राप्त भयो,

- कृषि ज्ञान केन्द्रले गहुँ वितरण ५० प्रतिशत सहुलियतमा दिने गरेको र प्रदेश सरकारबाट २० लाख रकम विनियोजन भएको,
- मकैको Seed Multiplication नवलपरासीमा काम भै रहेको,
- बर्दघाटमा मात्रै अनुमानित ४२ करोड क्षति भएको जानकारी कृषि ज्ञान केन्द्रका प्रमुखबाट प्राप्त भएको,
- जिल्लामा अनुमानित बैमौसमी वर्षाको कारण धान भित्र्याउन लागेको धानबालीमा ५९३३ हेक्टरमा क्षति भएको,
- किसानहरुले समयमा मल नपाउने र भारतबाट चोरी निकासी भएर आउने मल अत्यधिक मंहगो मूल्यमा खरिद गर्नु परेको गुनासो पाइएको,

**धान ब्लक लुम्बिनी, लकडीगढ, लुम्बिनी साँस्कृतिक नगरपालिका वार्ड नं. १**

- धान ब्लकमा करिब ३० बीगाहा क्षेत्रफलमा रहेको धानबालीमा क्षति भएको जानकारी प्राप्त भएको,
- जिल्लामा करिब २०० बिगाहा क्षेत्रफलमा क्षति भएको,
- किसानको माग अनुसार बढी उत्पादन दिने गहुँ र धानका जातहरूको अभाव ।

**समयमाई कृषक समूह मायादेवी-२, रूपन्देही तरकारी ब्लक**

- बेमौसमी बर्षाको कारण धानबालीको क्षतिका साथै तरकारी बालीहरूमा पनि अत्यधिक क्षति भएको,
- तरकारी बालीको क्षतिको विवरण संकलन नभएको,
- उत्पादित तरकारीको बजारीकरणमा समस्या भएका कारण किसानहरू निरूत्साहित भएका
- जंगली जनावर जस्तैः जंगली निलगाई, जरायो आदिबाट बाली नाली नष्ट भएकोले किसानहरू मर्कामा परेका ।

**२. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन इकाई, रूपन्देही ।**

- यो वर्षमा ४ वटा पालिकामा गँहु जोन थप भएको ३ वटा पालिकामा केराको जोन थप भएको जानकारी प्राप्त भएको,

- अबिरल वर्षाको कारण धान बालीको साथै केरा र माछामा समेत क्षति भएको,
- केरा बगैचामा रोगको समस्याका कारण ठुलो क्षति भएको,
- बीमा कम्पनीहरूलाई बीमा समितिले अनिवार्य नियमन गर्नुपर्ने,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, रूपन्देहीमा जनशक्ति अभावका कारण प्रभावकारी कार्यका लागि कठिनाइ भएको ।

## सागर मत्स्य ह्याचरी फार्म, गैडहवा ६, लोधपुरवा

- सागर मत्स्य ह्याचरी फार्मका संचालक श्री सागर मौय र धुर्वराम मौय रहेको र उक्त फार्म ५ विगाहा क्षेत्रफलमा फैलिएको जानकारी संचालकबाट प्राप्त भएको,
- हालसम्म नेपाल सरकारबाट ५ लाख अनुदान रकम प्राप्त गरेको,
- अबिरल बर्षा र बाढीबाट उक्त फार्ममा मात्रै १० लाख भुराहरू बाढीले बगाएको,
- नेपाल सरकार समक्ष १० लाखको क्षतिपूर्ति पेश गरेको,
- भुराहरू बाढीले बगे पनि माउ बचाउन चाहि सफल भएको जानकारी प्राप्त भएको,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत रहेको माछा जोन कार्यक्रमबाट प्राविधिक ज्ञान प्राप्त गर्ने गरेको ।

## श्री जलदेवी मत्स्य उत्पादक सहकारी संस्था, सियारी ५, वनघुसरी, रूपन्देही

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र श्री जलदेवी मत्स्य उत्पादक सहकारी संस्थाको लागत मा मत्स्य प्रशोधन उद्योग स्थापना गरिएको,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको रू. ३८ लाख र श्री जलदेवी मत्स्य उत्पादक सहकारी संस्थाको रू.७ लाख ५० हजार प्रशोधन केन्द्रको स्थापनाका लागि प्रयास भएको,
- उत्पादित माछाहरू बिक्रीको लागि रूपन्देही जिल्ला बाहेक बाहिरी जिल्लाहरूमा समेत पहल भैरहेको ।

## कृषि ज्ञान केन्द्र, दाङ्ग

- ❖ अविरल वर्षाको कारण धानबालीमा दाङ्ग जिल्लामा अनुमानित ८,००० हेक्टर क्षेत्रफलमा क्षति भएको जसको अनुमानित मूल्याङ्कनमा करिव रू ७० करोड बराबरको क्षति भएको जानकारी ज्ञान केन्द्रका प्रमुखबाट प्राप्त भएको,
- ❖ कृषि ज्ञान केन्द्रमा १४ जना दरवन्दी रहेकोमा ९ जना कर्मचारी रिक्त रहेकोले समस्या भएको,
- ❖ सुलभकर्जा अन्तर्गत प्रदेश मन्त्रालयले ६ करोड रकम बिनियोजन गरेको पाइएको,
- ❖ कृषि ज्ञान केन्द्रले सिफारिस गरेर बैङ्कले ऋण दिने गरेको जानकारी प्राप्त भएको,
- ❖ अविरल बर्षा र बाढीले गर्दा तरकारीमा पनि अनुमानित ५ प्रतिशत क्षति भएको,
- ❖ कृषि हरित कार्यक्रम अन्तर्गत हरेक वडाबाट १ जना स्वयं सेवकको व्यवस्था गरेको ।

## ड्रागन फ्रुट फर्म,तुलसीपुर १८, विजौरी मैरवा, दाङ्ग

- ❖ पूर्व मन्त्री लोकेन्द्र बहादुर बिष्टले संचालन गरी रहनु भएको ड्रागन फ्रुट फार्म करिव ३ विघा ६ कठ्ठा क्षेत्रफलमा फैलिएको,
- ❖ फार्म सुरू भएको ४ वर्षमा करिब ७००० पिल्लरमा १५००० ड्रागन फ्रुटको बोट लगाएको,
- ❖ एक चोटि लगाएको फल २५ वर्ष सम्म फलिरहन्छ,
- ❖ तारबारको ब्यवस्थागरी फार्मलाई सुरक्षित गरिएको,
- ❖ ड्रागन फ्रुट सेतो रू. ७०० प्रति के.जी र रातो रू. ८०० प्रति के.जी मा बिक्रि गर्ने गरेको
- ❖ फार्ममा प्राङ्गारिक मलको प्रयोग भएको ।

## कृषि हरित स्वयं सेवक सुर्या जैविक कृषि केन्द्र प्रा.लि. तुलसीपुर १८ विजौरी दाङ्ग

- ❖ कृषि हरित स्वयं सेवक सुर्या जैविक कृषि केन्द्र प्रा.लि.का संचालक श्री रामचन्द्र खड्का रहेको र उक्त फार्म २०७४ मंसिर बाट शुरू गरिएको जानकारी प्राप्त भएको,
- ❖ १५०० बोट कागतीको रहेको,

- फार्ममा शुरूको लगानी ५०-५५ लाख लागेकोमा उक्त फार्मले ४ वर्षमा आफ्नो लागेको लगानी उठाएको,
- गत वर्ष कृषि ज्ञान केन्द्रबाट ६० हजार अनुदान रकम पाएको ।

## ग्रिन मल्टिप्रपोज एग्रिकल्चरल फर्म, तुलसीपुर, दाङ्ग

- नारायण पोखरेलद्धारा संचालित ग्रिन मल्टिप्रपोज एग्रिकल्चरल फर्म ३० विगाहा क्षेत्रफलमा फैलिएको,
- अविरल वर्षा र झरीले गर्दा यो वर्ष तरकारीमा धेरै नोक्सान भएको,
- तरकारीको बजारीकरणमा समस्या,
- उक्त फार्ममा टमाटर, खुर्सानी, भन्टा, लौका, काक्रा, बोडी, तरबुजो आदि लगाउने गरेको
- माटो परिक्षण प्रयोगशालाको व्यवस्था नभएकोले माटोको स्वास्थ्य परीक्षण गर्न नपाइएको
- भारतबाट आयात हुने तरकारीमा बिपादीको परीक्षण अत्यन्तै जरूरी देखिएको र भारतबाट आयात हुने तरकारीमा थप कर लगाउन आवश्यक रहेको ।

## कृषि सहकारी संस्था लि., सतबरिया, दाङ्ग

- ११ बिगाहामा संचालन गरेको र यो वर्ष त्यसलाई बढाएर २८ देखि २० बिगाहा सम्म थप गर्ने योजना रहको,
- सहकारी सुरू गर्दा रू. ८ लाख रकम लागेको,
- सहकारीमा ४२ जना शेयर सदस्य रहेको जानकारी प्राप्त भएको,
- उक्त सहकारीका लागि चाहिने बीउ चितवनको रामपुरबाट ल्याउने गरेको,
- बारीमा आएर व्यापारीहरूले मकैको बोटनै किन्ने गरेको,
- सहकारीले ३०,००० मे.टन क्षमता भएको भण्डारण गृह स्थापना गरेको,
- धानको समर्थन मूल्य भन्दा कम मूल्यमा बेच्नु परेको,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट विभिन्न प्रकारका कृषिमा प्रयोग हुने यन्त्र उपकरणमा अनुदान प्राप्त हुनुका साथै प्राविधिक सेवा समेत प्राप्त हुने गरेको ।

## कृषि ज्ञान केन्द्र, बाँके

- ❖ बाँके जिल्लामा मल, बीउ र भण्डारणको मूख्य समस्या रहेको,
- ❖ बाँके जिल्लामा पनि बजारीकरणको मुख्य समस्या रहेको,
- ❖ खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी लि.ले समर्थन मूल्यमा तोकेको धान खरिद गर्न सक्षम नभएकोले कम्पनीको क्षमता विस्तारका लागि कार्य हुनु पर्ने,
- ❖ किसानहरूले मोटो धान रू २३०० - २४०० प्रति क्विन्टल सम्म बिक्री गरेका,
- ❖ खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. को क्षमता बढाई प्रत्येक किसानहरू बाट उत्पादन भएको धान खरिदको व्यवस्था गर्नुपर्ने ।

## च्याउ उत्पादन व्लक विकास कार्यक्रम, जानकी गा.पा.3, बन्जारे गाँउ, बाँके

- ❖ फर्मको नाम जनता कृषक समूह रहेको र सो कार्यक्रम बाँके जिल्लाको जानकी गाँउपालिका ३, बन्जारे गाँउमा अवस्थित रहेको,
- ❖ च्याउ उत्पादन ब्लक विकास कार्यक्रम रहेको,
- ❖ कार्यक्रम अन्तर्गत १०,००० के.जी.बीउ बाट च्याउ उत्पादन संरचना निर्माण गरिएको,
- ❖ कार्यक्रमको मुख्य लक्ष्य व्यवसायिक रूपमा च्याउ खेती गर्ने र बिक्रि गर्ने रहेको,
- ❖ च्याउ उत्पादन अन्तर्गत कन्ये जातको च्याउ उत्पादन हुने गरेको,
- ❖ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनमा मार्फत रू २४ लाख र उपभोक्ताबाट रू २४ लाख गरी कुल रू.४८ लाखमा सम्पन्न भएको ।

## ६.कृषि क्षेत्रमा संचालित आयोजना तथा कार्यक्रमहरूको अनुगमन, सिन्धुली

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाः- वि.स.२०७३ मा सिन्धुली जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत जुनार कृषकहरूलाई कृषि प्रसारको माध्यमबाट जुनार खेतीको उन्नत खेती प्रविधि हस्तान्तरण गरी जुनारको उत्पादन र उत्पाकत्व बढाउन जुनार जोनको स्थापना भएको थियो। कार्यालयको क्षेत्राधिकार बृहद बनाइ यसलाई आ.व. २०७४/०७५ बाट जुनार सुपरजोनको रूपमा स्तरोन्नती गरियो। हाल सिन्धुली जिल्लाका ४ वटा स्थानीय तहहरूका ९ वडाहरूमा यस कार्यालयले आफ्ना कार्यक्रम/गतिविधिहरू संचालन गरी रहेको पाइयो।

आ.व. २०७७/०७८ मा संचालित कार्यक्रमहरू निम्न बमोजिम पाईयोः-

जुनार क्षेत्र विस्तार कार्यक्रमः- चिसापानी कृषक समुह, स्वच्छ हरियाली जुनार उत्पादक कृषि सहकारी लिमिटेड र जनजाग्रती जुनार उत्पादन कृषि सहकारी संस्था लि.ले कार्यक्रम गरेको थिए।

प्याकेजिङ्ग, लेबलिङ्ग तथा पोष्ट हार्भेष्ट क्षती न्यूनिकरण कार्यक्रमः- चिसापानी जुनार उत्पादन कृषि सहकारी संस्था लि. र ओ.भि.ओ.पि. जुनार कृषि वस्तु बिक्री केन्द्र गोलान्जर-५ सिन्धुलीले उक्त कार्यक्रम सम्पन्न गरेको थियो।

- आ. व. २०७७/०७८ मा साना सिंचाई, कृषि औजार उपकरण अनुदानमा वितरण (स्प्रेयर ट्याङ्की, सिकेचर, प्रुनिङ्ग स, प्लाष्टिक ऋेट, डिजिटल कांटा, डिगर मेसिन, सोलार ड्रेन्चर, मिनिटिलर) गरेको पाईयो।
- चक्लाबन्दी पकेटः अदुवा (२), जुनार (२), कागती (१), धान (१) सम्पन्न भएको पाइयो।
- कपिलकोट साना किसान कृषि सहकारी संस्था लि., भरिण गा.पा.-६ सिन्धुलीमा स्थानीय तहको लागत सहभागितामा बीउ श्रोत केन्द्र स्थापना गरेको जानकारी प्राप्त भयो।
- प्राविधिक शिक्षालयको सहकार्यमा ब्यावसायिक उत्पादन कार्यक्रम अन्तर्गत श्री जनज्योति मा.वि. फेस्रेटार, सिन्धुलीमा कृषि प्राविधिक विषयका विद्यार्थीहरूमा व्यावहारिक ज्ञान, सीप अभिवृद्धि भै सिक्दै कमाउदै गरेको जानकारी प्राप्त भयो।
- कार्यान्वयन एकाईको विशेष पहलमा जुनारको औंसा कीरा व्यवस्थापनका लागि क्षेत्रगत किरा नियन्त्रण कार्यक्रम संचालन भएको र सो कार्यको अन्य छिमेकी जिल्लाहरूमा समेत अनुसरण भैरहेको पाइयो। यस कार्यक्रमबाट जुनारको औंसा कीरा व्यवस्थापन भएको जानकारी प्राप्त भयो।
- जुनारको बजारीकरणमा ब्लक चेन पद्धति/क्यू आरकोडको प्रयोग भै उत्पादनको पहिचान सहित बजारीकरणमा सहजीकरण भएको।

**समस्या**

- उपलब्ध प्रविधि अनुसरणमा समस्या भएको,
- रोग किरा व्यवस्थापनमा नीतिगत स्पष्टता नहुनु,
- जुनार बगैंचा व्यवस्थापन सबै कृषकहरूले नअपनाउनु,
- नर्सरीबाट उत्पादित फलफूल बिरूवाको मूल्य निर्धारण बारे कृषकहरूमा अन्यौलता रहेको,
- अनुदान र साझेदारीतामा समस्या भएको,
- कार्यक्रम संचालनमा प्रक्रिया चुनौति रहेको ।

## कन्दमूल तरकारी विकास केन्द्र

वि.स. २०३१ साल भाद्र १ गते कृषि फार्मको रूपमा स्थापना भएको यस केन्द्रको आ.व.२०६०/०६१ देखि कन्दमूल बालीहरूको प्रवर्द्धन गर्ने उद्देश्यका साथ कन्दमूल तरकारी विकास केन्द्रको नामाकरण भएको हो। यस केन्द्र कमलामाई न.पा. वडा नं.४ मधुटारमा ६.६५ हेक्टर क्षेत्रमा फैलिएको छ र समुद्र सतहबाट ४५० मि उचाईमा अवस्थित छ। कन्दमूल तरकारी संकलन, संरक्षण तथा सम्वर्द्धन गर्नुको साथै उच्च गुणस्तरका फलफूलका बिरूवा तरकारी बीउ तथा बेर्नाहरू उत्पादन गरी बिक्री वितरण गर्ने कार्य यस केन्द्रले गर्दै आएको छ। आ.व. २०७५/०७६ देखि यस केन्द्र वागमति प्रदेश, भूमि ब्यवस्था,कृषि तथा सहकारी मन्त्रालय मातहत रहने गरी परिवर्तन गरिएको हो।

## कृषि ज्ञान केन्द्र, सिन्धुली

कृषि प्रविधिहरूको प्रचार प्रसार गर्ने उद्देश्यले जिल्ला स्तरीय प्रमुख निकायको रूपमा जिल्ला कृषि विकास कार्यालयको स्थापना वि.सं. २०२४ सालमा भएको थियो। सिन्धुली माढीमा अवस्थित साविकको जिल्ला कृषि विकास कार्यालयमा आ.व.२०७५/०७६ देखि वागमती प्रदेश, भूमि ब्यवस्था,कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय अन्तर्गत रहने गरी कृषि ज्ञान केन्द्र स्थापना भएको हो। यस केन्द्रको सिन्धुली जिल्लाका सबै स्थानीय तहहरू सँगको समन्वयमा प्राविधिन सेवा प्रदान गर्ने जिम्मेवारी रहेको छ।

## संचालित क्रियाकलापहरू

- समूह/सहकारी नीजि क्षेत्रको ५०% साझेदारीमा साना मेसिनरी औजार वितरण (कृषि खेतीको साथै सिंचाई प्रयोजन),

- उच्च प्रविधियुक्त संरक्षित संरचनामा तरकारी खेती,
- सामूहिक खेती प्रवर्द्धन कार्यक्रम संचालन सेवा टेवा (नमूना कृषि सहकारी संस्था लि.दुधौली-२ सिन्धुली,
- स्थानीय तहका प्रविधिकहरूसँग सिजनल योजना तर्जुमा गोष्ठी,
- स्थानीय तहका प्रमुखहरूसंग बैठक,
- कृषि सामाग्री आपूर्ति बैठक,
- आकस्मिक बाली संरक्षण कार्यक्रम,
- माटो प्रयोगशाला संचालन तथा परीक्षण,
- प्राङ्गारिक पकेट विशेष कार्यक्रम,
- साना सिँचाई कार्यक्रम,

## कमलामाई न.पा.- कृषि शाखा

करिब २ करोड रूपैयाँ बराबरको कृषि कार्यक्रम संचालन गरेको कमलामाई न.पा.काले तपसिल बमोजिमको कार्यक्रम संचालन गरेको पाईयो।

- बीउ वितरण -समूह सहकारी फार्म कम्पनी
- प्लाष्टिक टनेल
- सहुलियतपूर्ण कर्जा
- स्थाई नर्सरी निर्माण
- साना सिँचाइ कार्यक्रम

## समस्या एवं चुनौतीहरू

- संघबाट शर्शत अनुदानमा कार्यक्रम प्राप्त हुने तर कार्यविधि समयमा प्राप्त नहुनु,
- कृषि प्राविधिकहरूको क्षमता अभिवृद्धिको लागि तालिम प्राप्त नहुनु,
- न.पा.मा बढी उत्पादन भएको तरकारी संकलन र भण्डारणका लागि कोल्ड स्टोरको व्यवस्था नहुनु,

- ❖ बजारीकरण-पुरानो ब्यापारीको नियन्त्रणमा कृषि बजार रहेको छ। उक्त बजार स्थानीय तहको संचालन गरेमा राम्रो हुने।

भ्रमण क्रममा जुनार विकास संघ, सिन्धुली जुनार नर्सरी, जुनार कोल्ड स्टोरेज बहुउद्देश्यीय कृषि सहकारी संस्था,सुनकोसी नमूना कृषि सहकारी दुधौली-२ का गतिविधिहरू अवलोकन साथै त्यहाँका समस्याहरू बारे जानकारी प्राप्त भयो जुन निम्न बमोजिम रहेका छन्;-

**समस्याहरू:**

- ❖ जुनारको बजार मूल्य स्थिर नहुनु,
- ❖ बजार ठूला व्यापारीबाट नियन्त्रित हुनु,
- ❖ जुनारमा सिट्रस ग्रिनिङ्ग रोग देखा पर्न थालेको,
- ❖ जुनार शीत भण्डार व्यवस्थापनको कमजोरीले हाल संचालनमा नआएको,
- ❖ उत्पादन सामाग्री (मल, बीउ) समयमा उपलब्ध नहुनु,
- ❖ प्राविधिक सेवा प्राप्त नहुनु ।

## ७. लमजुङ्ग जिल्लामा रहेका कृषि विकास परियोजना तथा कार्यक्रमको अनुगमन

कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत विभिन्न परियोजना मध्ये प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,अलैंची जोन, मौरी जोन-लमजुङ्ग,गण्डकी प्रदेश-कृषि ज्ञान केन्द्र र गैरसरकारी संस्था मध्ये ग्रामीण सामुदायिक विकास केन्द्र नेपाल; लमजुङ्गसँग छलफल अन्तरक्रिया गरियो। छलफल पश्चात् प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लमजुङ्गका; प्रमुख, कृषि ज्ञान केन्द्; प्रमुख, अलैची जोन संचालक समितिका अध्यक्ष; मौरी जोन संचालक समितिका अध्यक्ष; ग्रामीण सामुदायिक विकास केन्द्र नेपालका कार्यक्रम संचालक साथै प्राविधिक अधिकृत टोलीबाट फिल्ड अनुगमन भयो। फिल्ड अनुगमनका क्रममा अलैची,मौरी साथै तरकारी खेती अवलम्वन गरेका किसानहरूसँग भेटेर छलफल गरियो। धेरैजसो कृषकहरूको एउटै किसिमको तरिकाले किसान आफैले खेती गरेको पाइयो। अधिकांश किसानको जीविकोपार्जनको रूपमा रहेको कृषि पेशामा कतिपय किसानहरूले टनेलमा खेती गरी आफ्नो जीविकोपार्जनलाई

सहज पार्दै आएका छन्। किसानहरूले उत्पादनमा विभिन्न किसिमका समस्याहरू बेहोर्दै आउनुपरेको छ।

**फिल्ड अनुगमनका क्रममा किसानहरूले प्रस्तुत गरेका समस्याहरू**

- कृषिजन्य बाली बस्तुको बजारीकरणमा समस्या भएको,
- सिँचाइको अभाव भएको,
- आधुनिक औजार तथा उपकरणको अभाव रहेको अभाव भएको देखियो,
- ऋण र बीमामा पहुचको कमी भएकोले समयमा ऋण नपाएको,
- मूल्य निर्धारण तथा भण्डारण अभाव भएको,
- किसानहरूलाई आवश्यक प्राविधिक ज्ञानको कमी रहेको, जसमा मौरी संरक्षणका लागि प्रयोग हुने घार बनाउने र फूल,तोरी लगाउने ज्ञान नभएको,
- किसानहरूले उचित मूल्य नपाएको,
- जमिनको छनोट र पकेट,जोन र सुपरजोन क्षेत्रको पहिचान समयमै नभएको,
- मल खाद बीउ बिजन तथा विषादीको समयमै उपलव्ध नहुनु,
- अलैची उत्पादन भईसके पछी संकलन गर्नको लागि संकलन केन्द्र नभएको,
- सूचना समयमै किसान सम्म नपुगेको,
- रोग लाग्ने समस्या देखिएको,
- रैथाने अलैची बीउ बिजनको लोप हुदै गएको,
- नीति/नियम बनाउदा किसानलाई सहज हुने गरी बनाउने र नीतिमा सुधार ल्याउनु पर्ने,
- मौसम अनुसारको वाली लगाउने ज्ञान नभएको,
- न.पा र वडा सम्म किसानको पहुँच नभएको हुदा समयमै किसानले विउ पाउन नसकेको देखियो,
- मैरीको घार बनाउने मेसिन अनुदान दिइनुपर्ने,
- अलैंचीको न्यूनतम समर्थन मूल्य तोकी सोही अनुसार किसानका उत्पादनहरूको बजार

सुनिश्चित गरिनुपर्ने,

- तरकारीको उत्पादन वृद्धिका लागि गुणस्तरीय बीउको उपलब्धता र पहुँच वृद्धि गरिनुपर्ने,
- कृषि उत्पादनका लागि प्राविधिक सहयोग वृद्धि गरी कृषकले चाहेका वेलामा कृषि प्राविधिकहरूको पहुँचमा वृद्धि गर्नुपर्ने,
- सम्भाव्यता हेरि कुलो, नहर, पानी तान्ने पम्प आदिको व्यवस्था गर्नुपर्ने,
- किसानबाट उत्पादन गरेको घार ,मह,अलैंची र तरकारीको उचित र समयमै मूल्य निर्धारण गर्ने,
- समय-समयमा मौरी,अलैंची र तरकारी खेती सम्बन्धी तालिम गराउने पर्ने,
- नीति बनाउदा किसानलाई सहज हुने गरी बनाउने,
- स्थानीय सरकारद्धारा उचित मूल्यको निर्धारण गराउनु पर्ने,
- न.पा र गा.पा मा लाग्ने कर छुट हुनु पर्ने र भन्सार कर घटाउनु पर्ने,
- किसानहरूलाई सहुलियत ब्याजमा ऋण उपलब्ध गराउनु पर्ने ।

**समाधानका उपायहरूका बारेमा किसानहरूलाई दिएका सुझावहरू**

- मौरीको मह बढी वृद्धि गर्नको लागि फूल,तोरी र अन्य बाली लगाउने जसले गर्दा मौरी एक ठाँउ बाट अर्को ठाँउमा जानु नपरोस,
- बालीलाई रोगबाट बचाउन जैविक विषादीको प्रयोग गर्ने,
- घरबाट निस्किएको फोहोरलाई कम्पोष्ट मल बनाइ खेतीमा प्रयोग गर्ने,
- कृषि उपजको ब्राण्डिङ्ग गरी बजारमा पठाउने ।

# अनुसूची ५

## वर्षा, बाढी र डुबान पीडित किसानलाई प्रदान गरिने राहत प्याकेज सम्बन्धमा

कार्तिकको पहिलो साता देशका विभिन्न जिल्लाहरूमा परेको अविरल बर्षा, बाढी र डुबानका कारण ठुलोमात्रामा धनजनको क्षति भएको छ । बाढी, वर्षा र डुबानले किसानको उत्पादन, उत्पादन फार्महरू र हजारौं हेक्टर खेतीयोग्य जमिन र वाली नष्ट भएको छ। धानबाली मुलुकको एक प्रमुख खाद्यवाली हो। यसले मुलुकको कुल गार्हस्थ्य उत्पादनमा महत्वपूर्ण योगदान गर्दै आएको छ। यसवर्ष समयमै मनसुन भएका कारण धान उत्पादन बढ्ने अपेक्षा गरिएको थियो। अपेक्षित हिसाबले उत्पादन पनि भएको हो। तर बाढी, वर्षा र डुबानले भित्र्याउन लागेको धान ठुलो परिमाणमा खेतमै नष्ट भएको छ। यसबाट मुलुकभरका किसानले ज्यादै ठुलो क्षति व्यहोर्नु परेको छ। धान थन्काउने वेलाको वेमौसमी वर्षाले खेतमा काटेर राखेको धान वा काट्ने अवस्थामा रहेको धानमा ठुलो नोक्सानी भएको छ। वर्षभरी खान र घर व्यवहार धान्ने अन्नको रूपमा रहेको धान खेतमै सड्ने अवस्था आएकाले किसानहरू ज्यादै चिन्तित छन्। धान थन्काउने समयमा अप्रत्याशित रूपमा भएको अविरल बर्षा, बाढी र डुबानले किसान सहित मुलुकको अर्थतन्त्रले नै भारी मात्रामा क्षति व्यहोर्नु परेको छ। मुलुकको प्रमुख खाद्यवालीको रूपमा रहेको धानमा भएको यस प्रकारको क्षतिले खाद्य सुरक्षामा समेत आँच आउन सक्ने स्थिति नरहला भन्न सकिन्न ।

राष्ट्रिय किसान आयोग वर्षा, बाढी र डुबानबाट प्रभावित किसानको उद्धार र राहत कार्यलाई यथाशीघ्र प्रभावकारी ढंगले सम्पन्न गर्न नेपाल सरकारलाई हार्दिक अनुरोध र अपिल गर्दै निम्न राहत प्याकेजको प्रस्ताव अगाडि सारेको व्यहोरा अनुरोध गर्दछ ।

### १. राहत, उद्धार र पुर्नस्थापना

वर्षा, बाढी र डुबानबाट प्रभावित कृषकहरूलाई खाद्यान्न वितरण, दैनिक घर ब्यवहार खर्च, घर टहरा निर्माण, घर खेत बगाएका किसानलाई अस्थायी बसोवासको ब्यवस्था समेत गरी पीडित किसानहरूलाई उद्धार, राहत र पुनस्र्थापना गरिनु पर्दछ ।

## २. राहतको प्याकेज प्रस्ताव

१. क्षतिपूर्ति

वर्षा, बाढी र डुबानबाट प्रभावित कृषकको नष्ट भएको धान र अन्य कृषि बाली तथा पशुपंक्षी धन क्षतिको आधारमा उपयुक्त र न्यायोचित क्षतिपूर्तिको व्यवस्था गरिनु पर्दछ ।

२. कर्जा मिनाहा

वर्षा बाढी र डुबानबाट प्रभावित कृषकलाई राहत स्वरूप उनीहरूले बैंकबाट लिएको ऋणमा साना किसानको सम्पूर्ण कर्जा मिनाहा र ठुला किसानको ब्याज मिनाहा एवं किस्ता तिर्नु पर्ने अवधिलाई लम्ब्याउन व्यवस्था गरिनु पर्दछ ।

३. सहुलियत दरको कृषि कर्जाको उपलब्धता

वर्षा, बाढी र डुबानबाट प्रभावित कृषकलाई सहुलियत दरको कृषि कर्जा उपलब्ध गराईनु पर्दछ । साना किसानलाई निर्ब्याजी वा बढीमा १-२ प्रतिशत ब्याजमा ऋण उपलब्ध गराउने । मध्यम तथा ठुला किसानलाई पनि सोही व्याजदरमा कृषिकर्जा उपलब्ध गराइनु पर्दछ ।

४. उत्पादन सामाग्रीहरूको उपलब्धता

क) वर्षा, बाढी र डुबानबाट प्रभावित कृषकहरूलाई आगामी अवधिमा लगाइने बालीहरूको लागि आवश्यक पर्ने मल र बीउ निःशुल्क उपलब्ध गराइनु पर्दछ ।

ख) कृषिजन्य उत्पादनमा प्रयोग हुने र सिचाईमा प्रयोग हुने विद्युत महसुल छुट गरिनु पर्दछ ।

ग) अब उप्रान्त लगाईने सम्पूर्ण कृषि बालीहरूको बीमाको ब्यवस्था अनिवार्य रूपले प्रभावकारी ढंगले लागू गरिनु पर्दछ ।

घ) कृषि सूचना प्रणालीमा कृषकहरूलाई आवद्ध गरी कृषिसँग सम्बन्धी सम्पूर्ण सूचना तत्काल प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्दछ। मौसम पूर्वअनुमानलाई अझ बढी प्रभावकारी र भरपर्दो बनाई किसानले विश्वास गर्ने अवस्था सिर्जना गरिनु पर्दछ । यसरी अगामी दिनमा कृषि बालीको थप क्षति हुनवाट रोक्न सकिन्छ ।

५. उत्पादनमा आधारित अनुदान प्रणालीलाई कार्यान्वयनमा ल्याईनु पर्दछ ।

उत्पादनमा आधारित अनुदान प्रणालीलाई आगामि दिनमा प्रभावकारी रूपले कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन जरूरी छ ।

६. हालै आएको अविरल वर्षाबाट कृषि क्षेत्रमा क्षतिको यकिनको लागि तथ्याङ्क संकलन गर्ने कार्य सरोकारवाला निकाय बाट यथा सिघ्र गरिनु पर्दछ ।

७. नेपाल सरकाले घोषणा गरेको धानको समर्थन मूल्यको प्रभावकारी कार्यन्वयन

धानको घोषित समर्थन मूल्यको प्रभावकारी कार्यन्यवनका लागि निम्न बमोजिमका कार्यहरू अबिलम्ब गरिनु पर्दछः

क) धान बाली मुलुकको एक प्रमुख खाद्यान्न बाली हो। यसले कुल गार्हस्थ उत्पादनमा महत्वपूर्ण योगदान गर्दछ। धान उत्पादक किसानलाई प्रोत्साहन गर्ने हेतुले यो वर्षका लागि नेपाल सरकारले धानको समर्थन मूल्यको समेत घोषणा गरिसकेको छ। घोषितमूल्य अनुसार मोटा धान प्रति क्वीन्टल रू २७५२ र मध्यम धानको प्रति क्वीन्टल रू २९०२ रहेको छ ।

ख) विगत वर्षहरूमा पनि राज्यले समर्थन मूल्यको घोषणा गर्ने तर त्यसको प्रभावकारी कार्यान्वयन नभएको अवस्था पुनः यस वर्ष पनि पुनरावृति त हुने हैन भन्ने चिन्ता आम किसानमा देखिएको छ। त्यसैले घोषणा गरिएको समर्थन मूल्यमा अविलम्ब धान खरिदको प्रक्रिया आरम्भ गरी समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन गर्न गराउन जरूरी छ। यसका लागि मजबुत संयन्त्र बनाइ कार्यान्वयन गर्ने ।

ग) चालु आर्थिक वर्षका लागि आवश्यक पर्ने खाद्यान्नको समयमै चाँजोपाँजो मिलाई खाद्यसुरक्षा कायम गर्न ध्यान दिन जरूरी छ। यसका लागि राष्ट्रिय खाद्य सुरक्षा भण्डारण र सार्क खाद्य बैंकलाई पनि कार्यान्वयनमा लान जरूरी छ ।

घ) नेपाल भारत खुल्ला सिमानामा हुने गरेको कृषिजन्य उत्पादनको अवैधानिक आयात, न्यून विजिकीकरण र चोरी निकासीलाई कडाइका साथ नियन्त्रण गरी स्थानीय बजारको संरक्षण गरिनु पर्दछ ।यसरी धानको समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन गर्न गराउन समेत सकिन्छ ।

८. आपत विपदको बेला राहत कहीँ पुग्दै नपुग्ने र कही पटक पटक पुग्ने कुन कुन संघ संस्थाहरू के कसरी सहयोग गरे त्यसको विवरण राखि एकद्धार प्रणाली अनुरूप जिल्ला दैवी प्रकोप उद्धार समिति मार्फत गरिनु पर्ने।

९. बाढी पहिरो र डुबान वाट क्षती पुगेका सडक सञ्चार खानेपानी विद्युत समेत अति आवश्यक सेवा अविलम्ब सुचारू गर्ने ।

१०. जमिनको व्यवस्थापनःवर्षा, बाढी र डुबानबाट प्रभावित कृषकहरूको जमिन उकास, निकास र विकास गरी खेतीयोग्य जमिनको रूपमा विकास गर्ने ।

११. निकट भविष्यमा वेलायतको ग्लास्कोमा हुन लागेको जलवायु सम्मेलन कोप-६ मा नेपालले जलवायू परिवर्तनको विषयलाई प्रमुखताका साथ उठाउने ।

# अनुसूची-६
# आयोगबाट जारी गरिएका प्रेस विज्ञप्तीहरू

नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

कीर्तिपुर, काठमाडौं

प.सं.: २०७८/०७९

च.नं.:

मिति: २०७८/०५/०८

## प्रेस विज्ञप्ती

कोरोना भाइरस (कोभिड-१९) महामारीको चपेटामा परि कृषकका आफ्ना कृषि तथा पशुजन्य उत्पादन विक्री वितरणमा असहजता भई ठूलो मात्रामा घाटा व्यहोर्नु परेको यर्थात एकातिर छ भने अर्कोतिर नेपालको प्रमुख औद्योगिक तथा नगदे बालीको रूपमा रहेको उखु उत्पादन गर्ने कृषकहरूले उखु विक्री गरे वापत चिनी उद्योगहरुबाट प्राप्त गर्नुपर्ने सम्पूर्ण रकम समयमै भुक्तानी नपाएको कृषकका गुनासोप्रति राष्ट्रिय किसान आयोगको ध्यानाकर्षण भएको छ । उखु उत्पादक र चिनी मिलका व्यवस्थापन बीच भएको सम्झौता अनुसार कृषकले पाउनु पर्ने बक्यौता रकम अविलम्व भुक्तानी गर्ने गराउने वातावरण मिलाउन नेपाल सरकार समक्ष राष्ट्रिय किसान आयोग हार्दिक अनुरोध गर्दछ ।

डा. प्रेम प्रसाद दंगाल

अध्यक्ष

राष्ट्रिय किसान आयोग

समृद्ध नेपालको शान: अधिकार सम्पन्न किसान"

फोन नं : ०१-५५०६१८२, ५५०६१७६,५५०६१८० ईमेल : nfcnepal2017@gmail.com वेब साइट: www.nfc.gov.np

नेपाल सरकार
राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौं

प.सं.: २०७८/०७९ मितिः २०७८/०५/०९

च.नं.:

# प्रेस विज्ञप्ती

यस बर्षको धान रोपाई कार्य सम्पन्न भैसकेको र हाल बर्षे धानमा थप रासायनिक मलखाँद (यूरिया) टपड्रेस गर्ने बेला सम्म पनि कृषकहरुले रासायनिक मल नपाएको गुनासोप्रति राष्ट्रिय किसान आयोगको ध्यानाकर्षण भएको छ । हाल आएर धान लगायत अन्य बालीहरुमा रासायनिक मलको माग अत्यधिक बढेको तर सहज रुपमा आपूर्ति हुन नसकेको देखिएको हुँदा अविलम्व मलको सहज रुपमा उपलब्धतता हुने वातावरण मिलाउन नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्य सम्बन्धित निकायहरु समक्ष राष्ट्रिय किसान आयोग हार्दिक अनुरोध गर्दछ ।

डा. प्रेम प्रसाद दंगाल
अध्यक्ष
राष्ट्रिय किसान आयोग

समृद्ध नेपालको शानः अधिकार सम्पन्न किसान"

फोन नं : ०१-५९०६१८२, ५९०६१७६,५९०६१८० ईमेल : nfcnepal2017@gmail.com वेब साइटः www.nfc.gov.np

नेपाल सरकार
राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौं

पत्रसंख्याः २०७८/७९ मितिः२०७८ /०५ /२१
च.नं.:

# प्रेस विज्ञप्ती

विगत केहि दिन यता परेको अबिरल बर्षाका कारण काठमाण्डौ उपत्यका लगाएत विभिन्न जिल्लाहरुमा बाढी, पहिरो र डुवानले किसानका उत्पादन, उत्पादन फार्महरु तथा हजारौं हेक्टर खेति योग्य जमिन र कृषि वालीमा समेत क्षति पुगेको छ। प्राकृतिक प्रकोपका यस घटनाले मुलुकको राष्ट्रिय अर्थतन्त्रमा समेत ठुलो नोक्सानी पुगेको छ । मुख्य रुपमा तरकारी वाली, माछापालन, घर-गोठ र तरकारी बजारहरुमा बढी क्षति भएको छ ।

बर्षाको यस संवेदनशील घडीमा बाढी, पहिरो र डुवानबाट भएको क्षतिको यथार्थ विवरण संकलन गरी बाढी प्रभावित किसानहरुको र आम नागरिकहरुको जिउ ज्यानको सुरक्षा, उद्धार तथा राहतको कार्यलाई यथाशिघ्र र प्रभावकारी तरीकाले सम्पन्न गर्न राष्ट्रिय किसान आयोग माग गर्दछ। कृषकहरूलाई राहत कार्यक्रम, कृषि व्यवसायको पुनर्स्थापना र कृषकलाई प्रोत्साहनका विशेष कार्यक्रम घोषणा गर्न राष्ट्रिय किसान आयोग नेपाल सरकार र सम्बन्धित सबै सरोकारवाला निकायहरु संग हार्दिक अपिल गर्दछ।

डा. प्रेम प्रसाद दंगाल
अध्यक्ष
राष्ट्रिय किसान आयोग

समृद्ध नेपालको शान: अधिकार सम्पन्न किसान"
फोन नं : ०१-५९०६१८२, ५९०६१७६, ५९०६१८० ईमेल : nfcnepal2017@gmail.com वेब साइट: www.nfc.gov.np

नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

कीर्तिपुर, काठमाडौं, नेपाल।

०१-५९०६१७६
०१-५९०६१७८
०१-५९०६१८०
०१-५९०६१८२
०१-५९०६१८६

पत्र संख्याः २०७८/७९
चलनी नं.:

मितिः ०७८/७/२ गते

## प्रेश विज्ञप्ती

विगत केही दिनयता देशका विभिन्न जिल्लाहरुमा परेको अविरल बर्षा, बाढी र डुवानका कारण ठुलोमात्रामा धनजनको क्षति भएको छ। बाढी, वर्षा र डुवानले किसानको उत्पादन, उत्पादन फार्महरु र हजारौ हेक्टर खेतियोग्य जमीन र वाली नष्ट भएको छ।

धानबाली मुलुकको एक प्रमुख खाद्यवाली हो। यसले मुलुकको कुल गार्हस्थ्य उत्पादनमा महत्वपूर्ण योगदान गर्दै आएको छ। यसवर्ष समयमै मनसुन भएका कारण धान उत्पादन बढ्ने अपेक्षा गरिएको थियो। अपेक्षित हिसावले उत्पादन पनि भएको हो।

तर बाढी, वर्षा र डुवानले भित्र्याउन लागेको धान ठुलो पैमानामा खेतमै नष्ट भएको छ। यसबाट मुलुकभरका किसानले ज्यादै ठुलो क्षति व्यहोर्नु परेको छ। धान थन्काउने वेलाको वेमौसमी वर्षाले खेतमा काटेर राखेको धान वा काट्ने अवस्थामा रहेको धानमा ठुलो नोक्सानी भएको छ। वर्षभरी खान र घर व्यवहार धान्ने अन्नको रुपमा रहेको धान खेतमै सड्ने अवस्था आएकाले किसानहरु ज्यादै चिन्तित छन्। धान थन्काउन समयमा अप्रत्याशित रुपमा भएको अविरल बर्षा, बाढी र डुवानले किसानसमेत मुलुकको अर्थतन्त्रले नै भारी मात्रामा क्षति व्यहोर्नु परेको छ। मुलुकको प्रमुख खाद्यवालीको रुपमा रहेको धानमा भएको यस प्रकारको क्षतिले खाद्य सुरक्षामा समेत आँच आउन सक्ने स्थिति नरहला भन्न सकिन्न।

राष्ट्रिय किसान आयोग वर्षा, बाढी र डुवानबाट प्रभावित जनसमुदायको उद्धार र राहत कार्यलाई यथाशिघ्र प्रभावकारी ढंगले सम्पन्न गर्न नेपाल सरकारसमक्ष हार्दिक अपील गर्दछ।

वर्षा, बाढी र डुवानबाट उत्पन्न यो विषम परिस्थितिबाट धानमा भएको क्षतिको यथार्थ विवरण संकलन गरी किसानलाई राहत, क्षतिपूर्ति र पुनर्स्थापनासमेतका अल्पकालीन र दीर्घकालीन प्याकेज कार्यक्रम अविलम्ब घोषणा गर्न नेपाल सरकारसमक्ष हार्दिक अपील गर्दछ। त्यसैगरी धान उत्पादन गर्ने किसानमाथि परेको यो विपत्तिमा सहयोग गर्न सम्पूर्ण सरोकारवाला निकायहरु समक्ष राष्ट्रिय किसान आयोग हार्दिक अपील गर्दछ।

डा. प्रेम प्रसाद दंगाल
अध्यक्ष

नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

कीर्तिपुर, काठमाडौं, नेपाल ।

पत्र संख्या:
चलनी नं.:

मिति :२०७९/०२/१२

## प्रेस विज्ञप्ती

नेपालमा धान एक प्रमुख वाली हो । हाल १४, ७३, ४७४ हेक्टर क्षेत्रफलबाट ५६ लाख २१ हजार ७ सय १० मे. ट. धान उत्पादन भएको देखिन्छ । धानको क्षेत्रफल उत्पादन र उत्पादकत्व वढाउन नेपाल सरकारले विभिन्न कार्यक्रमहरु संचालन गरी किसानहरुलाई सहयोग पुऱ्याउदै आएको भएतापनि खाद्यान्न आयातमा वृद्धि भई रहेको पाइन्छ ।

हाल नेपाली किसानहरु धान खेती लगाउने तयारीमा छन् । धान लगायत मकै खेतीको उत्पादन र उत्पादकत्व वढाउन रासायनिक मल प्रयोग गर्ने आवश्यकता छ । देशको विभिन्न स्थानहरुवाट रासायनिक मलको अभाव भएको जनगुनासो आइरहेको सन्दर्भमा राष्ट्रिय किसान आयोगको गम्भिर ध्यानाकर्षण भएको छ । कृषकहरुले खेती सुरु गर्ने समयमा धान एवं मकै वालीमा आवश्यक पर्ने रासायनिक मलको प्रयोग गर्न नपाएमा उक्त वालीहरुको उत्पादन र उत्पादकत्व स्वत: घट्ने हुँदा किसानहरुको माँग वमोजिम यथासिध्र रासायनिक मल उपलब्ध गराउन राष्ट्रिय किसान आयोग नेपाल सरकार र विभिन्न सरोकारवाला निकायहरु समक्ष हार्दिक अपिल गर्दछ ।

जिवन्ती पौडेल
प्रवक्ता/सदस्य
राष्ट्रिय किसान आयोग

नेपाल सरकार
# राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौं, नेपाल ।

पत्र संख्या:
चलनी नं.:

मिति : २०७९/०३/२९

## प्रेस विज्ञप्ती

काठमाडौं जिल्ला दक्षिणकाली नगरपालिका मूख्यगरी ८ र ९ वडा नास्पाती उत्पादनको लागि उर्बर भूमिको रूपमा चिनिन्छ। जहाँ नास्पातीको उच्च उत्पादन हुने गरेको थियो। यस वर्ष नास्पातीका बोटहरुमा दाना लाग्दै नलाग्ने वा कुनै कुनै बोटको आधा भागमा मात्रै पातलो दाना लाग्ने समस्या देखिएकोले त्यस क्षेत्रका नास्पाती उत्पादक किसानहरू थप मर्कामा परेका छन् । त्यहाँका किसानहरूको जीविकोपार्जनको मुख्य श्रोत तथा बाल बच्चाको पढाई लेखाइ स्वास्थ्योपचार लगायत घरखर्च चलाउने साथै चाडपर्व मनाउनका लागि आय आर्जनको प्रमुख बाली नास्पातीका बोटहरूमा दाना नै नलागेको समस्या पहिलो पटक भोगेका किसानहरूमा निराशा छाएको छ । यस सम्वन्धी नास्पाती उत्पादक किसानहरूको गुनासो पटक पटक राष्ट्रिय किसान आयोगमा आए पछि मिति २०७९/०३/२४ गते राष्ट्रिय किसान आयोगको नेतृत्वमा प्राविधिक सहितको टोलिबाट स्थलगत भ्रमण गरियो । स्थलगत भ्रमणका क्रममा किसानबाट व्यक्त भएका समस्याहरू सहजै महसुस गर्न सकियो।

मुलुकको अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रलाइ मूख्य आकर्षणको क्षेत्र बनाउनु राज्यको प्रमुख दायित्व भएकोले नास्पाती उत्पादक किसानहरूका समस्या पहिचान र समाधानका लागि सरोकारवाला निकायहरूबाट प्राथमिकताका साथ थप अनुसन्धान गर्न/गराउन ध्यानआकर्षण गराउँदै यो विज्ञप्ती जारी गरिएको छ।

जीवन्ती पौडेल
प्रवक्ता एंव सदस्य
राष्ट्रिय किसान आयोग

# पत्रपत्रिकामा राष्ट्रिय किसान आयोग



chakrapath.com चक्रपथ

आवरण भिडियो ग्यालरी नयाँ सूचना खोज्नुहोस्

राजनीति प्रशासन समाज अपराध बिचार अन्तरवार्ता अर्थ विश्व खेल कला/साहित्य सम्पादकीय सूचना

Madan Bhandari Memorial

## किसानको ऋण मिनाहा गरी तत्काल क्षतिपूर्तिसहित मल र बिउ सित्तैमा दिनुपर्छ

अन्तरवार्ता

सरकारले किसानले लिएको बैंक कर्जाको म्याद थप्नुपर्दछ ।
ऋणको ब्याज मिनाहा गर्दै किस्ता सार्न पहल गरिदिनुपर्छ ।
कम्तीमा अर्को बाली भित्र्याएपछि किस्ता तिर्ने व्यवस्था



## किसान र राष्ट्रको हितमा कृषि नीति हुनुपर्छ : कृषि विज्ञ

हलोखबर २०७८ भदौ १५ गते प्रकाशित



## समयमा मल–बीउ नपाउनुका साथै बजारीकरण र भण्डारण किसानको प्रमुख समस्या : संघ/संगठनका प्रतिनिधि

हलोखबर २०७८ भदौ २० गते प्रकाशित

552 SHARES



ताजा समाचार



## सुपारी उत्पादकका समस्याबारे अध्ययन

January 12, 2022


#StaySafe
निर्माण तथा होस्टिंगको लागि सम्झनुहोस
Coffee Coders
we code, we create


Share Share Tweet

किसान आयोगले झापाका सुपारी किसान र उद्यमीका समस्याबारे अध्ययन गर्न थालेको छ ।



## 'राष्ट्रिय किसान आयोग ऐन'को मस्यौदामाथि विभिन्न दलका किसान संगठनका पदाधिकारीको सुझाव

हलोखबर २०७८ पौष २९ गते प्रकाशित

417 SHARES


Combined Rice Mill
Solar Water Pump
एस.के.टी. नेपाल प्रा. लि.
SKT Nepal Pvt. Ltd.


ताजा समाचार सबै

बोयर जातको बोकाको माग उच्च

# किसानका विभिन्न संगठनहरुलाई एउटै संगठनमा जोड्न किसान आयोगलाई कृषिमन्त्री यादवको निर्देशन

राष्ट्रिय किसान आयोगले मनायो ५ औं वार्षिक उत्सव

हलोखबर ⊙ २०७८ माघ ६ गते प्रकाशित

273 SHARES

# अविरल वर्षाले पुऱ्याएको क्षतिको तत्काल सत्य/तथ्य तथ्याङ्क अद्यावधिक गरी कृषकलाई राहत प्याकेज प्रदान गर्ने निर्णय

हलोखबर ⊙ २०७८ माघ १९ गते प्रकाशित

297 SHARES




Combined Rice Mill
Solar Water Pump
एस.के.टी. नेपाल प्रा. लि.
SKT Nepal Pvt. Ltd.


ताजा समाचार

बोयर जातको बोकाको माग उ

किसानलाई दसैं अफर : सलो


...विश्वसनीय समाचारका लागि
समयचक्र
samayachakra.com



SHINE RESUNGA DEVELOPMENT BANK LTD.


गृहपृष्ठ बिशेष राजनीति पर्यटन बिचार विविधा प्रबिधि उद्योग/ब्यवसाय शिक्षा /स्वास्थ्य खेलकुद समाज फोटो

TRENDING ## प्रधानमन्त्री ##लुम्बिनी प्रदेश # # माधव नेपाल # पुष्पकमल दाहल # ## नेकपा एमाले #प्रधानमन्त्री

समाज

गृहपृष्ठ > समाज > बुटवलमा किसान संघ–संगठन तथा संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम

# बुटवलमा किसान संघ–संगठन तथा संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम

सेतोपाटी
नेपालको डिजिटल पत्रिका

## बजार अर्थतन्त्र

र, भदौ २३, २०७९ १३ : ४२ : ५२ युनिकोड EN English

राजनीति | समाज | विचार | बजार अर्थतन्त्र | नेपाली ब्रान्ड | कला | ब्लग | खेलकुद | साहित्यपाटी | घुमफिर | ग्लोबल

बैंक/बिमा/स्टक | पर्यटन | कृषि | श्रम/रोजगार | अटोमोबायल्स/यातायात | व्यवसाय | निर्माण सामग्री/घर आवास | अन्य | सूचना प्रविधि | फे
मग्री | स्वास्थ्य | किनमेल अनुभव | एड्भर्टोरियल

TVS कायापलट हरेक हप्ता 100% Cashback

# लुम्बिनीका किसान प्रतिनिधिलाई क्षमता अभिवृद्धि


kailashkhabar.com/?p=41651&fbclid=IwAR0n0794EV35a5k7u4P5eG43Pi9LOqrEDyj7iAliUnJ5tRTLK47lzfzPH3I

# नेपालमा कृषि बजारको समस्या समाधान गर्न राष्ट्रिय किसान आयोगले थाल्यो छलफल (भिडियोसहित)

असार १३, २०७९ | 287 Views | कैलाश फोकस, बागमती प्रदेश, समाचार | 36 Shares



# कार्यक्रमका मुख्य मुख्य झलकहरू




*राष्ट्रिय किसान आयोगको पाँचौ वार्षिक प्रतिवेदन माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूलाई पेश गरिएको*




*राष्ट्रिय किसान आयोगबाट लमजुङ्ग जिल्लामा गरिएको अनुगमन तथा अन्तरक्रिया।*




*राष्ट्रिय किसान आयोगका अध्यक्ष डा.प्रेम प्रसाद दंगालज्यूको नेतृत्वमा कैलाली जिल्लामा कृषि क्षेत्रमा संचालित परियोजनाहरूको अनुगमन*




*कपास खेती र कपास विकास समिति प्रधान कार्यालय खजुरा बाँकेको अनुगमन।*




*चितवन, तनहुँ र कास्की जिल्लाहरूमा कर्णाली र सुदुर पश्चिम प्रदेशका किसान संघ, संस्था सञ्जालहरू तथा पेशागत संघ संगठनहरूका प्रतिनिधिहरुको अन्तरप्रदेश भ्रमण*




*कैलाली जिल्लामा किसानहरूले माछाको भुराहरूमा भोगी रहेको समस्याहरू सम्बन्धमा अनुगमन तथा अन्तरक्रिया।*




बाँके र सुर्खेत जिल्लाहरूमा सन्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र कृषि क्षेत्र विकास कार्यक्रमको अनुगमन




धानमा बाला नलागेको समस्याका लागि राष्ट्रिय किसान आयोगको नेतृत्वमा नार्कका वैज्ञानिक सहितको टोलीबाट अनुगमन।




सुदुरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका केही जिल्लाहरूमा सरकारी तहबाट संचालित कृषि विकास कार्यक्रमहरूको अवलोकन/अनुगमन









*सिन्धुली जिल्लामा सञ्चालित कृषि विकास कार्यक्रमहरुको अनुगमन*




दक्षिणकाली नगरपालिका छैमलेमा नास्पातीमा फल नलाग्ने समस्याका लागि राष्ट्रिय किसान आयोगको नेतृत्वमा नार्कका वैज्ञानिक सहितको टोलीबाट अनुगमन





विश्व माटो दिवस २०७८ का झलकहरु




धान लगायत अन्य फलफूल र तरकारी लगायत विभिन्न कृषि जन्य उत्पादनको क्षेत्रमा बेमौसमी बर्षाले पुर्याएको नोक्सानी सम्बन्धमा माननीय मन्त्रीज्यूसँग छलफल





*प्रदेशस्तर किसान संघ/संगठन/संस्थाहरुको क्षमता अभिबृद्धि कार्यक्रम ।*




*केरा उत्पादक महासंघबाट राष्ट्रिय किसान आयोगमा केरा उत्पादनमा समस्या सम्बन्धी ज्ञापन पत्र बुझाइएको केही झलकहरु ।*





*कृषि तथा पशुपन्छी बीमा क्षेत्रसँग सम्बन्धित सरोकारवाला निकायहरुसँग बैठक तथा अन्तरक्रिया कार्यक्रम*